१६४. श्रीमती निकेतिका घिमिरे (बेलायत)
१६५. सुश्री निरुपा प्रसून
१६६. श्री निरोधराज पाण्डे
१६७. श्रीमती निहारिकालक्ष्मी शाही (जापान)
१६८. श्रीमती नीनू सत्याल
१६९. श्रीमती नीमा काफ्ले
१७०. श्री नीर शाह
१७१. श्रीमती पद्मावती सिंह
१७२. श्री पवनकुमार ओझा
१७३. श्रीमती पार्वता सिटौला उप्रेती (बेलायत)
१७४. श्रीमती पार्वती नेपाल
१७५. श्रीमती पुनम झा
१७६. श्री पुरुषोतम श्रेष्ठ
१७७. श्री पुष्प बरुवाल (नेदरल्यान्ड)
१७८. प्रा.डा.पुष्प शर्मा (भारत)
१७९. श्रीमती पुष्पा थापा
१८०. श्री पूर्ण बन्धन (डेनमार्क)
१८१. श्री पूर्ण लामा गोले
१८२. श्री पूर्णलाल श्रेष्ठ
१८३. श्री पूर्णिमा जी शाह (चीन)
१८४. श्री प्रकाश पौडेल माइला (जापान)

१८५. श्रीमती प्रतिभा पौडेल
१८६. श्री प्रदीप परियार थापा (अमेरिका)
१८७. श्री प्रद्युम्न जोशी
१८८. श्री प्रेम छोटा
१८९. श्री प्रेममान डङ्गोल
१९०. श्री प्रोसेस पाण्डे
१९१. श्री फूलमान बल
१९२. प्रा.बालकृष्ण भट्टराई
१९३. प्रा.डा.बालमानसिंह कार्की
१९४. श्रीमती बालिका गिरी
१९५. श्रीमती बिन्दु ढकाल
१९६. श्री बुद्धिसागर घिमिरे (न्युजिल्यान्ड)
१९७. श्री ब्रजेश खनाल
१९८. श्रीमती भगवती बस्नेत
१९९. सुश्री भद्रकुमारी घले
२००. श्री भरत जङ्गम
२०१. श्री भरतमणि सुवेदी
२०२. श्री भरतराज प्रसाई
२०३. श्री भवानी क्षत्री
२०४. श्रीमती भागीरथी श्रेष्ठ
२०५. श्री भाष्करराज राजकर्णिकार
२०६. श्री भीष्म प्रसाई
२०७. श्रीमती मञ्जु गुरुङ (द.कोरिया)
२०८. श्रीमती मञ्जु भण्डारी (बेलायत)
२०९. डा.मञ्जु मिश्र
२१०. डा.मणिन्द्ररञ्जन बराल
२११. प्रा.डा.मथुरा केसी
२१२. श्री मदनकृष्ण श्रेष्ठ

२१३. श्री मदनदास श्रेष्ठ
२१४. श्रीमती मन गहिरे
२१५. श्रीमती मनमाया सिटौला
२१६. श्री मनिराज जोशी
२१७. श्री मनीषा कोइराला
२१८. श्री मनु विश्वकर्मा
२१९. प्रा.डा.महादेव अवस्थी
२२०. श्री महेश थापा
२२१. श्री महेश सुवेदी
२२२. श्री माधव नेपाल
२२३. प्रा.डा.माधव भट्टराई
२२४. श्रीमती माया ठकुरी
२२५. श्रीमती मिथिला देवकोटा
२२६. श्रीमती मीना देवकोटा
२२७. श्री मुना श्रेष्ठ
२२८. श्री मृगनारायण महर्जन
२२९. श्री मेरिना स्मृति
२३०. डा.मोदनाथ प्रश्रित
२३१. श्री मोमिला
२३२. श्री मोहन आचार्य 'जलद' (बेलायत)
२३३. प्रा.मोहन सिटौला (अमेरिका)
२३४. श्री मोहनकृष्ण सापकोटा
२३५. प्रा.डा.मोहनप्रसाद लोहनी
२३६. श्री मोहराज शर्मा
२३७. श्री मौलश्री लिम्बू
२३८. डा.यञ्जन गैह्रे
२३९. श्रीमती यमु शर्मा सुब्बा (अमेरिका)
२४०. श्रीमती यमुना प्रधानाङ्ग

२४१. श्रीमती यशोदा अधिकारी
२४२. श्री यादव भट्टराई
२४३. सुश्री युकी कुँवर
२४४. श्री युवराज अधिकारी 'स्मरण'
२४५. श्री रचना सिंह
२४६. डा.रजनी ढकाल
२४७. सुश्री रञ्जना निरौला
२४८. श्रीमती रञ्जिता सिटौला (अमेरिका)
२४९. श्रीमती रत्नदेवी राणा
२५०. श्रीमती रमा पराजुली देवकोटा (स्विटजरल्यान्ड)
२५१. श्री रमा सिंह
२५२. डा.रवीन्द्र समीर
२५३. सुश्री रश्मि रिमाल
२५४. श्रीमती रश्मिला कवाङ (जर्मनी)
२५५. श्री राजन कार्की
२५६. डा.राजेन्द्र उप्रेती (बेलायत)
२५७. प्रा.डा.राजेन्द्र विमल
२५८. श्री राजेन्द्र सिग्देल
२५९. प्रा.डा.राज्यश्री श्रेष्ठ
२६०. श्रीमती राधिका गुरागाईं
२६१. श्री राधिका दासी
२६२. श्रीमती राधिका दाहाल
२६३. श्री राधेश्याम भट्टराई
२६४. श्री रामचन्द्र घिमिरे
२६५. श्री रामचन्द्र तिमोथी
२६६. प्रा.डा.रामप्रसाद उप्रेती
२६७. डा.रामप्रसाद पोखरेल
२६८. डा.रामभक्त ठाकुर

२६९. श्री राहुल प्रसाई (अमेरिका)
२७०. श्रीमती रुकु कार्की
२७१. श्री रुद्र चुडाल (अस्ट्रिया)
२७२. श्री रुमु न्यौपाने
२७३. श्रीमती रूपा प्रसाई
२७४. श्रीमती रूपा सरोद न्यौपाने
२७५. श्रीमती रेखा खत्री
२७६. सुश्री रेवती महर्जन
२७७. श्री रेणुप्रसाद पाण्डे
२७८. प्रा.डा.लक्ष्मणप्रसाद गौतम
२७९. श्रीमती लक्ष्मी उप्रेती
२८०. श्रीमती लक्ष्मी उप्रेती 'वनिता'
२८१. श्रीमती लक्ष्मीअप्सरा पाण्डे
२८२. श्रीमती लक्ष्मीकुमारी घिमिरे
२८३. श्रीमती लक्ष्मीदेवी राजभण्डारी
२८४. श्रीमती ललिता 'दोषी'
२८५. श्री लवप्रसाद भण्डारी
२८६. श्री लालगोपाल सुवेदी (अमेरिका)
२८७. श्री लालीकुमार श्रेष्ठ
२८८. श्रीमती लीला जोसेफ
२८९. श्रीमती लीला राना
२९०. सुश्री लुँस्वां मानन्धर
२९१. श्री वसन्त राय क्षत्री
२९२. श्री वसन्तकुमार चौधरी
२९३. श्रीमती वसुधा पोखरेल
२९४. महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी
२९५. श्री विक्रम शिवभक्ति
२९६. श्री विजय हितान (बेलायत)

२९७. श्री विज्ञान प्रसाई
२९८. श्री विनम पोखरेल
२९९. श्री विनोद गौतम
३००. श्री विनोद स्पन्दन (पोर्चुगल)
३०१. श्रीमती विमला कोइराला
३०२. श्रीमती विमला तुम्खेवा
३०३. श्री विवश पोखरेल
३०४. श्री विश्ववल्लभ
३०५. श्री विश्वासदीप तेगेला (बेलायत)
३०६. डा.विष्णु केसी
३०७. श्री विष्णु पन्थी (म्यानमार)
३०८. श्री विष्णुभक्त प्रसाई
३०९. डा.विष्णुमाया परियार (अमेरिका)
३१०. श्रीमती विष्णुमाया विभू (नर्वे)
३११. प्रा.डा.वीणा पौडेल
३१२. श्री वीणा सिङ्ना
३१३. श्री वेञ्जामिन आइसेक (भारत)
३१४. ई.शङ्कर गिरी
३१५. ई.शङ्करनाथ रिमाल
३१६. प्रा.डा.शशि शर्मा
३१७. सुश्री शशिकला तिवारी
३१८. सुश्री शशिकला मानन्धर
३१९. श्रीमती शान्ति राई
३२०. श्रीमती शान्ति रिसाल
३२१. डा.शान्तिमाया गिरी
३२२. श्रीमती शीला पन्त
३२३. श्री शेषराज सिवाकोटी
३२४. डा.शैलेन्दुप्रकाश नेपाल

३२५. श्रीमती शोभा खतिवडा काफ्ले
३२६. श्री श्रीओम श्रेष्ठ 'रोदन'
३२७. सुश्री श्रीना न्यौपाने
३२८. सुश्री श्रेष्ठ प्रिया पत्थर
३२९. श्रीमती सकुन ज्ञवाली (अमेरिका)
३३०. डा.सञ्जय पोखरेल
३३१. प्रा.डा.सञ्जय बान्तवा राई (भारत)
३३२. श्रीमती सञ्जु बजगाईं (बेलायत)
३३३. शताब्दी पुरुष डा.सत्यमोहन जोशी
३३४. श्री सनत रेग्मी
३३५. श्री सन्तु श्रेष्ठ
३३६. श्री सन्तोष देवकोटा
३३७. श्री सन्तोष शर्मा
३३८. सुश्री सन्ध्या खत्री
३३९. श्रीमती सन्ध्या पहाडी
३४०. श्रीमती सम्झना थापा घिमिरे (अमेरिका)
३४१. श्री सफलता श्रेष्ठ
३४२. श्री समीर डङ्गोल
३४३. श्री समीर मानन्धर
३४४. श्रीमती सरस्वती शर्मा 'जिज्ञासु'
३४५. श्रीमती सरस्वती जोशी
३४६. श्रीमती सरस्वती श्रेष्ठ 'सरु'
३४७. श्रीमती सरिता पाठक (अमेरिका)
३४८. श्रीमती सलोमी लेप्चा तिमोथी
३४९. श्रीमती सविता श्रेष्ठ 'बेहोसी'
३५०. श्रीमती सबिना कुँवर
३५१. सुश्री सविना नकर्मी
३५२. श्रीमती सामु उप्रेती (अस्ट्रेलिया)

३५३. प्रा.डा.सावित्री श्रेष्ठ
३५४. श्रीमती सिन्धुराज्यलक्ष्मी राणा
३५५. डा.सिर्जना शर्मा उप्रेती
३५६. सुश्री सिर्जना शर्मा
३५७. सुश्री सिविरा लामा
३५८. श्रीमती सीता बराल (पोर्चुगल)
३५९. श्रीमती सीमा रोशी (अस्ट्रेलिया)
३६०. श्रीमती सुजाता बस्नेत केसी (अस्ट्रेलिया)
३६१. डा.सुधा श्रेष्ठ (बेलायत)
३६२. श्रीमती सुनिता कार्की
३६३. श्रीमती सुनिता राई (इजरायल)
३६४. श्री सुनील कोइराला
३६५. श्री सुनील सङ्गम (पोर्चुगल)
३६६. सुश्री सुप्रिया विष्ट
३६७. श्री सुमन कार्की
३६८. प्रा.डा.सुमन ढकाल
३६९. श्रीमती सुमन वर्षा
३७०. श्रीमती सुमन शर्मा (अमेरिका)
३७१. श्रीमती सुमना घिमिरे (बेलायत)
३७२. श्रीमती सुमित्रा पाठक (साइप्रस)
३७३. श्रीमती सुमी चौधरी
३७४. श्री सुरबहादुर श्रेष्ठ
३७५. श्री सुरेन उप्रेती (क्यानाडा)
३७६. श्री सुरेन्द्र भट्टराई
३७७. मा.सुरेन्द्रराज गोसाईं
३७८. श्री सुरेशजङ्ग शाह (बेलायत)
३७९. श्री सुविन रिमाल
३८०. श्री सुशील घिमिरे
३८१. श्रीमती सुशीला तामाङ

३८२. श्रीमती सुशीला दली
३८३. श्रीमती सुषमा केसी श्रेष्ठ
३८४. श्रीमती सुषमा कोइराला
३८५. श्री सृजन लम्साल
३८६. सुश्री सोइना दाहाल
३८७. श्री सोफी सुनुवार
३८८. प्रा.सोमनाथ घिमिरे
३८९. प्रा.डा.सोमप्रसाद खतिवडा
३९०. श्रीमती सोमादेवी घिमिरे (बेलायत)
३९१. डा.सोहन घिमिरे (बेलायत)
३९२. श्री सौगात गौतम
३९३. श्रीमती स्मृति अधिकारी
३९४. श्री हरि ओडारी
३९५. श्री हरि रानामगर
३९६. डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'
३९७. श्री हरिवंश आचार्य
३९८. श्री हरिसिंह थापा (बेलायत)
३९९. श्री हरिहर विरही
४००. श्री हिक्मत थापा (अफ्रिका)
४०१. डा.हिमांशुप्रसाद नेपाल
४०२. श्रीमती हिरण्यकुमारी पाठक
४०३. श्री हिरण्यलाल श्रेष्ठ
४०४. श्री हेम पाठक (अमेरिका)
४०५. श्री हेम सुवेदी
४०६. श्री हेमन्त परदेशी (कतार)
४०७. श्रीमती हेमन्ती जोशी
४०८. डा.हेमराज कोइराला
४०९. श्रीमती हेमा मानन्धर
४१०. डा.ज्ञानेन्द्रचन्द्र श्रेष्ठ

# नइ कीर्ति रत्न

नइ प्रकाशनको कीर्ति, गरिमा र महिमाको अभिवृद्धिका लागि विशिष्ट योगदान पुऱ्याएबापत देशदेशान्तरका निम्न लिखित स्रष्टाहरूलाई २०८० साल वैशाख ३० गते 'नइ कीर्ति रत्न' अलङ्कार अर्पण गरियो–

१. श्री अणुराज जोशी
२. सुश्री अप्सरा दाहाल (भारत)
३. श्रीमती अप्सरा पुडासैनी
४. श्री अमरकुमार प्रधान
५. डा.अम्बिका अर्याल
६. श्री अशेष मल्ल
७. श्री आयुष्मान शाक्य 'सम्मान'
८. श्री आरपी गाउँले
९. श्रीमती इन्दिरा दीक्षित
१०. श्रीमती ईशा शाह
११. श्रीमती ईश्वरी गौतम
१२. श्री उत्तम भेटुवाल
१३. श्री उदय निरौला
१४. श्री उपेन्द्र सुवेदी
१५. श्रीमती उमा कार्की (अस्ट्रेलिया)
१६. प्रा.डा.उषा ठाकुर

१७. प्रा.डा.ऋषिराम शर्मा
१८. श्रीमती ओमकुमारी बन्जारा रानाभाट
१९. श्री ओमप्रकाश अधिकारी
२०. श्री कन्चन पुडासैनी
२१. श्री कमल रिजाल
२२. श्रीमती कल्पना आङबुहाङ (बेलायत)
२३. श्रीमती कल्पना खरेल
२४. श्री कालीप्रसाद रिजाल
२५. श्री किरण आचार्य
२६. श्री कुसुम गौतम (म्यानमार)
२७. डा.कुसुमाकर शर्मा गौतम (क्यानडा)
२८. श्री कृष्ण बजगाईं (बेलायत)
२९. श्री केदार शाक्य
३०. प्रा.केशव सुवेदी
३१. श्री कोमल मल्ल (बेलायत)
३२. श्री खगेन्द्र गिरी कोपिला
३३. श्री खगेन्द्रराज सिटौला
३४. श्रीमती गङ्गा कर्माचार्य पौडेल
३५. श्रीमती गङ्गा लिगल
३६. श्रीमती गायत्री घर्तीमगर
३७. श्रीमती गायत्री चापागाईं
३८. श्रीमती गायत्री श्रेष्ठ
३९. प्रा.डा.गार्गी शर्मा
४०. श्री गिरिराज आचार्य
४१. श्रीमती गीता आचार्य
४२. श्रीमती गीता खत्री (अमेरिका)
४३. श्रीमती गीता निरौला भण्डारी
४४. श्री गेहेन्द्रमान अमात्य

४५. श्री गोपाल झा
४६. श्री गोपाल पराजुली
४७. श्री गोपालप्रसाद थपलिया
४८. श्री गोपीकृष्ण प्रसाई
४९. श्री गोविन्द गिरी प्रेरणा (अमेरिका)
५०. श्री गोविन्दराज विनोदी
५१. श्रीमती चित्रा पौडयाल
५२. श्री छविरमण सिलवाल
५३. श्री छवि वैरागी घिमिरे
५४. डा.जगमान गुरुङ
५५. डा.जयन्ती रूपाखेती पौडेल
५६. श्री जाकिर हुसैन जैकी मोजाहु
५७. श्री जेबी खत्री
५८. श्रीमती ज्ञानु अधिकारी
५९. श्री टङ्कबहादुर आलेमगर
६०. श्री टेकनारायण रिमाल कौशिक (म्यानमार)
६१. श्री ठाकुर शर्मा भण्डारी
६२. प्रा.डा.डिल्लीराज शर्मा
६३. श्री डीआर राई
६४. श्री तारानाथ दाहाल
६५. श्री ताराप्रसाद चापागाईं (युएई)
६६. डा.तुलसी भट्टराई
६७. श्री त्रिभुवनचन्द्र वाग्ले
६८. श्री दीनानाथ शर्मा
६९. श्री दीपेन्द्र केसी (बेल्जियम)
७०. श्री दीप्स शाह
७१. श्रीमती दुर्गा पौडयाल
७२. सुश्री दुर्गा वनवासी

७३. श्री देवराज कार्की मिलन
७४. डा.देवीप्रसाद सुवेदी
७५. श्री धनकुटे कान्छा
७६. श्री धनराज गिरी
७७. श्री नगेन्द्र न्यौपाने (अमेरिका)
७८. श्री नवराज पहाडी
७९. श्री नारा जोशी
८०. श्रीमती निर्मला कोइराला
८१. श्री पवन आलोक
८२. श्रीमती पार्वती शर्मा
८३. श्री पिङ्की गुरुङ
८४. सुश्री पिमला न्यौपाने
८५. प्रा.पुरुषोत्तम दाहाल
८६. श्रीमती प्रभा बराल
८७. श्री प्रमोद प्रधान
८८. श्री प्रमोद सारङ्ग (द.कोरिया)
८९. श्रीमती प्रीति आत्रेय ज्ञवाली (कम्बोडिया)
९०. प्रा.डा.प्रेम खत्री
९१. श्री प्रेमप्रकाश फलाहारी
९२. श्री प्रेममान डङ्गोल
९३. श्री प्रेमविनोद नन्दन
९४. डा.बमबहादुर थापा जिताली
९५. श्रीमती बालिका गिरी
९६. श्रीमती बिन्दु अधिकारी ढकाल
९७. श्रीमती भगवती बस्नेत
९८. सुश्री भद्रकुमारी घले
९९. श्री भरत जङ्गम
१००. श्रीमती भवानी खतिवडा

१०१. श्रीमती भागीरथी श्रेष्ठ
१०२. श्री भानुप्रकाश जोशी
१०३. श्रीमती मञ्जुश्री गिरी
१०४. नाटचभूषण श्री मदनदास श्रेष्ठ
१०५. श्री मधुसूदनप्रसाद घिमिरे
१०६. श्री मन गहिरे
१०७. श्री मनिराज जोशी
१०८. प्रा.डा.महादेव अवस्थी
१०९. श्री महेश सुवेदी
११०. डा.महेश्वर शर्मा
१११. श्री माधव वियोगी
११२. श्रीमती मायादेवी शर्मा
११३. प्रा.मुकुन्दशरण उपाध्याय
११४. श्री मुकुन्द शर्मा चालिसे
११५. श्री मुना श्रेष्ठ
११६. डा.मोदनाथ प्रश्रित
११७. श्री मोहन आचार्य 'जलद' (बेलायत)
११८. श्री मोहन दुवाल
११९. प्रा.डा.मोहन लोहनी
१२०. श्री मोहनराज खनाल (म्यानमार)
१२१. प्रा.मोहन सिटौला (अमेरिका)
१२२. श्रीमती यमुना प्रधानाङ्ग 'मुना'
१२३. श्रीमती यशोदा अधिकारी
१२४. श्री यादव भट्टराई
१२५. श्री युवराज घिमिरे
१२६. श्री युवराज नयाँघरे
१२७. श्रीमती रम्भा पौडेल
१२८. श्रीमती रश्मि मैनाली (अमेरिका)

१२९. सुश्री रश्मि रिमाल
१३०. डा.राजकिशोर सिंह
१३१. ई.डा.राजेन्द्र पौडेल
१३२. श्रीमती राधिका दाहाल
१३३. प्रा.रामकुमार पाँडे
१३४. श्री रामनारायण देव
१३५. प्रा.डा.रामप्रसाद उप्रेती
१३६. डा.रामप्रसाद दाहाल
१३७. डा.रामभक्त ठाकुर
१३८. श्रीमती रुकु कार्की
१३९. श्रीमती रूपा न्यौपाने
१४०. श्रीमती रूपा रिसाल चालिसे
१४१. श्रीमती रेशु गौतमाचार्य
१४२. प्रा.डा.लक्ष्मणप्रसाद गौतम
१४३. श्रीमती लक्ष्मीअप्सरा पाण्डे
१४४. श्रीमती ललिता 'दोषी'
१४५. श्री लवप्रसाद भण्डारी
१४६. डा.लेखप्रसाद निरौला
१४७. श्री वासुदेव अधिकारी
१४८. महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी
१४९. श्री विजयरत्न तुलाधर
१५०. श्री विजय हितान (बेलायत)
१५१. प्रा.डा.विजया पन्त
१५२. श्री विनोद खनाल
१५३. श्री विमल गिरी (बेल्जियम)
१५४. श्री विश्वासदीप तिगेला (बेलायत)
१५५. श्रीमती विष्णुमाया विभू (नर्वे)
१५६. प्रा.डा.वीणा पौडचाल

१५७. डा.वीणा हाङ्गखिम (भारत)
१५८. श्री वैरागी काइँला
१५९. श्रीमती शर्मिला खड्का दाहाल
१६०. सुश्री शशिकला मानन्धर
१६१. श्रीमती शान्ति अधिकारी
१६२. श्रीमती शान्तिकुमारी राई
१६३. श्रीमती शान्ति शर्मा
१६४. डा.शालिकराम पौडचाल
१६५. श्रीमती शिला पन्त
१६६. प्रा.शिवगोपाल रिसाल
१६७. श्री शेषमणि आचार्य
१६८. डा.शैलेन्दुप्रकाश नेपाल
१६९. श्रीमती शोभा काफ्ले खतिवडा
१७०. शताब्दी पुरुष सत्यमोहन जोशी (मरणोपरान्त)
१७१. सुश्री सन्तु श्रेष्ठ
१७२. श्रीमती समिना खनाल 'पृथा'
१७३. श्रीमती सम्झना काफ्ले (अमेरिका)
१७४. श्रीमती सरस्वती श्रेष्ठ 'सरु'
१७५. श्रीमती सरिता पराजुली
१७६. श्रीमती सबिता श्रेष्ठ 'बेहोसी'
१७७. डा.साधना पन्त प्रतीक्षा
१७८. श्रीमती सामु उप्रेती (अस्ट्रेलिया)
१७९. प्रा.डा.सावित्री कक्षपती
१८०. प्रा.डा.सावित्री श्रेष्ठ
१८१. श्रीमती सिन्धु गौतम
१८२. सुश्री सिर्जना शर्मा
१८३. श्रीमती सीता विष्ट कार्की सीविका
१८४. श्रीमती सीमा रोशी (अस्ट्रेलिया)

१८५. श्रीमती सुनिता राई कन्दङ्वा (इजरायल)
१८६. श्रीमती सुनीता कार्की
१८७. श्रीमती सुभद्रा भट्टराई
१८८. प्रा.डा.सुमन ढकाल
१८९. डा.सुमनकुमार रेग्मी
१९०. श्री सुमन शर्मा (अमेरिका)
१९१. श्री सुरेन उप्रेती (क्यानडा)
१९२. प्रा.डा.सुरेन्द्र केसी
१९३. श्री सुरेशजङ्ग शाह (बेलायत)
१९४. श्रीमती सुशीला तामाङ
१९५. श्री स्पन्दन विनोद (पोर्चुगल)
१९६. डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'
१९७. श्री हरिप्रसाद बराल
१९८. श्री हरिसिंह थापा (बेलायत)
१९९. श्री हरिहर विरही
२००. श्रीमती हिरण्यकुमारी पाठक
२०१. श्रीमती हेमा मानन्धर

# नइ उपकार कोष

नइ प्रकाशनले विविध सामाजिक कल्याणका कामहरू पनि गर्दै आएको छ । यसै परिप्रेक्ष्यमा यस संस्थाले आर्थिक रूपमा कमजोर साहित्यकारको स्वास्थ्य उपचार, कृति प्रकाशन र अन्य सहयोगसमेतका लागि 'नइ उपकार कोष'को स्थापना गरेको छ । 'नइ उपकार कोष'को अक्षयकोष स्थापनाका सहभागी सबै दाताप्रति नइ प्रकाशन कृतज्ञ छ । 'नइ उपकार कोष'मा अक्षय कोषको संरचना यसरी भएको छ–

(१) श्री नइ प्रकाशन– सात लाख पच्चिस हजार रुपियाँ,
(२) श्री जर्ज जोसेफ र श्रीमती लीला जोसेफ– दुई लाख रुपियाँ,
(३) स्रष्टा श्रीमती उन्नति बोहरा 'शीला'– एक लाख पचास हजार रुपियाँ,
(४) स्रष्टा प्रा.डा.उषा ठाकुर– एक लाख रुपियाँ,
(५) डा.कपिलदेव उपाध्याय– एक लाख रुपियाँ,
(६) स्रष्टा श्रीमती उषा शेरचन– पचास हजार रुपियाँ ,
(७) स्रष्टा श्री हरिसिंह थापा– पचास हजार रुपियाँ,
(८) श्री आरडी प्रभास चटौत तथा श्रीमती राज्यलक्ष्मी चटौत, श्रीमती गायत्री घर्तीमगर, श्री गोपीकृष्ण प्रसाई, श्रीमती दुर्गादिवी नेपाल, श्रीमती राधिका दाहाल, डा.रामभक्त ठाकुर, श्रीमती शीला पन्त र डा.हरिप्रसाद पोखरेल 'मानसाग्नि'– जनही दस हजार रुपियाँ ।

# नइ प्रकाशनका पूर्व विशेष कार्य

नइ प्रकाशनले पूर्व निश्चित गरिएका कार्यक्रमहरूका साथसाथै बेलाबखतमा आवश्यकताअनुरूप केही विशेष कार्य पनि सम्पादन गर्दै आएको छ । राष्ट्रमा हुन नसकेका तर हुनैपर्ने यस्ता विशेष कार्य अन्तर्गत नइ प्रकाशनद्वारा सम्पादन गरिएका त्यस्ता कार्यहरू समाज र राष्ट्रका लागि नै उल्लेखनीय, उदाहरणीय र प्रेरणादायी हुन सकून् भन्ने लक्ष्य नइ प्रकाशनले लिएको छ ।

नइ प्रकाशनले स्थापनाकालदेखि नै आफ्नो कार्यशैली प्रस्तुत गर्दै आएको छ । यस संस्थाले आफ्ना योजना, नीति र कार्यक्रमलाई गतिशील बनाउने प्रयास गर्दै आएको छ । नइ प्रकाशनको नीति तथा योजनाको आदर्शअनुसार यस संस्थाले निम्नलिखित कृत्य सम्पन्न गरिसकेको छ :

## क. उपाधि

(१) **राष्ट्रकविको उपाधि** : नइ प्रकाशनको परिकल्पना, माग, सिफारिस र पहलमा राज्यबाट २०६० साल असोज ८ गते श्री माधवप्रसाद घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि प्रदान गरिएको थियो ।

(२) **नेपाली साहित्यका विश्व नारी रत्नको उपाधि** : नइको परिकल्पना र संयोजनमा डा.वानीरा गिरीलाई त्रिमूर्ति निकेतनद्वारा गठित 'विश्व नारी नेपाली साहित्य सम्मेलन'बाट २०७१ साल जेठ १६ गते प्रधानमन्त्री श्री सुशील कोइरालाद्वारा रथारोहण र पाँच लाख रुपियाँ राशिका साथ 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधिले विभूषित गरिएको थियो ।

(३) **शताब्दी पुरुषको उपाधि** : नइको परिकल्पना र संयोजनमा त्रिमूर्ति निकेतनले डा.सत्यमोहन जोशीलाई २०७१ साल मङ्सिर १५ गते पाँच लाख रुपियाँ राशिका साथ 'शताब्दी पुरुष'को उपाधिले विभूषित गरेको थियो । साथै नइ प्रकाशन र त्रिमूर्ति निकेतनकै माग, सिफारिस र पहलमा नेपाल सरकारबाट २०७४ साल वैशाख २१ गते डा.जोशीलाई 'वाङ्मय शताब्दी पुरुष'को उपाधि प्रदान गरिएको थियो ।

(४) **महासमालोचकको उपाधि** : नइ प्रकाशनले आफ्नो रजत महोत्सवका अवसरमा २०७८ साल असोज ९ गते प्रा.डा.वासुदेव त्रिपाठीलाई 'महासमालोचक'को उपाधिसहित पाँच लाख रुपियाँ राशिका साथ 'नइ रजत महोत्सव पुरस्कार'ले विभूषित गरियो ।

## ख. पुरस्कार, सम्मान र अभिनन्दन

नइ प्रकाशनले राष्ट्र र समाजमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तित्वलाई विगतका विभिन्न समयमा विविध पुरस्कार, सम्मान तथा अभिनन्दन समर्पण गर्दै आएको छ :

**नइ सुर पुरस्कार**

१. स्वर सम्राज्ञी श्रीमती तारादेवी (२०५६)
२. सङ्गीत शिरोभूषण श्री नातिकाजी (२०५७)
३. जनराष्ट्रकवि श्री ईश्वरवल्लभ (२०५८)

**नइ माधव घिमिरे पुरस्कार**

१. श्री नीरशमशेर (२०५८)
२. श्री किरण खरेल (२०५९)

**नइ नातिकाजी पुरस्कार**

१. श्री पन्नाकाजी (२०५८)
२. श्री कल्याण रिमाल (२०५९)

**नइ तारादेवी पुरस्कार**

१. श्रीमती बिजू रिमाल (२०५८)
२. श्रीमती नूपुर भट्टाचार्य (२०५९)

**नइ कलानिधि पुरस्कार**

१. श्री कृष्णहरि बराल (२०५५)
२. श्री प्रकाश श्रेष्ठ (२०५५)
३. श्री शम्भुजित बाँसकोटा (२०५५)
४. श्री राम थापा (२०५६)
५. श्री मधु क्षेत्री (२०५७)
६. श्रीमती तीर्थकुमारी (२०५८)
७. श्री गणेश पराजुली (२०५९)
८. श्रीमती यशोदा पराजुली (२०५९)

**नइ शिखा सुर पुरस्कार** (२०५७ : सङ्गीतकर्मीहरू)

१. श्री रत्नबहादुर
२. सुश्री दिलमाया खाती
३. श्री प्रकाश श्रेष्ठ
४. श्री रविन शर्मा
५. श्री शिलाबहादुर मोक्तान
६. श्रीमती सपनाश्री
७. श्रीमती लासिमित राई
८. श्री रामकृष्ण ढकाल
९. श्री उदय सोताङ
१०. श्रीमती मनिला सोताङ
११. श्रीमती शर्मिला बर्देवा
१२. श्री मनोज सेवा

**नइ इरा पुरस्कार** (२०६४)

१. श्री इन्द्र खत्री

**नइ सुर बाल पुरस्कार** (२०६०)

१. श्री प्रवेश पौडेल

**अभिनन्दन**

१. श्रीमती तारादेवी (२०५५)
२. श्री नातिकाजी (२०५६)
३. श्री मनुजबाबु मिश्र (२०५८)
४. श्री कमल दीक्षित (२०५९)
५. श्री ईश्वरवल्लभ (२०६०)
६. श्री खनूप्रुदे 'रामबाबू' (२०६६)

**नइ अरनिको सम्मान** (२०६२)

१. श्री मनुजबाबु मिश्र
२. श्री पूर्ण वनेम

## ग. त्रिमूर्ति निकेतनको निर्माण

नइ प्रकाशनको संयोजनमा काठमाडौँको सञ्चारग्राममा २०६१ साल भदौ ११ गते त्रिमूर्ति (कविशिरोमणि लेखनाथ पौड्याल, नाट्यसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटा) को पूर्ण कदको सालिकको स्थापना र त्रिमूर्ति निकेतनको निर्माण गरिएको थियो ।

## घ. अरनिकोको सालिक

नइ प्रकाशनद्वारा २०६२ साल मङ्सिर २० गते बौद्ध हर्मिताजस्थित श्री मनुजबाबु मिश्रको घरपरिसरमा अरनिकोको सालिक स्थापना गरी अनावरण गरिएको थियो ।

## ङ. प्राज्ञको आजीवन सदस्यता पुनर्बहाली

गणतन्त्र नेपालको आगमनसँगै नेपाल प्रज्ञाप्रतिष्ठानको ऐन परिवर्तन भई प्रतिष्ठानका आजीवन सदस्यको पद र भत्ता खारेजीमा पऱ्यो । नइ प्रकाशनको निवेदन, पहल र सक्रियतामा नेपाल मजदुर किसान पार्टीले व्यवस्थापिका संसद्मा पहल गरी प्रतिष्ठानको ऐन सुधारेर आजीवन सदस्यको पद र भत्ताको पुनर्जन्म गरायो ।

# नइ प्रकाशनबाट पुरस्कृत प्राज्ञका भाषण
**(२०७४ सालअघिका भाषण यहाँ समाविष्ट छैनन् ।)**

नइ प्रकाशनको स्थापनाकालदेखि नै आयोजित विविध समारोहहरूमा पुस्कृतहरूबाट पनि मौखिक भाषण नै मात्र हुने गरेको थियो । यसै कारण भाषणहरूको अभिलेख गर्नबाट संस्था वञ्चित भएको थियो । कतिकति वाङ्मयिक भाषणरूपी रचनाहरूले पनि अभिलेखित नै हुन पाएका थिएनन् । दुई दशकसम्मका महत्त्वपूर्ण भाषणहरू त्यसै बिलाएर नै गएका थिए । त्यस्ता अमूल्य भाषणहरूको अभिलेख राख्ने सुन्दर अभिप्रायको नइ प्रकाशनले २०७४ सालदेखि आरम्भ गरेको हो । हरेक वर्ष पुरस्कृतमध्ये नेपालबाहिरबाट एक जना र नेपालभित्रबाट एक जना प्राज्ञहरूबाट लिखित भाषण गरिने प्रचलन हुँदै आएको र ती भाषणका बेहोरा यस प्रकार रहेका छन् :

**२०७४**

१. श्रीमती विन्द्या सुब्बा (भारत)

२. डा.मोदनाथ प्रश्रित

**२०७५**

१. प्रा.डा.मानफ्रेद गेर्हार्द थ्रोई (जर्मनी)

२. संस्कृत विद्याशिरोमणि प्रा.डा.वेणीमाधव ढकाल

**२०७६**

१. प्रा.डा.चूडामणि बन्धु

**२०७७–२०७८**

१. श्री दुर्गाप्रसाद श्रेष्ठ (भारत)

२. महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठी

**२०७९**

१. प्रा.मोहन सिटौला (अमेरिका)

२. प्रा.डा.दयाराम श्रेष्ठ

**२०८०**

१. श्री नव सापकोटा (भारत)

२. श्री श्रीओम श्रेष्ठ

## नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित श्रीमती विन्द्या सुब्बाको सम्बोधन

विविध विधागत हिसाबमा नइ प्रकाशन, काठमाडौँद्वारा विभिन्न तहका पुरस्कार अर्पण समारोहका सभाध्यक्ष महोदय, प्रमुख अतिथि, अतिथिगण तथा उपस्थित नेपाली भाषासाहित्यका साधकगण, स्रष्टागण, प्रेमीगण एवम् सम्पूर्ण साहित्यिक मित्रगण !

प्रथमत: नै यति उच्चकोटिको भाषासाहित्य सम्बन्धित कार्यक्रममा सहभागिता ग्रहण गर्न पाएकीमा आफूलाई धन्य ठानेकी कुरो जाहेर गर्दछु । कृतज्ञता जनाउँदछौँ नइ प्रकाशन र पुरस्कार चयन समितिप्रति, जसले मलाई योग्य ठानी 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार'का निम्ति चयन गरिदिए । यस प्रकारको उच्च मूल्याङ्कनद्वारा मलाई गौरवान्वित तुल्याइदिए । आफ्नो कर्मक्षेत्र, समर्पण क्षेत्र जुनसुकै पनि किन नहोस्, प्रत्येक मानिसको चाहना हुन्छ कि मैले गरेको काम मेरो वाङ्मयले बुझिदेवोस् जसद्वारा सकारात्मक प्रतिक्रिया, केही सराहना मिलोस् । कर्मक्षेत्रमा अऊ अघि बढ्दै जानका लागि यी हाम्रा प्रोत्साहन र ऊर्जाका स्रोतहरू हुन् । यस्तो चाहना मसँग छैन भन्नु अस्वाभाविक हुन जानेछ, अछुतो छैन म पनि; स्वीकार गर्दछु । तर आफूप्रतिको मेरो धारणा र सोचाइभन्दा अति ठूलो हो यो 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार' । आफूलाई यतिसम्म योग्य र सक्षम छु भनी सम्झेकी थिइनँ मैले । आफ्नै सन्तुष्टिका निम्ति होस्, नेपाली भाषासाहित्यको सेवाका निम्ति होस् या यस संसारमा मानिसको

रूपमा जन्म ग्रहण गरेपछि आफ्ना निम्ति मात्र होइन तर परार्थका निम्ति पनि केही काम गर्नुपर्छ भन्ने चेत पाएअनुसार होस्, जे गरेँ, गर्दै छु, सही काम गरेछु भन्ने बोध र बुझाइमा भावविभोर छु यतिखेर म । नइ प्रकाशनप्रति मेरो असीम आभारिता । आज सम्मानित हुनुहुने सम्पूर्ण स्रष्टागणमा, प्रतिभागणमा पनि ससम्मान बधाई प्रकट गर्न चाहन्छु ।

नेपाली भाषासाहित्यको श्रीवृद्धि, विस्तार र संवर्द्धनमा नइ प्रकाशनको योगदान अतुल्य छ । काठमाडौँ घट्टेकुलोस्थित प्रसाई निवास नइ प्रकाशन र त्रिमूर्ति निकेतनको मूल कार्यालय हो । अपरिमीत, उपादेयतामूलक परिकल्पना र योजनाहरू, भाषासाहित्यका समारोहहरू सम्पन्न गर्ने एक विशाल उद्योग केन्द्र, अनुसन्धान केन्द्र पनि हो नइनिवास । यतिका गुणात्मक र सङ्ख्यात्मक हिसाबमा अरू कसैबाट र कतैबाट पनि नेपाली भाषासाहित्यका निम्ति काम गरिनु असम्भव कुरो हो; तर नइ प्रकाशनबाट सम्भव भइरहेछ, जो देखेर वास्तवमा नै आश्चर्यचकित पनि छौँ हामी । आफ्ना वाङ्मयका उत्थान र विस्तारका लागि एक अद्भुत सङ्कल्प, उत्साह र दायित्वबोध छ नइ प्रकाशनसँग, नइदम्पतीसँग, जो स्तुत्य छ, नमनीय छ ।

नेपालभरिकै सेवाका निम्ति त हुँदै हो तर नेपाली भाषासाहित्यलाई विश्वव्यापी बनाउन, नेपाली भाषाको अन्र्राष्ट्रियकरण गर्न तथा विश्वभरिकै नेपाली स्रष्टाहरूको संवर्द्धन गर्नका लागि जति कामको विडो नइ प्रकाशनले उठाएको छ त्यस कर्म र योगदानलाई कम मूल्यमा आँक्न मिल्दैन । सन् २०१४ को मई महिनामा सम्पन्न विश्व नारी नेपाली साहित्य सम्मेलनको अवसरमा संसारभरिकै देशहरूबाट नारीस्रष्टाहरूले आफू बास गरिरहेका देशहरूका साहित्यिक दूतका रूपमा समारोहमा अंश ग्रहण गरेका थिए; जुन समारोह तीन दिनसम्म चलेको थियो । अति बृहत् रूपमा भेला भएका ती नारी

स्रष्टाहरूसँग त्यसै समारोहमा मेरो भेट भएको थियो । यसबाहेक अगावै सन् २००९ को मार्च महिनामा नइ प्रकाशनकै अग्रसरतामा त्रिमूर्ति निकेतनको तत्त्वावधानमा सम्पन्न 'देवकोटा शताब्दी महोत्सव' समारोहका अवसरमा पाँच दिनव्यापी अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलनमा प्राय: ३५ जना भारतीय नेपाली स्रष्टाहरूलाई समेत जनाइएको सम्मान भुल्न सकिन्न । देवकोटा शताब्दी महोत्सव, विश्व नारी नेपाली साहित्य सम्मेलन, यी दुई ऐतिहासिक साहित्य समारोहमा मलाई पनि अंश ग्रहण गर्ने सौभाग्य जुरेको थियो भन्न पाउँदा गर्व लागेको छ मलाई ।

हालसाल भारतीय नेपाली साहित्यको गतिविधि पनि निकै सक्रिय छ । विधागत हिसाबले पनि असङ्ख्य र गुणस्तर सम्पन्न पुस्तकहरू प्रकाशित भइरहेछन् । कविता विधा निकै उचाइमा छ । नयाँ पिढीका स्रष्टाहरू अध्ययनशील, सृजनशील र समयसचेत छन् तथा लेखनमा निकै प्रयोग र आन्दोलनहरू पनि भित्र्याएका छन् । तर प्रकाशन, बिक्री, वितरणको दृष्टिकोणले सङ्घर्षमय पनि छ लेखकहरूका जीवन । एउटा अर्कै भाषा बोल्ने, हाम्रा निम्ति प्रतिकूल दृष्टिकोण र मानसिकता राखिदिने एउटा जाति र राज्यको अधीनमा भारतमा नेपाली जातिको मूलथलो, गढ भएको जिल्ला दार्जिलिङ तथा अन्य गोर्खाबहुल क्षेत्रमा परतन्त्र भई बसेर नेपाली भाषासाहित्यका लागि बृहत् सपना देख्ने, त्यसतर्फ कर्म र साधना गर्ने स्वप्नदर्शी हामी भारतीय नेपाली अझै पनि जातीय मुक्तिका निम्ति सङ्घर्षरत छौँ । आफ्नै लगानी र बलबुतामा पुस्तकहरू प्रकाशित गरिरहेछौँ । पाएजति, यतातिर आइपुगेजति पुस्तकहरू पढिदिनुहोला, यहाँहरूले त्यसप्रति आफ्ना मन्तव्य र प्रतिक्रियाहरू जाहेर गरिदिनुहोला । नेपालका पुस्तकहरू किन्न, खोज्न हामी काँकडभिट्टा, बिर्तामोडसम्म आइपुग्छौँ । दार्जिलिङ र त्यसपछि सिलगढीमा साझा प्रकाशनको पुस्तक पसल उठाएपछि सिलगढीमा नेपालबाट पुस्तकहरू ल्याउने

एउटै पुस्तक पसललाई आफूले चाहेका पुस्तकहरू झिकाइदिन अनुरोध गर्छौं । हाम्रा सृजनाहरूप्रति पनि यहाँहरूले यस्तै चाहना राखिदिनुभए हर्ष लाग्नेछ ।

सहुलियत र प्रेरणाका रूपमा भारत सरकारको साहित्य अकादमीले बर्सेनि मूल धाराको साहित्य अकादमी पुरस्कार, युवा पुरस्कार (४० वर्षदेखि तलका स्रष्टाहरूका निम्ति), अनुवाद पुरस्कार तथा बालसाहित्य पुरस्कार पनि प्रदान गरिन्छन् र यी विधाहरूसँग सम्बन्धित स्रष्टाहरू आफ्ना लेखनलाई लिएर उत्साहित भई उठेका छन् । यसबाहेक राज्य सरकारबाट खासै प्रकाशन सहुलियत, व्यवस्था, प्रोत्साहन र प्रेरणा छैन । क्षेत्रीय प्रशासनद्वारा दुईचार वर्षदेखि आरम्भ भएको पुरस्कार र सम्मानहरूको परम्पराले स्रष्टाहरूमा केही ऊर्जा थपिएको छ ।

अब आफ्नो बारेमा अलिकति भनूँ– सन् १९६७ (सं.२०२५) मा आफू सातौँ कक्षाकी विद्यार्थी छँदा, 'जीवनफूल'नामक एउटा छोटो कविता प्रकाशित भएथ्यो; मेरो जन्मथलो माइती गाउँ तीनधारे, दार्जिलिङबाट प्रकाशित 'सागर'नामक पत्रिकामा । मेरो लेखनयात्राको त्यस प्रारम्भिक बिन्दुलाई नै समाएर भन्ने हो भने ५० वर्षको कालखण्ड पूरा गर्दै छ मेरो लेखनले । त्यसपछि कथाहरूका पठन र लेखनप्रति रुचि बढेर गयो र प्रकाशनको हिसाबले मेरो प्रथम कथा 'जलन' काठमाडौँबाट नै 'दर्पण' पत्रिकामा प्रकाशित भएथ्यो; जुन बेला दसौँ कक्षा उक्लेकी विद्यार्थी थिएँ म । 'जीवनफूल'नामक त्यो कलिलो कविता होस् या 'जलन' शीर्षकको भावुक कथा, त्यो समयलाई समाएर भन्नुपर्दा पाँच दशकको मेरो लेखनयात्राले जीवनलाई नजिकबाट दर्शन गराइदियो मलाई, सूक्ष्मतम रूपमा जीवनलाई, जीवनहरूलाई आफ्नो अन्तरतममा अनुभव गराइदियो । कतिकति उकालीओह्रालीका सम्झनाहरू छन्, त्यस यात्राकालका । आफ्नो लेखनको 'स्वर्णजयन्ती' उत्सव मैले यो वर्षमा प्राय: तीनवटा कृतिहरूकै

लेखन र प्रकाशनद्वारा मनाउन चाहेकी छु, जो एउटा एकान्त खुसी हो मेरा निम्ति । मेरो पाँच दशकको यात्राको हिसाबकिताब साहित्य संसारसँग छ या छैन जान्दिनँ म, यसको हेक्कासमेत छ या छैन बेखबर छु आफैँ । तर अञ्जानैमा पाँच दशकको मेरो लेखनको स्वर्णजयन्ती उत्सव नइ प्रकाशनले यति ठूलो उपहार प्रदान गरी मनाइदिएको महसुस गरिरहेछु म । नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार वास्तवमा नै मेरो पाँच दशकको लेखनयात्राको एकमुष्ठ मूल्याङ्कन हो, जीवनकालीन पुरस्कार । धेरैधेरै धन्यवाद नइ प्रकाशनलाई । मलाई आशीर्वाद, शुभकामना र प्रेम दिने साराका सारा मेरा श्रद्धेय र प्रियहरूलाई र असीम आभारिता मेरा आराध्य ती अदृश्य सत्तालाई जसबाट सदा कर्मका निम्ति म शिक्षा र प्रेरणा ग्रहण गर्दछु ।

आफ्नो बारेमा म अरू के भनूँ ? यति लामो लेखनयात्रामा मैले नछोएको विधा हो– आत्मसंस्मरण, आत्मकथा । कथा, कविता, उपन्यास र लेखहरूमा मैले सम्पूर्ण इमानदारिता र पारदर्शिता निर्वाह गरे पनि आत्मकथा लेख्ने सन्दर्भमा म अझै द्विविधामा छु । यहाँहरूका झैँ मेरो जीवन पनि उज्यालो, अँध्यारो, आँसुहाँसो तथा उकालीओह्रालीले घेरिएको छ । ती सबै घामछायाहरू न म खुलेर बताउन सक्छु न विधागत धर्म र वैशिष्टचताको हिसाबले लुकाएर राख्न मिल्छ । नारीमुक्तिका यति धेरै वादविवाद, चर्चा, प्रयोग र आन्दोलन भइसकेर पनि पितृसत्तात्मक समाजको संस्कार मेरा रगत, अचेतन मन र शरीरका रोमरोममा छन्, अझसम्म जुन संस्कारले मलाई आज पनि त्यतिसम्म खुल्ने अनुमति नदिएको महसुस गर्दछु । मेरा सन्दर्भमा, नितान्त व्यक्तिगत हिसाबमा साँचो हो यो कुरो, यही मेरो आत्मस्वीकृति ! सचेत तथा साहस सम्पन्न हुने नारीहरू मभन्दा धेरै अघि पुगिसकेका छन् । म छु अझै पनि दोसाँधमा । तर 'निर्गमन' उपन्यासमा नारी सम्बन्धित एउटा व्यावहारिक साहस देखाएकी थिएँ मैले र भर्खरै उपन्यास 'सीमान्त'मा नारीलाई नै लिएर एउटा वैचारिक क्रान्ति उक्लेकी छु ।

बाँकी लेखन मेरो कर्म र प्रिय विषय, नेपाली वाङ्मयप्रति दायित्वबोध र सेवाका माध्यम मात्र होइन यो तर मेरो बचाइको परिभाषा हो । मेरो जिउने कला र उद्देश्य पनि हो र हो मेरा लागि कदाचित् ईश्वरकै कर्म । मबाट साहित्य सन्दर्भलाई झिकेर अलग राखिदिए फगत एक शून्य हुँ म, प्राय: जीवनहीन पनि । लेखन नै अब जीवन हो मेरो, जीवन जसलाई कस्तै परिस्थितिमा पनि स्याहारेँ, लेखनद्वारा नै सदैव यसलाई एउटा अर्थ दिने चेष्टा गरेँ । यति कुरा जाहेर गरेपछि साहित्यसेवाप्रति आफ्नो अरू कुनै प्रतिबद्धता बुझाउनु परेन, यस्तै लाग्छ मलाई । यहाँहरू सम्पूर्णलाई म औधी श्रद्धा गर्छु किनकि मेरो सृजनसंसारको परिधिभित्र हुनुहुन्छ यहाँहरू, मेरो नजिक मेरै सृजनावरिपरि हुनुहुन्छ । नइ प्रकाशन, काठमाडौँले मलाई यति उच्च सम्मान प्रदान गरेको गर्वित क्षणमा मेरा साथमा हुनुहुन्छ तथा मेरो लेखनयात्राको यो स्वर्णजयन्ती यहाँहरूसँग मिलेर सहर्ष यसरी मनाइरहेछु आज म ।

पुन: हृदय सम्पूर्णबाट धन्यवाद नइ प्रकाशनलाई, यस संस्थासँग सम्बद्ध महानुभावहरूलाई । मेरो आभार अभिनन्दन उपस्थित आत्मीय जन र प्रियहरूलाई । आजका सम्पूर्ण सम्मानित स्रष्टाहरूलाई । धन्यवाद !

१२ मई २०१७
काठमाडौँ, नेपाल

# नइ देरुनीख सुकीर्ति पुरस्कारबाट सम्मानित डा.मोदनाथ प्रश्रितको सम्बोधन

समारोहका अध्यक्षज्यू, 'वाङ्मय शताब्दी पुरुष' डा.सत्यमोहन जोशीज्यू, आज पुरस्कृत महानुभावहरू, उपस्थित महिला तथा सज्जनवृन्द !

सर्वप्रथम आज यहाँ उपस्थित सम्पूर्ण पुरस्कृतहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु । साथै 'वाङ्मय शताब्दी पुरुष' डा.सत्यमोहन जोशी आजदेखि ९८ वर्ष प्रवेश गर्नुभएको छ । उहाँको सुस्वास्थ्यका साथै सुखमय जीवनका लागि शुभकामना अभिव्यक्त गर्दछु । साथै नेपाल सरकारबाट उहाँलाई वाङ्मय शताब्दी पुरुषको उपाधि प्रदान गरेकोमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दछु ।

म जेलजीवनबाट बाहिरिएपछि धेरै साहित्यकारहरूसँगको सम्पर्कमा रहेँ । त्यही क्रममा साहित्यिक अभियन्ता नरेन्द्रराज प्रसाईको लेखनसँग पनि क्रमशः परिचित हुन थालेँ । खास गरेर त्यस बेलादेखि नै उनले लेख्ने गरेका समाजमा विशेष कर्म गरेर पनि अँध्यारामा रहेका मानिसहरूका जीवनीले मलाई निकै प्रभाव पार्दै आएको थियो । किनभने कथा, कविता लेख्नेहरूको त हाम्रो साहित्यमा बाहुल्य नै छ तर अरूको कथा अर्थात् जीवनी साहित्यले भने अझै मौलाउने अवसर पाएको छैन । यसै फाँटका कामहरूमा अविश्रान्त लेखक नरेन्द्र लागिपरेका छन्, जुन समग्र साहित्यिक संसारका लागि नै उपलब्धिको कुरा हो ।

समयको एउटा विशेष परिस्थितिले साहित्यका दुई प्रतिभालाई जोडिदियो र साहित्यको व्यापक विकास गर्ने 'नइ प्रकाशन' जन्म्यो । नइमा विषयवस्तुलाई टप्प टिपेर सहज रूपमा साहित्यिक फूलबारी सजाउने अद्‌भुत क्षमता छ । नरेन्द्र र इन्दिराको जोडाका कारण एक सबल संस्थाको स्थापना भयो र अन्तर्राष्ट्रिय स्तरको साहित्यिक संस्था सञ्चालन र लेखनमा समेत नइ प्रखर र निरन्तर हुन सकेको देखिन्छ ।

नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई दुवै जना सिर्जनात्मक रूपमा मात्र अग्रसर हुनुहुन्न; उहाँहरू संस्थागत रूपमा पनि त्यतिकै सक्रिय हुनुहुन्छ । नेपाली धरामा यसरी खटेर काम गर्ने मान्छे मैले विरलै देखेको छु । उहाँहरूद्वारा स्थापित 'नइ प्रकाशन' र 'त्रिमूर्ति निकेतन' आज देशको सामु थप ज्वलन्त उदाहरणका रूपमा देखा परेका छन् ।

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ सालमा 'नइ प्रकाशन'को स्थापना भएको हो । त्यसै गरेर २०५९ सालमा 'त्रिमूर्ति निकेतन'को संस्थागत आरम्भ भएको थियो । नेपाली भाषा संसारप्रतिको साधनाहेतु जन्मेका यी गैरराजनैतिक संस्था हुन् र यी दुवैले सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएका छन् । विभिन्न राजनीतिक विचारकहरू यी दुवै संस्थामा आबद्ध देखिन्छन् तर यी संस्थाका कार्यहरू विशुद्ध साहित्यमा नै केन्द्रित छन् ।

नेपाली साहित्यमा त्रिमूर्तिका रूपमा प्रतिष्ठित कविशिरोमणि लेखनाथ पौड्याल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका धातुमा कुँदिएका पूर्ण कदका सालिक निर्माण र प्रतिस्थापन गरी नइकै सक्रियता र नेतृत्वमा 'त्रिमूर्ति निकेतन' स्थापित भयो । साथै 'नइ प्रकाशन'को अहोरात्रको साहित्यिक तपस्याबाट प्रभावित आत्मिक कुबेरहरूबाट साहित्यिक पुरस्कारको व्यवस्थापनका अनुरोध पनि बढ्दै गयो ।

म पनि त्रिमूर्ति निकेतनका संस्थापकमध्येको एक हुँ । इन्दिरा प्रसाई निकेतनको अध्यक्ष भएपछि मैले एउटा प्रस्ताव राखेँ, 'तीन महान् पुरुष स्रष्टाको 'त्रिमूर्ति निकेतन' जस्तै विशिष्ट नारीस्रष्टाहरूको पनि त्रिमूर्ति सङ्गम बनाउन सके साहित्यिक क्षेत्रले नारीपुरुष समान मर्यादाको अनुभूति गर्नेछ ।' मेरो उक्त प्रस्तावलाई ध्यानमा राखी 'त्रिमूर्ति निकेतन'द्वारा मेरो कृति 'नारी, बन्धन र मुक्ति'मा उल्लिखित गोमा, प्रेमराजेश्वरी र पारिजात तीन नारीस्रष्टाको पूर्ण कदका मूर्ति कलाकार ओम खत्रीबाट बनिसकेका छन् । तिनलाई प्रतिष्ठापित गर्ने उपयुक्त स्थलको खोजी भइरहेका कारण अहिले पनि ती मूर्तिहरू कलाकार खत्रीकै कारखानामा उनकै जिम्मामा रहेका छन् । नारी र पुरुष स्रष्टाहरूलाई समान मर्यादा दिने यो कदम अत्यन्त स्वागतयोग्य कुरा हो ।

'महाकवि देवकोटा शताब्दी महोत्सव' त्रिमूर्ति निकेतनको अर्को विशेष कार्यक्रम हो । उक्त शताब्दी महोत्सवको अध्यक्षताको जिम्मेवारी मलाई मिलेको थियो । त्यो जिम्मेवारी मेरा निम्ति गौरवको विषय थियो । महोत्सवअन्तर्गत धेरै कार्यक्रमहरू सञ्चालन गर्दै जाँदा दुई वर्षसम्म विभिन्न कार्यक्रमहरूको आयोजना भएको थियो । अन्य कार्यक्रमका अतिरिक्त उक्त महोत्सवको समापनका अवसरमा शताब्दी पुरुष डा.सत्यमोहन जोशीको संयोजकत्वमा सञ्चालित पाँचदिने 'नेपाली भाषासाहित्यको प्रथम अन्तर्राष्ट्रिय सम्मेलन'को आयोजना विशेष रहेको थियो । तेह्र देशका प्रतिनिधि साहित्यकारद्वारा कार्यपत्र प्रस्तुत गरिएको सो सम्मेलनका अवसरमा विभिन्न देशका साधकहरूलाई सम्मान गरिएको थियो ।

देवकोटा महोत्सवजस्तै गरिमामय रूपमा सम्पन्न भएको त्रिमूर्ति निकेतनको अर्को महत्त्वपूर्ण आयोजना 'विश्व नारी नेपाली साहित्य सम्मेलन' थियो । त्रिमूर्ति निकेतनले नै मनाएको अर्को विशेष उत्सव 'सत्यमोहन जोशी शताब्दी महोत्सव' पनि नेपाली साहित्यमा महत्त्वपूर्ण

रूपले अङ्कित भइसकेको छ । कार्यहरूले नै व्यक्तिको पहिचान गर्छ भनेझैँ नेपाली साहित्यको पृष्ठभूमिमा नइ प्रकाशनको संयोजनमा त्रिमूर्ति निकेतनद्वारा सम्पादित विविध विशिष्ट कार्यहरूको महत्ता नेपाली साहित्यको इतिहासमा सुरक्षित भइसकेको विषय हो । साथै नइकै पहल र सक्रियतामा नेपाल सरकारले आदिकवि भानुभक्त आचार्य द्विशतवार्षिकी देशदेशान्तरमा भव्य रूपमा मनाएको प्रसङ्ग पनि नेपाली भाषासाहित्यको इतिहासमा सुरक्षित छँदै छ ।

महाकवि देवकोटा महोत्सवकै एउटा कार्यक्रमका रूपमा महाकवि देवकोटाको मुहार समाविष्ट चित्रकलाको देशव्यापी प्रतियोगितात्मक कार्यक्रम गरिएको सन्दर्भलाई भने यहाँनेरि मलाई फेरि सम्झन मन लागेको छ । उक्त कार्यक्रममा सहभागी कलाकारहरूका विविध चित्रकला प्रदर्शनी पनि गरिएको थियो । सो अवसरमा मैले पनि अप्रतियोगी रूपमा आफूद्वारा निर्माण गरिएको महाकविको एउटा चित्र प्रदर्शनीमा राखेर सहभागी भएको थिएँ । त्यस प्रदर्शनीमा मैले 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' शीर्षक अनुरूप महाकवि देवकोटा रकेटसहित चन्द्रमामा पुगेर हाँसेका, तल आर्यघाटमा उनको चिता जलिरहेको चित्र प्रस्तुत गरेको थिएँ । उक्त चित्रका बारे धेरै दर्शकहरूको रुचि देखेपछि मलाई पनि आफ्ना चित्रावली पुस्तकाकारमा प्रकाशित गर्ने रहर जागेको थियो । तर दुक्खको कुरा पञ्चायती निरङ्कुश व्यवस्थाले मलाई जेलमा जाकेपछि तत्कालीन प्रशासनले मेरा पुस्तकहरू लुट्ने क्रूर कर्मको अभियान थालेको थियो । त्यस बेला ती आततायीहरूले धेरै परिश्रमले बनाएका र विभिन्न ठाउँमा प्रदर्शन गरिएका मेरा चित्रहरू घरबाट लुटेर लगी जलाइदिनेसम्मका कुकर्म गरेका थिए । मेरो युवाकालका ती सिर्जनाहरूको हत्याले अहिलेसम्म पनि मेरो मन पोलिरहेको छ ।

पछिल्लो चरणमा मलाई पनि आफ्ना चित्रहरूको शृङ्खला प्रकाशित गर्ने रहर त बाँकी थियो । तर युवा उमेरमा जस्ता जीवन्त

चित्रहरू बनाउन नसके पनि केही बाँकीटाँकी पुराना र नयाँ चित्रहरूको चित्रावली मात्र प्रकाशित गर्न सकिन्थ्यो । नइ प्रकाशनले यसपालि मेरो चित्रावली प्रकाशन गरिदिएकोमा मेरो भत्केको सपना फेरि ब्यूँझेको छ । यसनिम्ति म नइ प्रकाशनप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस समारोहमा नेपाली साहित्य संसारमा नइले स्थापित गरेका केही विशिष्ट विषय सङ्क्षेपमा उल्लेख गर्नु मलाई सन्दर्भ लागेको छ । नइकै पहलमा राज्यले कविवर माधव घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि प्रदान गरेको थियो । सम्माननीय प्रधानमन्त्री सुशील कोइरालामार्फत डा.वानीरा गिरीलाई 'नेपाली साहित्यका विश्व नारी रत्न'को उपाधि नइले नै समर्पण गरेको थियो । त्यसै गरी नेपाली वाङ्मयका विशिष्ट व्यक्तित्व डा.सत्यमोहन जोशीलाई नइकै पहलमा राज्यले 'वाङ्मय शताब्दी पुरुष' उपाधि प्रदान गऱ्यो । नइले भाषासाहित्यको मात्र सेवा गरेको छैन; नइले गैरराजनीतिक चिन्तन र दूरदृष्टि राखेर अमर प्राज्ञहरूको पनि संरक्षणका लागि घरीघरी काम गरिरहेको छ ।

आजको यस महत्त्वपूर्ण समारोहमा जेजति स्रष्टाहरू सम्मानित एवम् पुरस्कृत हुनुभएको छ, सबैलाई हार्दिक बधाईका साथै सबै पुरस्कृतहरूका तर्फबाट संस्था र आयोजकहरूप्रति धन्यवाद ज्ञापन गर्दछु । आज यस पुरस्कारबापत प्राप्त रकम म मेरा पिता र पितामहका नाउँमा मैले स्थापना गरेको 'श्याम शोभा पुस्तकालय'को व्यवस्थापनमा सदुपयोग गर्ने वचनबद्धता प्रकट गर्दै बिदा हुन्छु । जय नेपाली साहित्य !

२०७४ साल वैशाख २९ गते

# नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित जर्मनीका प्रा.डा.मानफ्रेद गेर्हार्द श्रोईको सम्बोधन

आदरणीय सभापति, नइ प्रकाशनको अध्यक्ष इन्दिरा प्रसाईज्यू, प्रमुख अतिथि वाङ्मय शताब्दी पुरुष आदरणीय सत्यमोहन जोशीज्यू, साहित्यकार, प्राध्यापक, वैज्ञानिक, कलाकार, समाजसेवी, संवाददाता, उपस्थित आदरणीय महिला तथा सज्जनवृन्द !

नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार अहिलेसम्म पाँच चोटि प्रदान गरिएको छ । आज छैटौँ चोटि हो र यस वर्ष मेरो नाम छानिएको छ । त्यसका लागि मेरो असीम कृतज्ञता व्यक्त गर्न चाहन्छु । आजको दिन, गौरवको दिन हो । मेरो हातमा नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार आयो । मेरो खुसीको सिमाना छैन, दिलमा आनन्दको लहर बगिरहेको छ । मेरो समझमा थिएन, मेरो उद्देश्य पनि थिएन, मेरो सपनामा पनि थिएन । कसरी आयो त्यो अकल्पनीय भाग्य ? जर्मनेली मुखले भन्छ– 'कुमारीमा बच्चा आए जस्तो, अचम्मको कुरा ! तर म भन्छु– नेपालीहरू जादुमा विश्वास गर्छन् र यिनीहरू जादु पनि गर्छन् ।'

मेरो नेपालमा काम गर्ने मौका पनि यस्तै अदृश्य प्रकारको थियो । जर्मनीको Münster विश्वविद्यालयमा मेरो अध्ययन र संस्कृत विभागमा काम भइरहेको थियो । मैले हिन्दीको अध्ययनमा जोड दिएको थिएँ । आधुनिक भारतवर्ष, आधुनिक दक्षिण एसिया बुझ्ने मेरो उद्देश्य थियो । तर गुरुवर्गले भन्नुभयो– 'भारतवर्ष बुझ्नका लागि कुनै तरिकाले

हिन्दीले पुग्दैन, भारतको माता संस्कृत हो । आमाको भाषा संस्कृत हो । बिनासंस्कृत भारतवर्ष, त्यसको संस्कृति, त्यसको सोचाइ, त्यसको मन, त्यसको आत्मा बुझ्न सक्दैन । त्यस कारणले संस्कृत पढ्नै पर्छ, संस्कृतको परम्परा, त्यसको शास्त्र, इतिहास, सोचविचार पढ्नै पर्छ र बुझ्नै पर्छ । संस्कृत विषयमा अनुसन्धान गर्नै पर्छ ।' गुरुहरूको सल्लाह सुनेर त्यही बाटोमा लागेँ र संस्कृत, वैदिक संस्कृत, पाली, अर्ध मागधी, शौरसेनी प्राकृत, अपभ्रंश, ब्रज भाषा, अवधी, उर्दू, अलिकति डिङ्गल र पिङ्गल पनि पढेँ । Münster विश्वविद्यालयको संस्कृत विभागमा चार वर्ष काम गरेँ । त्यसपछि संस्कृत विभागको सिफारिसमा DFG अर्थात Deutsche Forschungsg´einschaft को सहयोगमार्फत नेपालमा नेपाली-जर्मनेली हस्तलिखित ग्रन्थ संरक्षण परियोजनामा काम गर्ने मौका पाएँ ।

सन् १९८० मा म नेपालमा आएँ: परियोजना प्रयोगका लागि सबै माइक्रो फिल्म गरेको ग्रन्थहरूको एउटा शीर्षक सूची बनाउने मेरो काम थियो । त्यसको सिलसिलामा मैले करिब ४० हजार हस्तलिखित ग्रन्थहरू कार्डको रूपमा चेक गरेँ र त्यसको शीर्षकको निर्णय र वर्गीकरण गरेँ, सङ्ख्या गनेर ।

बेलुका जान्थेँ काठमाडौंका गल्लीहरूमा अतीत र जिउँदो इतिहासको खोजीमा, कहिलेकहिले भजन मण्डलमा बस्थेँ, सङ्गीत भजन सुन्थेँ, कहिलेकहिले गाउँथेँ पनि, दिनमा लेख्थेँ बोल, रातिमा सुन्थेँ लय र धुन वा स्तुति, स्तोत्र, स्तवका पाठ । जान्थेँ पनि इतिहासको खोजीमा, धार्मिक बाटोहरूमा; जस्तो भाद्र शुक्ल द्वादशीको दिनमा नयराज पन्तका छोरो महेशराज पन्त, काशीनाथ तमोट र म 'उपाकु वनेगु' नाम भएको एउटा धार्मिक परम्परा अनुसन्धान गर्दा काठमाडौँ सहरको सिमानामा, पुराना काठमाडौँको विस्तार कस्तो थियो, नगरको पर्खाल थियो वा थिएन आदि प्रश्नका उत्तरको खोजीमा । त्यसको हस्तलिखित रेकर्ड मसँग छ तर आजसम्म प्रकाशित भएन । पुराना,

आविष्कार नभएको अवशेष र मूर्ति पनि आविष्कार भयो; तैपनि प्रशंसा पाए अर्कोले । तर आँखाहरू रहेछन् सहस्र यस देशका महान् देव इन्द्रका पनि । अन्ततः मानफ्रेदको मान भयो दुईटा इन्द्र मिलेर, एउटा स्त्रीलिङ्गको रूपमा इन्दिरा, अर्को पुलिङ्गको रूपमा नरेन्द्र अर्थात नइ प्रकाशनको रूपबाट । म गहिरोसम्म स्पर्शित छु श्री नइ प्रकाशनबाट मैले विदेशीको रूपमा एक प्रकारको सामाजिक मान्यता र व्यक्तिगत स्तरमा एक प्रकारको अभिज्ञान पाएकोमा । यस संस्थाको देनबाट म हर्षित र अल्हादित छु कृतज्ञतापूर्ण ।

हस्तलिखित ग्रन्थ संरक्षण प्रयोजनको काम सिद्धिएपछि मलाई काठमाडौँको Goethe-Institute को निर्देशन गर्ने प्रस्ताव भएको थियो र मैले जर्मनीबारे नेपालमा बुद्धि र अनुभव बढाउने, सेवा गर्ने अवसर पाएँ । यस अवधिमा ठूलाठूला सांस्कृतिक कार्यक्रमहरू प्रस्तुति गर्न पाएँ । मैले आफैँ सञ्चालन गरेको अहिलेसम्म सबैभन्दा ठूलो अर्थात् भरि दर्शकहरू भएको जर्मनेली कन्सर्ट एक हजार एक सय जनासँग नेपाल एकेडेमीको अडिटोरियममा OREXIS समूहको Jazz Fusion Music हो । उत्तम श्रेणीका प्राज्ञ, कलाकार, वैज्ञानिकका प्रवचन, गोष्ठी, कार्यशालाहरू सञ्चालन गरेँ, जस्तो Prof.Dr. Günter Lehner RECAST मा Solar Energy बारे, वरिष्ठ इतिहासविद् Prof.Dr. Thomas Nipperdey दोस्रो विश्वयुद्धबारे, इतिहासविद् र समाजशास्त्री विश्वका महान् Max Weber का विशेषज्ञ Prof.Dr.Wolfgang Mommsen, महान् Educationist र त्यस बेलाका विश्वप्रसिद्ध Socialist नेता र पश्चिम जर्मनीको चान्सलर Willy Brandt का पूर्व सल्लाहकार, Prof. Dr. Dietrich Goldschmidt, पश्चिमी शास्त्रीय सङ्गीतका Syrinx Quintett, NAFA मा UNESCO का फोटो प्रदर्शनी Children of the World लैनसिंह वाङ्देल नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको उपकुलपति हुँदा, त्रिभुवन विश्वविद्यालयको ललितकला क्याम्पसको सहयोगमा Goethe Institute गणबहालमा Water Colour Paintings of

the Kathmandu Valley जसमा शशिकला तिवारी, प्रेममान चित्रकार, उत्तम नेपाली, मिलन शाक्य आदिको सहभागिता थियो । Nepal–Deutsch Klub का कोमल चित्रकार र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका प्रचण्ड मल्लको सहयोगमा Berthold Brecht को एकाङ्की नाटक 'Die Kleinbuergerhochzeit' जर्मनेली भाषाबाट नेपालीमा अनुवाद गरेर Goethe Institute गणबहालको डबलीमा एक हप्तासम्मको फुल हाउसमा 'अब के बाँकी छ र ?' भन्ने शीर्षकमा उक्त नाटक मैले देखाएको थिएँ । Carl Duisberg Society Nepal र त्रिभुवन विश्वविद्यालयको नेपाली विभागका प्राध्यापक डा.चूडामणि बन्धुका सहयोगले मैले 'नेपाली भाषामा प्राविधिक शब्दको प्रयोग'का विषयमा कार्यशाला सञ्चालन गरेँ । जर्मनेली राजदूतावास र युरोपेली समूहको सहयोगले 'Visual Art' बारे दक्षिण एसियामा सबैभन्दा पहिला वृत्तचित्रको फिल्मी महोत्सव Goethe Institute Kathmandu ले मेरो पालोमा देखाइएको थियो । Michael Oppitz को नेपालमा बनेको चार घण्टा लामो सालिक रूपी Ethnographic वृत्तचित्र Shamans in Blind Country पश्चिमी दुनियाँमा अर्थात् मास्कोदेखि सेन्फ्रेन्सिस्कोसम्म एउटा ऐतिहासिक सांस्कृतिक घटना भएको फिल्म Goethe Institute Kathmandu बाट संसारको पहिलो Screening गरियो, मेरो निर्देशनमा ।

Goethe Institute Kathmandu को निर्देशक हुने अवधि सिद्धिएपश्चात् मेरो वैज्ञानिक अनुसन्धान गर्ने विषय अर्थात् लक्ष्मीप्रसाद देवकोटाको नेपाली 'शकुन्तला' महाकाव्यको अध्ययन गर्ने र वैदिक कालदेखि आधुनिक नेपाली साहित्यसम्म अन्य विषय र जीवनका बाटोहरू छोडेर, नेपाली शकुन्तला विषय मेरा लागि सबैभन्दा ठूलो महत्त्व भएको थियो । त्यस बेला, एकातर्फ शिक्षाक्षेत्रमा काम गर्ने र अन्यतर्फ अनुसन्धान गर्ने मेरो निर्णय भएको थियो ।

नेपाली विद्यार्थीसँगैको पढाइ मलाई राम्रो लागेको थियो, कहिले पनि थकाइ नलाग्ने, जहिले पनि नौलो, ताजा। मैले काम गर्न थालेको तीनचार वर्षभित्र त्रिभुवन विश्वविद्यालयको शिक्षा पदक पनि पाएँ। सरकारी छात्रवृत्तिमा जर्मनी गएको विद्यार्थी हीरामणि घिमिरेले मास्टर गरेर र Sponsor पाएपछि जर्मनेली भाषामा थेसिस लेखेर मानवशास्त्रमा जर्मनीको विश्वविद्यालयबाट PhD पाउनुभएको हो, त्रिभुवन विश्वविद्यालयको विश्वभाषा क्याम्पसको दुई वर्ष जर्मनेली कोर्स सिध्याएको आधारमा।

भर्खरै भक्तपुरको राम आवालले मसँग तीन वर्ष अध्ययन र तीनचार वर्ष जर्मनेली विभागमा पढाइको आधारमा DAAD का छात्रवृत्तिमा Ph.D. गरेर जर्मनीको Bayreuth विश्वविद्यालयको Micro–biological विभागमा जागिर पाउनुभएको छ। अर्का तर्फ मेरा विद्यार्थी गोकर्ण ढुङ्गेलले महान् जर्मनेली कवि फ्री द्रिख सिलेरको प्रसिद्ध लयबद्ध गीत Die Buergschaft अर्थात् ‘जमानत’ मूल जर्मनेलीबाट नेपालीमा अनुवाद गरेका छन्।

मेरा विद्यार्थीमध्ये पहिलो प्रजातान्त्रिक प्रक्रियाबाट बनेको नेपाल सरकारको मन्त्री महेश आचार्य, जर्मनीका लागि नेपालका राजदूत डा.नोबेलकिशोर राई, राष्ट्रिय योजना आयोगका अध्यक्ष डा.गोविन्द पोखरेल, पुरातत्त्व विभागका निर्देशक प्रकाश दर्नाल र अन्य विशिष्ट व्यक्तिहरू रहेका छन्।

देवकोटाको नेपाली शकुन्तला महाकाव्यको अध्ययनमा मैले अन्य शकुन्तला नाम भएका कृतिहरू र उनका लेखकहरूको परिचय गरेँ। त्यसैले मेरो विषयको विस्तार भयो र अन्त्यमा थेसिसको रूपमा शीर्षक भयो। 'Sakuntala complex : The development of the Sakuntala th´e in Sanskrit and Nepalese literature with special reference to the Sakuntalopakhyana of the Mahabharata'. यी सिलसिलामा नेपाली कवि मोतीराम भट्ट,

शम्भुप्रसाद ढुङ्गेल, पहलमानसिंह स्वाँर, चक्रपाणि चालिसे, शिवप्रतापशमशेर थापा, हर्षबहादुर शाही, खड्गमान मल्ल, लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे र अन्य लेखकका कृतिहरूको मैले अनुसन्धान र समीक्षा गरेँ ।

आफ्नो समाज र परम्पराबाहिरका अन्य देश, मुलुक, समूह, व्यक्तिहरू र उनीहरूको भाषा, धर्म, इतिहास, संस्कृति, सिद्धान्तहरू, कला, सङ्घर्षहरूलाई वाङ्मयको माध्यमबाट बुझ्न र व्याख्या गर्ने मेरो कामको मुटु र उद्देश्य हो । आखिरीमा अन्तर्राष्ट्रिय स्तरमा पनि यस धर्तीमा सबै मानिसहरू आफ्नो स्वस्थ र सन्तोषी जीवन चलाउन सक्छन्, जसमा शान्ति र मैत्री भावको फैलावट हुन्छ र नेपाली साहित्यको स्वाद सबैले चाख्ने सामर्थ्यताको स्थिति व्यापक होस् । यो मेरो साहित्यिक र शैक्षिक कामको प्रतीकात्मक गन्तव्य हो ।

सांस्कृतिक लेनदेनको काममा मैले जर्मनेली वाङ्मयलाई भूमिका, टीका वा व्याख्यासहित नेपाली वा अङ्ग्रेजी भाषामा अनुवाद गरेर नेपाली साहित्य अङ्ग्रेजी वा जर्मनेली भाषामा अनुवाद गरेँ । संस्कृत वाङ्मयका टुक्राबाहेक त्यसमा छ लोककथा, व्यङ्ग्य, शृङ्गार, समालोचना, निबन्ध, गीतिनाटक, जीवनी, साहित्यिक सिद्धान्त, ऐतिहासिक विहङ्गावलोकन, सांस्कृतिक चर्चा, किताब विमोचनको भाषण, कविता, गीत, पर्यटकीय मार्गदर्शक किताब, ब्रोस्युर र लिफलेट, पत्रिका, रेडियो, टिभीका संवाद, पर्वतारोहण कथा आदि वा लेखन वा भाषणको रूपमा प्रस्तुत गरेको छु । अहिलेसम्म मेरा लगभग पचासवटा लेख प्रकाशित भएका छन् ।

अन्त्यमा, एउटा नौलो उपलब्धिको कुरा भन्न चाहन्छु; केही हप्ताअघि, Mountain Literature वा मानिस र पर्वत शीर्षक भएको LAN को कार्यक्रम थियो र त्यसमा प्रश्न उठ्यो के पश्चिमी देशमा जस्तो आफ्नो शौखले प्रेरित गरेका पर्वतारोहण र त्यसबारे लेखेको वाङ्मय नेपालमा पनि छ ? त्यस्तो छैन भन्ने

जबाफ आएको छ । पासाङल्हामु शेर्पा र दीक्षित दाजुभाइका बाहेक कुनै यस्तो लेख छैनको निर्णय र विचार फेला पऱ्यो । त्यस सम्मेलनको पछाडिका दिनमा नरेन्द्रराज प्रसाईले मूल नेपालीमा लेखेको 'ठाँगे उक्लेपछि' Scaling Thange शीर्षक भएको अङ्ग्रेजी अनुवाद पढेँ । लगभग छ हजार मिटर उचाइमा सुदूर पश्चिम नेपालको ठाँगे पर्वतीय क्षेत्रमा भ्रमण र पर्वतारोहणको र त्यसको सिलसिलामा लेखकले अनुभव गरेका घटनाहरूका रोचक ढङ्गले लेखेको यो एउटा कथा हो । अरे, मेरो मनमा आयो, यो त पर्वत आरोहण कथा अर्थात् Mountain literature को धेरै लक्षण भएको साहित्यिक नमुना हो । त्यसैले नेपाली वाङ्मयमा पर्वत आरोहण कथा उल्लेख भएका लेखकका बाहेक पूर्व थियो, छैन भन्न मिल्दैन । वि.सं.२०३५ सालमा यात्रा गरी नेपालीमा यात्रा साहित्यमा नरेन्द्रराज प्रसाईले रचना गरेको ठाँगे आरोहण कथा पहिलो पर्वतारोहण किताब हो भनेर राम्ररी अनुसन्धान नगरी अहिले नै भन्न मिल्दैन; तर यस पद पाउनका लागि अति बलियो उमेद्वार नरेन्द्रराज प्रसाई नै हुन् भन्नचाहिँ सकिन्छ । यस सानो र नौलो नेपाली यात्रासाहित्यको आविष्कारको वर्णनका साथसाथै मेरो यो वक्तव्य यही टुङ्ग्याउँदै सबैमा मुरीमुरी धन्यवाद दिन चाहन्छु । श्री नइ प्रकाशनको अमर जय होस् । धन्यवाद !

मई १३, २०१८ : काठमाडौँ, नेपाल

## नइ चन्द्रधन पुरस्कारबाट सम्मानित संस्कृत विद्याशिरोमणि प्रा.डा.वेणीमाधव ढकालको सम्बोधन

ॐ

यस भव्य समारोहका सभापतिज्यू ! आजका प्रमुख अतिथि वाङ्मय शताब्दी पुरुष आदरणीय डा.सत्यमोहन जोशीज्यू, अतिथिहरू ! साहित्य र संस्कृतिका साधक मनीषीहरू ! आज पुरस्कृत विविध विधाका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय प्रकाशपुञ्ज महानुभावहरू ! उपस्थित महिलावृन्द एवम् सज्जनवृन्द !
सादर अभिनन्दन !

अहिले सर्वप्रथम म यहाँ उपस्थित हुनुभएका सम्पूर्ण पुरस्कृत सज्जनवृन्द एवम् महिलावृन्दलाई हार्दिक बधाई ज्ञापन गर्दछु । आजैदेखि वाङ्मय शताब्दी पुरुष डा.सत्यमोहन जोशीज्यू ९९ वर्षमा प्रवेश गर्नुभएकोमा उहाँको सुस्वास्थ्य र आनन्दमय जीवनका लागि राष्ट्रदेव भगवान् पशुपतिनाथ एवम् भगवती गुह्यकालीसँग प्रार्थना गर्दछु ।

यस अवसरमा 'नइ चन्द्रधन पुरस्कार'का लागि मलाई चयन गर्नुहुने नइ प्रकाशन तथा चयन समितिमा रहनुभएका प्राज्ञहरूप्रति कृतज्ञताका शब्दसुमन अर्पण गर्दछु ।

साहित्यकारद्वय श्री नरेन्द्रराज प्रसाई र श्री इन्दिरा प्रसाईको ओजस्वी इच्छाशक्ति, लक्ष्यभेदी क्रियाशक्ति र अमोघ प्रज्ञाशक्तिको त्रिवेणीका रूपमा उदाएको नइ प्रकाशन एउटा प्रसिद्ध राष्ट्रिय एवम्

अन्तर्राष्ट्रिय साहित्यिक तथा सांस्कृतिक प्रतिष्ठानको रूपमा गौरवगरिमाका साथ सुहाएको छ ।

नेपाली भाषासाहित्य, संस्कृति, कलाकौशल एवम् ज्ञानविज्ञानको श्रीवृद्धि गराई नेपाली जनमानस एवम् विश्वमा 'सत्यम् शिवम् सुन्दरम्'का दिव्य भाव फैलाउँदै उदात्त मानवजीवनको प्रतिष्ठा गरी समाजको रूपान्तरण गर्ने आफ्नो उद्देश्यमा नइ प्रकाशन निरन्तर क्रियाशील रहेको छ । फलस्वरूप नइकै विशिष्ट पहलमा नेपाली भाषासाहित्य, नेपाली संस्कृति, नेपाली कलाकौशल, नेपाली ज्ञानविज्ञान र नेपाली राष्ट्रिय स्वाभिमान मुखरित र प्रद्योतित हुँदै गइरहेका छन् ।

महाकवि कालिदासले आफ्नो 'रघुवंश' महाकाव्यको मङ्गलाचरण गर्दै भनेका थिए–

**वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।**
**जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥**

'वाणी र अर्थको जैँ नित्य सम्बन्ध भएका संसारका मातापिता पार्वती र परमेश्वरलाई वाणी र अर्थको पूर्ण तत्त्वबोध प्राप्त गर्न वन्दना गर्दछु ।'

यस पद्यमा प्रयुक्त 'वाक्' शब्द भगवती पार्वतीको प्रतीक हो भने 'अर्थ' शब्द भगवान् शिवको प्रतीक हो । वाणी र अर्थद्वारा यद्वा पार्वती र परमेश्वरद्वारा समस्त वाङ्मयप्रपञ्च र जगत्प्रपञ्चको विस्तार भएको छ । शक्तिरूपा श्री इन्दिरा प्रसाई र शङ्करस्वरूप श्री नरेन्द्रराज प्रसाईको एकात्म भावबाट नरेन्द्र शब्दको 'न' र इन्दिरा शब्दको 'इ' लाई संयुक्त गराई २०५२ सालमा 'नइ प्रकाशन' स्थापना हुनु नेपाल र नेपाली वाङ्मयका लागि शिवशक्तिको वरदान सिद्ध भएको छ ।

नइबाट प्रदत्त पुराना उल्लेखनीय कुराहरू म पनि दोहोऱ्याउन चाहन्छ– प्राज्ञ घटराज भट्टराईसहित नइकै प्रयासमा कविशिरोमणि

लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाका तीनवटा धातुमण्डित मूर्ति रहेको 'त्रिमूर्ति निकेतन'नामक संस्था तयार भयो । नइकै पहलमा त्रिमूर्ति निकेतनले 'त्रिनारीरत्न' गोमा, प्रेमराजेश्वरी थापा र पारिजातका पूर्ण कदका सालिक तयार पारेको छ । नइकै सक्रियता र संयोजनमा डा.मोदनाथ प्रश्रितको अध्यक्षतामा 'महाकवि देवकोटा शताब्दी महोत्सव' सम्पन्न गऱ्यो र उक्त महोत्सवको समाप्तिको अवसरमा वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीको संयोजकत्वमा तेह्र राष्ट्रका स्रष्टा सम्मिलित पाँचदिने 'अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन'को आयोजना गऱ्यो । त्यसपछि नइले त्रिमूर्ति निकेतनमार्फत २२ देशका नेपाली नारीस्रष्टाको सहभागितामा 'विश्व नारी नेपाली साहित्य सम्मेलन' सम्पन्न गऱ्यो । फेरि पनि नइकै सोच र व्यवस्थापनमा 'सत्यमोहन जोशी शताब्दी महोत्सव' मनाइयो । नइकै पहलमा राज्यले कविवर माधव घिमिरेलाई 'राष्ट्रकवि'को उपाधि प्रदान गरेको थियो । यसै गरी नइकै आयोजना र संयोजनमा प्रधानमन्त्री सुशील कोइरालाद्वारा डा.वानीरा गिरीलाई 'नेपाली साहित्य विश्व नारी रत्न' उपाधि प्रदान गरियो ।

यसरी नै नेपाली वाङ्मयका विशिष्ट व्यक्तित्व डा. सत्यमोहन जोशीलाई नइकै पहलमा राज्यले 'वाङ्मय शताब्दी पुरुष' उपाधि प्रदान गरेको थियो । यति मात्र होइन, नइ प्रकाशनले राष्ट्रका अमर प्राज्ञहरूको संरक्षणका साथ राजनीतिनिरपेक्ष भई 'वसुधैव कुटुम्बकम्'को सिद्धान्त अँगालेर साहित्य, सङ्गीत, कला र संस्कृतिको क्षेत्रमा अविस्मरणीय योगदान गर्दै आएको छ । अर्कातर्फ नइ प्रकाशनको आफ्नै साहित्यिक प्रकाशन गतिविधि पनि तीव्र रूपमा चलेकै छ । यी सबै कुरा हेर्दा नइ प्रकाशनले जे गऱ्यो र जे गरिरहेको छ त्यो सबै अकल्पनीय छ, अविश्वसनीय छ, अननुमेय छ र अविस्मरणीय छ ।

अब म आफ्नो साधनाको विषयमा पनि सङ्क्षिप्त चर्चा गर्ने अनुमति माग्दछु । म एउटा एकान्त साधक हुँ । आफ्नो साधनालाई

प्रचारमा ल्याई आत्मप्रचार गर्ने र प्राप्तिसापेक्ष भई दौडधूप गर्ने मेरो प्रवृत्ति कहिल्यै पनि रहेन । म नइ प्रकाशनका गतिविधिहरूको प्रशंसक र तटस्थ द्रष्टा थिएँ । आज अप्रत्याशित रूपमा पुरस्कारको लागि चुनिँदा म चकित भएको छु । यस्तो होला भन्ने मेरो प्राक्कल्पना थिएन ।

किशोरवयमा वाराणसीलगायत भारतीय विद्याकेन्द्रहरूमा अध्ययनको क्रममा प्रथम र सर्वप्रथम हुने होडबाजीका साथ संस्कृत, नेपाली र हिन्दीमा कविता, लेख, निबन्ध र काव्यमा हात चलाउने अभ्यास भइसकेको थियो । फलस्वरूप छात्रावस्थामा हिमालयको महिमा गान गर्ने 'शैलेश' खण्डकाव्य र नेपालआमाको महिमागान गर्ने 'ज्योतिष्मती' खण्डकाव्य भारतमै प्रकाशित भए । भारतमै योगी नरहरिनाथज्यूको सान्निध्यमा रहने सौभाग्य जुर्दा उहाँबाट मैले काव्यकला र शास्त्रार्थकलाबारे गहन ज्ञान प्राप्त गर्ने अवसर पाएको थिएँ ।

नेपाल फर्केपछि विश्वविद्यालय सेवामा प्रवेश गर्दा सर्वप्रथम खप्तड बाबाद्वारा हिन्दीमा रचित धर्मविज्ञानका चारवटै खण्डको संयुक्तानुवादमा कठोर मिहिनेत गरेको थिएँ । स्वर्गद्वारी महाप्रभु, उहाँका गुरुभाइ, नेपाली संस्कृत महाविद्यालयका संस्थापक सिद्धयोगी श्री अनन्तानन्द स्वामीजी महाराज, महापण्डित दधिराम मरासिनी, मेरा गुरु शास्त्रार्थमहारथी पं.मीनप्रसाद नेपाल, कविमणि माधवप्रसाद देवकोटा, महाकवि सुकृतिदत्त पन्त, कविकुलगुरु कुलचन्द्र गौतम, आबाल ब्रह्मचारी षडानन्द, बृहत् संस्कृत नेपाली शब्दकोशका स्रष्टा पं.फणीन्द्र पाण्डेय, अन्नपानीबिना ध्यान समाधिमा तत्पर भई लोककल्याण र विश्वशान्तिका लागि हजारौँ यज्ञयाग गर्नुहुने जीवन्त देवी शक्तिमाता लीलादेवीज्यूजस्ता नेपाल आमाका सपूत महापुरुष र महाशक्तिका जीवनी, योगदान र कृतिविश्लेषणजस्ता कार्य गरी स्वर्गद्वारीका महाप्रभु सिद्धयोगी अनन्तानन्द स्वामी र शक्तिमाताको महिमागान गर्ने काव्यहरूको रचना गरेर मैले नेपालको गौरव बढाउने महनीय कर्म गर्ने सौभाग्य पाएँ । यसरी मैले नेपाली

माटोका उपज मनीषी र सतीहरूको गुणगान गरी नेपाली माटाको गौरवलाई मुखरित गर्दा अपूर्व तृप्ति र आनन्दको अनुभूति गरेको छु । मलाई लाग्छ उहाँहरूको आशीर्वाद मेरा लागि ऊर्जा बन्यो र कतै पनि मेरो कलम रोकिएन ।

विश्वविद्यालयको प्राज्ञिक अनुष्ठान गर्दै गर्दा नेपाल र भारतमा आयोजित प्राज्ञिक गोष्ठी र सेमिनारहरूमा प्रस्तुत कार्यपत्रहरूमा पनि मैले नेपाली माटाको गौरव, महक र चहक बढाउने सामग्री पस्केर नेपाल राष्ट्रको शान र स्वाभिमान बढाउने कार्य गरेको हुँ ।

नेपालको पौराणिक कालको दुर्लभ रचना हिमवत्खण्ड, लिच्छविकालका दुई सयजति शिलालेख, मल्लकालका सयभन्दा बढी नाटक र शाहकालका काव्य एवम् महाकाव्यहरूको वीक्षा, अन्तर्वीक्षा र विश्लेषण गर्ने जटिल कार्यमा पनि नियतिले मलाई नै खटायो । फलस्वरूप शोधसमीक्षासम्बन्धी अनेक ग्रन्थ प्रकाशित भए । अनुसन्धान कार्यका साथै संस्कृत, नेपाली र हिन्दीमा काव्य, महाकाव्य एवम् प्रबन्धरचना पनि हुँदै गए । फलस्वरूप, नेपाल सरकार एवम् सम्मानित संस्थाहरूबाट सम्मान एवम् पुरस्कार पनि प्राप्त हुँदै गए ।

काव्यकलागुरु योगी नरहरिनाथ, दर्शनगुरु पं.मीनप्रसाद नेपाल र शक्तिप्रदायिनी जगदम्बा शक्तिमाता श्री लीलादेवीको प्रेरणाबाट नै म वैदिक सनातन धर्म, संस्कृति र हिमवत्संस्कृतिका मुहान श्रीगणेशपुराण, श्रीनिर्णयसिन्धु, श्रीआह्निकसूत्रावली एवम् श्रीमद्देवीभागवतमहापुराणजस्ता विपुल गुणवत्ता र कलेवरीय महत्ता भएका ग्रन्थहरूको नेपाली भाषामा व्याख्या, टीकाटिप्पणी एवम् अनुवाद गर्न सफल भएको छु । उक्त ग्रन्थहरू प्रकाशित हुँदा महापुरुष र मनीषीवर्गका साथै सर्वसाधारण धर्मप्राण जनताले खुसी भएर दिएको न्यानो माया र आशीर्वाद पाएर म गद्गद भएको छु ।

ठूलाठूला प्राज्ञिक संस्थाहरूले विद्वान्हरूको समिति बनाई वर्षौं लगाएर पनि सम्पन्न गर्न नसकिने यस्ता कार्य मबाट एक्लै कसरी

सम्पन्न भए भनी फर्केर हेर्दा म आफैँ छक्क पर्ने गरेको छु । महापुरुष र भगवती त्रिशक्तिका वरदहस्तहरू मेरो शिरमा नपरेका भए मबाट यो काम पटक्कै सम्भव थिएन । उहाँहरूकै आशीर्वादस्वरूप सम्मानित संस्था नइ प्रकाशनको ममाथि अप्रत्याशित रूपमा दृष्टि पर्न गयो र मैले 'चन्द्रधन पुरस्कार' प्राप्त गर्ने सौभाग्य पाएँ । यसबाट म कृतकृत्य भएको छु र कृतज्ञताका भाव प्रसारित गरिरहेको छु । मलाई लाग्छ आआफ्ना विधाहरूमा उत्कृष्ट योगदान दिएबापत आज पुरस्कृत हुनुभएका राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विद्वान् एवम् विदुषीहरूलाई पनि यस्तै सन्तुष्टि र सन्तृप्तिको अनुभूति भएको हुनुपर्छ ।

म अहिले नेपालको पौराणिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक गौरवबोध गराउने दुर्लभ कृति हिमवत्खण्डको परिष्कार अभिनव अनुवाद र समीक्षाका कार्य पूरा गरी नेपालका राष्ट्रदेव भगवान् पशुपतिको महिमा र उच्च ज्ञानराशिको संवाहक शिवमहापुराणको व्याख्या टीका, टिप्पणी र अनुवादमा तल्लीन छु ।

मैले आज प्राप्त गरेको पुरस्कार श्रद्धेय पूर्वप्रधानमन्त्री कीर्तिनिधि विष्टका पिताश्री चन्द्रप्रसाद विष्ट र माताश्री धनकुमारी विष्टको नाममा स्थापित 'चन्द्रधन पुरस्कार' हो । आज म कृतज्ञता व्यक्त गर्दै कीर्तिबाबु र उहाँका मातापिताको शाश्वत आत्मशान्ति र उत्तम गतिका लागि प्रार्थना गर्दछु । नैतिकता, राष्ट्रिय स्वाभिमान र सरल जीवनशैलीका दृष्टान्त कीर्तिबाबुले नेपाली भूमिमा रहेका भारतीय चेकपोस्ट हटाउनुभयो र भारतले अनेकौँ पटक हस्तक्षेप गर्दा चीनसँग सम्बन्ध बढाएर नेपाल राष्ट्रको अस्मिताको रक्षा गर्नुभयो । वि.सं. २०३० मा सिंहदरबारमा अग्निकाण्ड हुँदा तत्कालीन महाराजाधिराज श्री ५ वीरेन्द्रबाट 'तिमीले राजीनामा नदेऊ' भनी आग्रह गर्दा पनि नैतिकताको कारण देखाई उहाँले त्यो कुरा मान्नुभएन । यस्ता आदर्श पुरुषद्वारा स्थापित पुरस्कार ग्रहण गर्ने सौभाग्य पाउँदा म स्वयम् पनि गौरवान्वित भएको छु ।

उत्तम साहित्यको रचना गर्ने साधक प्रतिक्षण आफ्ना रचनाजन्य सन्तुष्टिलाई नै पुरस्कार मानेर गौरवसाथ बाँचिरहेकै हुन्छ । त्यसमाथि राष्ट्रिय महत्त्वका संस्थाहरूले पुरस्कृत गर्दा उनीहरूको जीवनमा सुनमा सुगन्ध थपिएको हुन्छ । राष्ट्रले गर्न नसक्ने यस प्रकृतिका काम गरेर राष्ट्रिय दायित्व निर्वाह गर्ने संस्था नइ प्रकाशनप्रति हाम्रो अगाध आस्था र सम्मान छ । यस संस्थाले जसरी स्वदेश र विदेशमा रहेका प्रतिभाशाली मनीषीहरूलाई सम्मान दिँदै आएको छ, यो राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्लाई समेत सत्कर्म र सन्मार्ग प्रदर्शन गर्ने सारस्वत यज्ञ हो । प्रतिवर्ष पुस्तक प्रकाशन गरी अहोरात्र ज्ञान र प्रज्ञा वितरण गर्दै आएको यस संस्थाले प्रत्येक वर्ष प्रदान गर्ने पुरस्कारले राष्ट्र र राष्ट्रान्तरका विद्वान्हरूको सम्मान र पूजा गरेको छ । आज प्राप्त गरेको पुरस्कारबाट सम्पूर्ण पुरस्कृत महानुभावहरूमा आफ्नो साधनाप्रति दायित्ववृद्धि भएको अनुभूति भएको छ । यतिखेर म आफ्नो सामर्थ्यले भ्याएसम्म वाङ्मयसेवामार्फत राष्ट्रसेवामा लागिरहने वचनबद्धता प्रकट गर्दछु ।

पर्यन्तमा विद्वान्, साहित्यकार, कलाकार, ज्ञानविज्ञानको क्षेत्रमा क्रियाशील मनीषी र राष्ट्रिय सम्मानका लागि क्रियाशील महामनाहरूलाई सम्मान र पुरस्कार प्रदान गरेर राष्ट्रको अर्चना गर्ने लब्धप्रतिष्ठ यशस्वी संस्था नइ प्रकाशनको 'असतोमा सद्गमय, मृत्योर्मा अमृतम् गमय, तमसोमा ज्योतिर्गमय' जस्ता वैदिक सन्देशअनुसार 'सत्यम् शिवम् सुन्दरम्'मा आधारित वाङ्मय सृष्टिका लागि प्रेरणाको मुहानको रूपमा गुरुगहन भूमिका सधैँ रहनेछ भन्ने विश्वासका साथ नइ प्रकाशनको ज्योतिर्मय भविष्यका लागि राष्ट्रदेव भगवान् पशुपतिनाथसँग बिन्ती गर्दै मेरो मन्तव्य यहीँ टुङ्ग्याउँछु ।

२०७५ वैशाख ३० गते, आइतबार
काठमाडौँ, नेपाल

## नइ देरुनीख सुकीर्ति पुरस्कारबाट सम्मानित प्रा.डा.चूडामणि बन्धुको सम्बोधन

यस भव्य समारोहका आदरणीय सभाध्यक्षज्यू, आदरणीय प्रमुख अतिथि शताब्दी पुरुष सत्यमोहन जोशीज्यू, आजै सम्मानित र पुरस्कृत हुनुहुने श्रद्धेय स्रष्टाहरू, नइ प्रकाशनका समस्त मान्यजन तथा दाजुभाइ, दिदीबहिनीहरू ! सबैमा सादर यथायोग्य अभिवादन ।

आजको यस भव्य समारोहमा पुरस्कृत र सम्मानित हुनुहुने स्रष्टाहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु । साथै आफ्ना तर्फबाट केही बोल्ने अवसर प्रदान गर्नुभएकोमा पुरस्कृतहरूका तर्फबाट समेत नइ प्रकाशनप्रति कृतज्ञता प्रकट गर्दछु ।

वाङ्मय शताब्दी पुरुष श्री सत्यमोहन जोशीले सय वर्षमा प्रवेश गर्नुहुने यस ऐतिहासिक अवसरमा उहाँलाई श्रद्धापूर्वक अभिनन्दन गर्दै उहाँको सुस्वास्थ्य र सुखमय भविष्यका लागि हार्दिक कामना गर्दछु । उहाँ हामी सबैका लागि प्रेरणाका स्रोत हुनुहुन्छ ।

नेपाली भाषासाहित्य, बालसाहित्य, धर्मसंस्कृति, इतिहास, ज्ञानविज्ञान, सङ्गीत, कला, खेलकुद आदि विविध क्षेत्रका अढाई दर्जनजति पुरस्कारहरूको संयोजन गरेर नइ प्रकाशनले स्रष्टा, साधक र अनुसन्धाताहरूलाई प्रेरणा दिइरहेको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार र सम्मान कार्यक्रमहरूको भव्य आयोजना गरी नइले नेपालभरिका र नेपालबाहिरका स्रष्टाहरूलाई समेत सम्मानित र पुरस्कृत गर्ने प्रशंसनीय कार्य गरेको छ । यसबाट नेपाली स्रष्टा र

अनुसन्धाताहरूलाई प्रेरणा र प्रोत्साहन मिलेको छ र नेपाल र नेपाली संस्कृतिलाई माया गर्ने विदेशी मित्रहरूलाई समेत सम्मानित र पुरस्कृत गर्ने अद्वितीय कार्यले देशमा नेपाली संस्कृति, भाषा र साहित्यको प्रवर्द्धन भई देशान्तरमा समेत नेपाली संस्कृतिको चिनारीमा झन्झन् वृद्धि भइरहेछ । नइको यस कार्यबाट नेपाली समाज र राष्ट्र नै गौरवान्वित भएको छ । यस्तो पुनीत कार्यमा निरन्तर अग्रसर रहने अविश्रान्त कर्मयोगी साहित्यकार दम्पती श्री नरेन्द्रराज प्रसाई र श्रीमती इन्दिरा प्रसाईलाई थप लक्ष्यप्राप्तिका शुभदिनहरू आइरहून् भनी हार्दिक कामना गर्दछु ।

नेपाली साहित्यका विकासमा २०५२ मा स्थापित नइ प्रकाशन र २०५९ मा स्थापित त्रिमूर्ति निकेतनको विशेष योगदान रहेको छ । २०५२ सालदेखि कृतिहरूसमेत प्रकाशन गर्न थालेको नइ प्रकाशनको परिमाणमा भन्दा गुणलाई महत्त्व दिने विशेषता रहेको छ । यसरी नै त्रिमूर्ति निकेतनले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्मेलनहरूको आयोजना गर्दै आएको छ । यस सन्दर्भमा त्रिमूर्ति निकेतनले नइको संयोजनमा मनाएको महाकवि देवकोटा शताब्दी महोत्सव, अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन र विश्वनारी नेपाली साहित्य सम्मेलन तथा नेपाल सरकारले समेत नइकै संयोजनमा नेपालभरि र विदेशका २५ देशमा मनाएको आदिकवि भानुभक्त द्विशतवार्षिकी समारोह उल्लेख्य छन् । यसरी नइको नेपाली साहित्यको विकासमा अतुलनीय योगदान रहेको छ ।

भाषासाहित्यसेवीका साथै नेपाली साहित्यमा स्रष्टाका रूपमा नरेन्द्र र इन्दिरा प्रसाई सुपरिचित नाम हुन् । नरेन्द्रराज प्रसाईको निबन्ध, समालोचना, गीतिकविता र जीवनीका विविध क्षेत्रमा योगदान रहेको छ । खास गरेर जीवनी लेखनका क्षेत्रमा उहाँ अद्वितीय हुनुहुन्छ । विशेष गरी नारी स्रष्टाहरूलाई चुलीमा उचालेर स्थापित गर्नका निम्ति उहाँले गरेको साधना अत्यन्त प्रशंसनीय छ ।

यसरी नै इन्दिरा प्रसाईको लेखनमा पनि विविधता छ । अहिलेसम्म उहाँका कविता, कथा, निबन्ध, समालोचना, उपन्यास र जीवनीहरू प्रकाशित छन् । इन्दिराको गद्यलेखन कविताको कोमलता र लालित्यले पूर्ण छ भने आख्यानमा मानवीय संवेदनाको सुन्दर अभिव्यक्ति छ ।

उठेर उचाइ लिनु अथवा फैलेर सबैतिर व्याप्त हुनु व्यक्तिको रुचि र परिवेशको परिणाम होला । आफ्नै कुरा गर्ने हो भने साहित्यको पाठकका रूपमा देवकोटाका कृतिहरूले मलाई प्रभावित गरेका हुन् । बालबालिकाका निम्ति उनको जीवनी लेखेर बालसाहित्य र जीवनीकारका रूपमा म भित्रिएँ । देवकोटाका कृतिहरूको सङ्कलन र सम्पादन गर्दै जीवनी र समालोचना विधालाई मिसाइएको जीवनीपरक समालोचना 'देवकोटा' तयार भयो । नेपाली भाषाको अनुसन्धानमा लाग्दा भाषाविज्ञानमा घोत्लिनुपऱ्यो र लोकसंस्कृतितिरको रुचिले नेपालका डाँडाकाँडा र खोलानाला डुलायो । अनि बालबालिकाहरूप्रतिको स्नेहले बालसाहित्यतिर आकृष्ट गऱ्यो । शिक्षकको दायित्व बहन गर्दै विभिन्न संस्थाहरूको स्थापना र विकासमा समय बाँड्नुपर्दा चाहेर पनि एकान्त सिर्जनामा लाग्न पर्याप्त समय नभएको अनुभव भने हुँदै छ । यति हुँदाहुँदै पनि मैले आफूले गर्ने कृत्यबारे तपस्या गर्न छाडिनँ । सक्रिय रूपमा वाङ्मयको सेवामा म आबद्ध भइरहेको छु भन्दा मलाई गौरवीबोध हुन जान्छ । मेरा जीवनका ती सबै बेहोराहरू जोडिँदै जाँदा म फेरि आज नइ प्रकाशनको मञ्चमा उभिएको छु ।

नइ अर्थात् नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका कार्य र कृतिले दुवैलाई चुलीतिरको यात्रामा सफल बनाएको छ । नइ प्रकाशन र त्रिमूर्ति निकेतनका माध्यमबाट प्रसाईदम्पतीले नेपाली भाषा र साहित्यको अतुलनीय सेवा गर्नुभएको छ । नइ प्रकाशनबाट स्रष्टाहरूलाई सम्मान गर्ने चाहना भएका दाताहरूको इच्छाअनुसार अढाई दर्जनजति पुरस्कारहरूको सफलतापूर्वक संयोजन भएको छ ।

त्यति मात्र नभएर कविवर श्री माधवप्रसाद घिमिरेलाई नेपालका राष्ट्रकविका रूपमा र श्री सत्यमोहन जोशीलाई यस शताब्दीको शताब्दी पुरुषका रूपमा राज्यबाट नै मान्यता दिलाउनसमेत नइले गरेको पहल अत्यन्तै प्रशंसनीय छ । नइकै संयोजनमा त्रिमूर्ति निकेतनले तत्कालीन प्रधानमन्त्री सुशील कोइरालामार्फत डा. वानीरा गिरीलाई विश्वनारी नेपाली साहित्यरत्नको उपाधि प्रदान गरेर पनि स्तुत्य काम गरेको छ । साथै २०७२ सालको महाभूकम्पबाट पीडित भएकाहरूलाई राहत दिने सामाजिक कार्यहरूमा समेत नइ प्रकाशनको समन्वयकारी भूमिका प्रशंसनीय छ ।

अन्त्यमा आजका सम्पूर्ण सम्मानित र पुरस्कृत स्रष्टा र मेरा तर्फबाट ती दानवीरहरूलाई प्रशंसासहितको धन्यवाद अर्पण गर्दछु; जजसले यी पुरस्कारहरूको स्थापनामा योगदान गर्नुभयो । यी पुरस्कारहरूको परिकल्पना र संयोजनमा सक्रिय नइ प्रकाशन परिवारलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु, जसले हामीहरूलाई चयन गरेर यस भव्य समारोहमा सम्मानित र पुरस्कृत हुने अवसर प्रदान गरेको छ । धन्यवाद !

२०७६ साल वैशाख २८ गते

# नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भारतका श्री दुर्गाप्रसाद श्रेष्ठको सम्बोधन

आदरणीय शताब्दी पुरुष सत्यमोहन जोशीज्यू, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीज्यू, 'नइ'का दुवै मान्यवरहरू तथा आदरणीय साहित्यिक महानुभावहरू !

मेरो यथायोग्य अभिवादन !

सर्वप्रथम म 'नइ प्रकाशन' जसको स्थापना २०५२ साल माघ १५ गते 'नेपाली वाङ्मयको श्रीवृद्धिका लागि' भएको थियो, त्यसका अधिष्ठाताद्वय नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईलाई हार्दिक आभार प्रकट गर्दछु, मलाई यसरी सम्मानित गर्नुभएकोमा ।

यी युगल साहित्यप्रेमीसँग दस वर्षअगाडि भेट 'देवकोटा शताब्दी महोत्सव' समारोहमा भएको थियो । त्यही बेला म उहाँहरूको साहित्यिक आयोजनाको क्षमता देखेर मन्त्रमुग्ध भएको थिएँ । नेपाल, भारतका मात्र होइन, विश्वमा छरिएर बसेका साहित्यकारहरू पनि भेला भएको त्यो समारोह मेरा लागि चिरस्मरणीय रहेको छ, रहनेछ सदासदाका लागि ।

आदरणीय सत्यमोहनजीसँग लगभग चार दशकअगाडि 'आथर्स गिल्ड अफ इन्डिया'ले 'विश्व पुस्तक भेलाको अवसरमा आयोजित गरेको 'साहित्य सम्मेलन'मा भेट भएको थियो । त्यस बेलादेखि आजसम्म उहाँको स्नेहले म आप्लावित भइरहेछु । उहाँ 'शताब्दी पुरुष', म भर्खर दुईवटा 'जन्को' सिध्याएको व्यक्ति । जुनसुकै साहित्यिक समारोहमा

भेटे पनि उहाँले मृदुल मुस्कानमा साथ 'म्हफूला ?' भनी भलाकुसारी गर्नुहुन्छ । स्नेहको यस्तो वचन सुनेपछि म मन्त्रमुग्ध हुन्छु । को हुँदैन ?

मेरो साहित्यिक जीवनयात्रा 'वीरबलको खिचडी' जस्तो छ । विभिन्न भाषामा विभिन्न विधाका लगभग एक दर्जन कृतिहरू प्रकाशित छन् । अरू मलाई धेरैले साहित्यकारभन्दा 'साहित्य समारोह' आयोजकको रूपमा चिन्छन् । 'बी.पी. कोइराला नेपालभारत फाउन्डेसन'को तत्त्वावधानमा मैले लगभग आधा दर्जन कार्यक्रमहरू गराइसकेको छु । दिल्लीमा नेपाली राजदूतावासद्वारा आयोजित 'भानु जयन्ती समारोह'मा आदरणीय नरेन्द्रराज प्रसाईले 'मलाई पनि कहिलेकाहीँ बोलाउने गर्नुस् न' भनेदेखि विच्छुक लागेर हो कि के हो, त्यसपछि मैले एउटा पनि कार्यक्रम गराउन पाइनँ ।

म जनकपुरको सबेलाबजार भन्ने गाउँमा जन्मेँ र पाँच वर्षको आयुमा बनारस पुगेँ । पिताजी प्रात:स्मरणीय काशीबहादुरजी 'उदय' पत्रिका निकाल्नुहुन्थ्यो । त्यस बेलामा मेरा हजुरबा गाउँका मुखिया हुनुहुन्थ्यो । त्यसो हुनाले पाँच वर्षको मेरो बाल्यकाल बडो सुखमय थियो ।

बनारस आएपछि 'बालनिकेतन' प्राइमरी पाठशालामा भर्ना भएँ । त्यो बेला पाँच कक्षामा अङ्ग्रेजी पढाइँदैन थियो । त्यसपछि अग्रवाल समाज महाजनी हायर सेकेन्डरी स्कुलमा पढेँ । यहाँ आएर 'ए बी सी डी' पढ्न थालेँ । कक्षा आठमा छँदा एक पटक हिन्दी भाषाको मासिक परीक्षामा मेरो एउटा निबन्ध 'वर्षात्' पढेपछि हिन्दीमा गुरुले 'तुम में लेखक बननेका गुण है' भनेपछि म उत्साहित भएको थिएँ ।

वि.सं.२०१३ सालमा 'उदय'मा मेरो एउटा कविता छापियो 'जीवन ध्येय' । पढाइमा कक्षा चढ्दै गएसँगै मेरो साहित्यिक लेखन भनूँ वा लेखन मात्र भनूँ, मेरो झुकाउ बढ्दै गयो । बनारसबाट प्रकाशित हुने दैनिक 'आज'मा हरेक हप्ता 'बालसंसद्'नामक परिशिष्ट

निस्किन्थ्यो । मैले त्यसमा पनि कविता, निबन्ध आदि लेखेर छपाएँ । हरेक हप्ता निस्किने आदि तथा नेपालसम्बन्धी लेखहरू लेख्थेँ । छापेपछि दसपन्ध्र रुपियाँ पारिश्रमिक पाउँथेँ । यसले मेरो महिनाभरको पकेट खर्च निस्किन्थ्यो ।

पत्रिका निकाल्नुहुने भएकाले पिताज्यूले नाम त खूबै कमाइराख्नुभएको थियो, तर 'दाम' कमाउन सक्नुभएन । उहाँ वर्षको एक पटक काठमाडौँ जानुहुन्थ्यो– भीमफेदी, अमलेखगन्जको बाटो भएर । काठमाडौँमा उहाँलाई सहयोगीको रूपमा हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ आदिले पैसा उठाउन मद्दत गर्नुहुन्थ्यो । उहाँ काठमाडौँ गएको बेला हामीलाई बनारसमा छाक टार्न धौधौ पर्थ्यो । कुनै बेला तीन रुपियाँ ('उदय'को वार्षिक ग्राहक शुल्क) कतैबाट आयो भने भात पाक्थ्यो, नत्र चनाभुजा खाएर निर्वाह गर्नुपर्थ्यो, हामी चार जना दाजुभाइ तथा बहिनीहरूले ।

म बीएमा पुग्दा त्यस बखत बनारस नेपाली छात्रहरूको केन्द्र भएको थियो । त्यस बेला छात्रहरू तीन गुटमा विभक्त थिए । काङ्ग्रेस, कम्युनिस्ट र संस्कृत पढ्नेहरू । त्यसो भएकाले छात्र सङ्घ पनि तीनोटा थिए । बालकृष्ण पोखरेल, तानासर्मा, कोशराज रेग्मी, चूडामणि 'बन्धु' आदि कैयौँ छात्रहरू साहित्यिक जागरण जगाउँदै थिए भने भरतमोहन अधिकारी, कमल कोइराला आदि साम्यवादी चेतना फैलाउँदै थिए । एक वर्ष अखिल बनारस नेपाली छात्र सङ्घको साहित्य मन्त्री भएर 'छात्रवाणी' पत्रिकाको सम्पादक हुने सौभाग्य पनि मलाई प्राप्त भयो ।

पृथ्वीनारायण शाहको ससुराली बनारस, भानुभक्तले प्रथम शिक्षा पाएको थलो बनारस, मोतीराम भट्टले गद्य साहित्यको सुरुआत गरेको बनारस, नेपाली पुस्तक प्रकाशनको केन्द्र बनारस, विश्वमा एक मात्र नेपाली स्वामित्वको मन्दिर भएको ठाउँ बनारस, नेपाली वृद्धाहरूको 'काशीवास' गर्ने ठाउँ बनारस; काशी हिन्दू विश्वविद्यालयमा छुट्टै 'नेपाली विभाग भएको बनारस, नेपाली

राजनीतिक कार्यकर्ताहरूको शरणास्थली बनारस जहाँ बी.पी. कोइराला, पुष्पलाल तथा मदन भण्डारीहरू कुनै जमानामा शरणार्थी भएर बसेका थिए। अझ पनि बनारस नेपालीहरूको आकर्षणको केन्द्र छ– जाडो छल्न आउनेहरू रानी जगदम्बाले बनाइदिएको नेपाली धर्मशालामा शरण पाउँछन्।

बनारसमा पढ्दा नेपालका नेपाली छात्रहरू गर्मी महिनाको दुई महिने बिदामा घर जाँदा मलाई पनि लैजान्थे। यसरी पूर्वतिर विराटनगर, धरान, धनकुटा, तेह्रथुम, चैनपुर र पश्चिममा भैरहवा, लुम्बिनी, बुटवल, पाल्पा, गुल्मी, प्यूठानसम्म पैदलै भ्रमण गरेँ।

धनकुटा र चैनपुरमा बस्दा मैले एउटा कथासङ्ग्रह 'सम्झनाको बादल' लेखेँ। बुबा काशीबहादुर एक पटक काठमाडौँ आउँदा राजा महेन्द्रबाट 'तिमीलाई केही चाहिन्छ' भनी सोध्दा, 'अरू केही होइन सरकार, 'उदय'लाई विज्ञापन र छोराको कथासङ्ग्रह प्रकाशित गर्न मद्दत' भन्दा भा.रु. १२००।– बकस भएछ।

पछि मैले 'प्रगति'का सम्पादक नारायणप्रसाद बाँस्कोटाको सहयोगले दस वर्ष नेपालमा सरकारी जागिर खाएँ र उनी प्रचार विभाग (हाल सूचना विभाग)बाट निस्केपछि मलाई पनि टिक्न गाह्रो भयो र फेरि बनारसै फर्कें।

बनारस फर्केपछि मेरो साहित्यिक यात्रा फेरि सुरु भयो। मैले लेखेका किताबहरूले सम्मान पाउँदै गए। म साहित्य अकादेमीको नेपाली विभागमा परामर्श मण्डलको सचिव पनि भएँ। 'अथर्स गिल्ड अफ इन्डिया'को वार्षिक सम्मेलन हरेक वर्ष भारतका विभिन्न प्रान्तको राजधानीहरूमा हुँदा मैले भारतका प्रमुख सहरहरू भ्रमण गर्ने र अन्य भाषाका साहित्यकारहरूसँग परिचित हुने मौका पाएँ। मेरा कथाहरू अन्य भाषाका पत्रिकाहरूमा अनूदित भएर छापिन लाग्यो। तेलुगु भाषाको प्रसिद्ध पत्रिका 'इनाडु'मा पनि छापियो। 'सम्झनाको बादल' मराठी भाषामा अनूदित भई 'आठवमेप्न' शीर्षकले छापियो।

दिल्ली जाँदा नेपाली राजदूतावासमा राजदूत भेषबहादुर थापाज्यूसँग भेट भयो र उहाँले बनारसमा प्रथम 'नेपालभारत साहित्यकार सम्मेलन गराउने जिम्मा दिनुभयो । दोस्रो पटक देहरादून भारत नेपाल कवि सम्मेलन गराउने जिम्मा पाएँ जसमा नेपालबाट उषा शेरचन, मञ्जुल र बिर्खे नगर्ची'का कवि (नाउँ बिर्से) सहित प्रा.राजेन्द्र सुवेदी पनि सहभागी थिए ।

पिताजीको देहावसानपछि 'उदय' बन्द भयो । महानन्द सापकोटाज्यूले घचघच्याएपछि पुन: प्रकाशन आरम्भ गरेँ । देहरादून र सिक्किमका 'उदय' प्रेमीहरूले बेलाबखत आर्थिक सहयोग पनि गरे । 'उदय' नपुग्ने ठाउँ अहिले कहीँ छैन । 'उदय' बन्द भयो भने 'दीक्षित परिवारलाई दु:ख होला' भनेर कमलमणि दीक्षितजीले दस हजार भा.रु. सहयोग गर्नुभयो । देहरादूनका अवकाशप्राप्त गोर्खा सैनिकहरूले बेलाबेलामा चन्दा सङ्कलन गरी सहयोग गर्छन् ।

जीविकाका लागि मैले छद्म नाउँले जासुस हिन्दी उपन्यासहरू इलाहावादका एक जना 'पकेट बुक' प्रकाशकलाई दिन्थेँ । एउटा हिन्दी दैनिक सत्मार्ग हिन्दीका प्रकाशक हिन्दी प्रचारक संस्थान र रत्न पुस्तक भण्डारको बनारस अफिसमा काम गरेर जीविका चलाउँथेँ र जहान– छोराछोरी पाल्थेँ । छोराछोरीहरू ठूला भएपछि उनीहरूको शिक्षाको खर्च पनि थपियो । 'उदय' निकाल्ने जिम्मेवारी सर्वोपरि थियो ।

मेरो यस दु:खसुखमा सधैँ साथ दिने मैले लक्ष्मणजस्तो भाइ विजय पाएको छु । म आभार प्रकट गर्दिनँ, किनभने यो धृष्टता हुनेछ । बरु म प्रसन्नता व्यक्त गर्दछु ।

अन्तमा एक पटक फेरि नइ प्रकाशन र नइ पुरस्कारका सर्वेसर्वा प्रसाईदम्पतीलाई हृदयदेखि आभार व्यक्त गर्न चाहन्छु । आदरणीय सत्यमोहन जोशी र उपस्थित सबै साहित्यप्रेमीहरूप्रति हार्दिक धन्यवाद अर्पण गर्छु ।

२०७८ साल असोज २३ गते

## नइ रजत महोत्सव पुरस्कारबाट विभूषित महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीको सम्बोधन

सभाध्यक्षा, नइ प्रकाशनकी संस्थापक अध्यक्षा एवम् वरिष्ठ नेपाली साहित्यकार इन्दिरा प्रसाईज्यू, प्रमुख अतिथि वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीज्यू, बहु प्रज्ञाक्षेत्रका आज सम्मानित हुने प्रतिष्ठित साधकसाधिकाज्यूहरू, नइ प्रकाशन तथा त्रिमूर्ति निकेतन संस्थाका रचनाकार वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाईज्यू तथा यस सभामा समुपस्थित वरिष्ठ साहित्यकार, कलाकार र विद्वज्जन एवम् समादरणीय सहभागी सबै सभासद्ज्यूहरूमा मेरो विनीत अभिवादन !

नेपाली वाङ्मय र साहित्य तथा कलाका विभिन्न क्षेत्रका यति सम्मान्य सुधी साधकहरूको अनि नेपाली कला र साहित्यका पारखी र प्रेमी अनेक जनको विशिष्ट समागम भएको यो सभा, यो शुभ दिन स्वयम्मा प्रिय छ र प्रेरणादायी पनि छ– हाम्रा निम्ति । हामी यस अवसरमा नइ प्रकाशन परिवारसँगै यसका मूल ऊर्जाकेन्द्र नइ (नरेन्द्र, इन्दिरा) दुवैप्रति हार्दिक आभार व्यक्त गर्दछौँ– यसरी यहाँहरूले विभिन्न भूमिकामा हामीलाई सादर सम्झी सम्मानित र पुरस्कृत गरेकामा हामी कृतज्ञ र अनुगृहीत छौँ ।

यहाँ नेपाली भाषासाहित्य, कला, संस्कृति तथा विद्या एवम् वाङ्मयका बहु प्रज्ञाक्षेत्रको प्रवर्द्धनका निम्ति ऐतिहासिक महिमायुक्त उच्च योगदान गर्दै आएको यस जीवन्त र जाग्रत संस्था नइ

प्रकाशनको स्थापनाको पच्चिस वर्ष पूरा भएको रजत महोत्सवको यो गरिमामय प्राज्ञिक समागम सम्पन्न भइरहेको छ । यस उल्लासमय अवसरमा यति बृहत् उच्च ध्येय भएको नइ प्रकाशन संस्थाको परिकल्पनाकार र अथक परिचालक नइ (नरेन्द्र इन्दिरा) एवम् नइ प्रकाशनको सम्पूर्ण प्राज्ञिक परिवारप्रति म मेरातर्फबाट हार्दिक बधाई र संस्थागत दिगोपनका निम्ति शुभेच्छासमेत व्यक्त गर्दछु ।

नेपाली भाषासाहित्य साहित्येतर वाङ्मय एवं कला र संस्कृतिको बहुआयामिक प्रवर्द्धनका अनुष्ठानमा विगत पच्चिस वर्षबीच निष्ठापूर्वक क्रियाशील रही विशिष्ट कीर्तिमान कायम गर्दै आएको नइ प्रकाशनका यस उल्लासमय रजत महोत्सवका अवसरमा यहाँहरूले स्नेहपूर्वक मलाई यति उच्च पुरस्कार तथा सम्मानद्वारा पुरस्कृत र सम्मानित गर्नुभयो; यो मेरा निम्ति सधैँ स्मरणीय विशेष उत्प्रेरक क्षणका रूपमा रहनेछ । यहाँहरूद्वारा मलाई २०७६ सालको प्रतिष्ठित 'नइ ईश्वर बराल' पुरस्कारबाट सम्मानित गर्दै अहिले रु. पाँच लाख रकमको 'नइ प्रकाशन रजत महोत्सव पुरस्कार' (२०७७) एवम् नेपाली साहित्यको महासमालोचकको गुरुतर उच्च सम्मान प्रदान गर्ने यति भव्य उपक्रम गरिएकोमा म कृतज्ञ छु । यस अवसरमा नेपाली साहित्यजगत्मा सुप्रतिष्ठित नइ प्रकाशन संस्थाका आमन्त्रणमा यहाँ यस साहित्यिक अनुष्ठानमा समुपस्थित तथा सहभागी भई मलाई समेत विशेष प्रोत्साहित गर्नुभएकामा सम्पूर्ण आदरणीय विद्वत्समुदायमा पनि सविनय आभार व्यक्त गर्दछु । यिनै परिसन्दर्भमा गरिएको आभार ज्ञापनप्रति मूलत: लक्षित मेरो यस मन्तव्यको आधारभूत संरचनाअन्तर्गत नेपाली जगत्का सुप्रतिष्ठित यी दुई जोर जनस्तरीय प्राज्ञिक संस्था नइ प्रकाशन (वि.सं.२०५२) र त्रिमूर्ति निकेतन (वि.सं.२०५९) को बहुआयामिक प्राज्ञिक प्रवर्द्धन एवम् समुन्नयनको अभियानको बृहत् मूल वृत्तको परिमित चर्चासँगै हाम्रा वरिष्ठ अग्रज तथा पारखी साहित्यवेत्ता महान् समालोचक स्वर्गीय

प्रा.डा.ईश्वर बरालको समालोचकीय योगदानबारे पनि सादर उल्लेखसहित उहाँप्रति सम्झनाका श्रद्धासुमन चढाउने र मेरो आफ्नै छ दशकजति लामो अद्यावधिक नेपाली साहित्यिक समालोचनायात्राको प्रस्फुटन (वि.सं.२०१८–२०२०–२०२३) का र प्राथमिक प्रतिष्ठापनका प्रक्रिया (२०२४–२०२७, २०२८–२०३१–२०३४–२०३५) का सुरुवाती डेढ दशकजति समयका प्रयास र प्राप्तिबारेको एक झल्को सम्झना पनि म यहाँहरूसमक्ष प्रस्तुत गर्दै छु जसअन्तर्गत मेरो नेपाली भाषासाहित्यको चार दशक लामो प्राध्यापन यात्राको २०२४ सालदेखि २०३४–२०३५ सालसम्मको सुरुवाती एक दशकको अवधि पनि पर्दछ ।

नेपाली भाषा र साहित्यका मूल केन्द्रबाट नेपाली कला, संस्कृति र बहुविध वाङ्मयिक क्षेत्रको स्रष्टा साधक अभ्यर्चनामा मेरो जीवनको पनि स्वप्निल ध्येय रह्यो । तर आज म भिन्नै परिस्थितिमा छु । यहाँ म स्वयम् उनासी वर्षका गोधूलि वयमा नेपाली भाषा र साहित्यका अनुरागी र पारखी यहाँहरूजस्ता प्राज्ञिक जनहरूका तर्फबाट पाएको यस्तो अपार स्नेह, सद्भाव, सौजन्य, सौहार्द र यति उच्च पुरस्कार एवम् महासमालोचकजस्तो गरिमामय सम्मानका निम्ति यहाँहरूप्रति हृदयदेखि नै विनीत कृतज्ञता र आभार अभिव्यक्त गर्दछु । नेपाली साहित्यिक समाजको यति उच्च स्नेह र सम्मान पाएको आजको यस सुखद ऐतिहासिक समयसन्दर्भले नेपाली भाषा तथा साहित्यका समृद्धि र श्रीवृद्धिका निम्ति शेष जीवनमा पनि थप साधनारत रहने मलाई ठूलो रचनात्मक उत्प्रेरणा प्राप्त भएको छ र त्यो मेरो सारस्वत साधनाशील जीवनको नव उत्प्रेरणाबिन्दुसमेत हुन पुगेको छ भनी यहाँहरूसमक्ष सादर निवेदन गर्दछु ।

म प्रसङ्गवश अब यहाँ नइ (नरेन्द्र इन्दिराका) अग्रसरतामा संस्थापित दुई संस्थामध्ये प्रथमत: नइ प्रकाशन (२०५२) का सम्बन्धमा र त्यसपछि यसैको सहोदर संस्थातुल्य त्रिमूर्ति निकेतन (२०५९) का

बारेमा केही सान्दर्भिक चर्चा गर्दै प्रस्तुत मन्तव्यलाई अगि बढाउने उपक्रम गर्दै छु– आज हामीलाई यहाँ सम्मानपूर्वक पुरस्कृत गर्ने प्रतिष्ठित दातृसंस्थाप्रति संस्थागत कृतज्ञताका अभिव्यक्तिकै क्रममा । यहाँ सुरुमा नै भनौँ– नेपाली समाज र संस्कृतिमा पुण्यमय दानशीलता प्राचीन कालदेखि वर्तमान कालसम्मकै एक सम्मानित सांस्कृतिक सत्प्रवृत्तिका रूपमा रहँदै आएको छ र सार्वजनिक महत्त्वका सत्कार्यका निम्ति सत्पात्रमा दान दिनु उत्तम दान हुँदै हो अनि हिन्दू र बौद्ध संस्कृतिमा दानपतिका दानगाथा चर्चित नै रहेका छन् ।

वि.सं.२०५० का दशकमा नेपाली मध्यमवर्गी परिवारका युवा शिक्षित पुस्ताका प्रतिभासम्पन्न तथा केही गरेर देखाऊँ भन्ने आँट, अठोट र ऊर्जाका धनी साहित्यकार नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई परिस्थितिवश जुटे, जो नेपाली भाषा, साहित्य, संस्कृति आदि क्षेत्रको प्रवर्द्धनका निम्ति केही गर्ने उम्मेद राख्दथे । यिनले सीताराम प्रज्ञाप्रतिष्ठान (२०४९) र भूपालमानसिंह कार्की प्रज्ञापरिषद् (२०५२) को विशेष आश्रय र माध्यम पाउँदा धेरैको सद्भाव र सहयोग परिचालन गरी निकै ठूलठूला साहित्यिक सम्मानका कामसमेत गरेर देखाए । यी विभिन्न अनुभववृत्तबाट पनि उत्प्रेरित रही यिनले आफ्ना विशेष क्रियाशीलतामा नेपाली भाषा, साहित्य, वाङ्मय, संस्कृति आदिको समुन्नयनका निम्ति सोधखोज र पुस्तक प्रकाशन गर्ने अनि स्रष्टा र विद्वज्जनका सम्मानका निम्ति पुरस्कारको व्यवस्था गर्नेलगायतका पुनीत भाव र ध्येयबाट उत्प्रेरित रही आफ्ना र अनेकौँ उदारहृदयी र दानशील महानुभावहरूका पुण्यमय दानको सञ्चयनसमेत गरी २०५२ साल माघ १५ गते स्थापित गरेको नइ प्रकाशनको अद्यावधिक अक्षयकोष मूलधन कुल रु. २ करोड ५० लाखजति पुगेको जानकारी पाइन्छ र यसका मुख्य दाताहरूमध्ये दानवीर खनूपुरुदे (रामबाबू), कीर्तिनिधि विष्ट, विष्णुभक्त प्रसाई, दुर्गादेवी नेपाल, भरत रूपा प्रसाई तथा नरेन्द्र इन्दिरा प्रसाई र

डा.कञ्चनजङ्घा प्रसाई, बुलु शर्मा, यज्ञप्रसाद उमा आचार्य र ज्योति जुनु निरौला, प्रा.डा.रामप्रसाद उप्रेती र लक्ष्मी उप्रेती, रानू बराल, इ.दीपकराज र जुली प्रसाई, प्रा.डा.शशि शर्मा र प्रा.डा.ज्योति शर्मा, उन्नति बोहरा 'शीला', प्रा.डा.उषा ठाकुर, उषा शेरचन आदि विशेष उल्लेख्य रहेको देखिन्छ । नइ प्रकाशनबाट हालसम्म विभिन्न लेखकका डेढ सयभन्दा बढी विशिष्ट ग्रन्थ प्रकाशित छन् । यी विविध विषयक्षेत्रका छन्– नेपाली भाषा, साहित्य, समालोचना, वाङ्मय, ज्ञानविज्ञान, कला (सङ्गीत, गायन, चित्र, नृत्य), धर्मसंस्कृति, खेलकुद, समाजसेवा, राष्ट्रिय चिन्तन र प्राज्ञिक जनका बहुपक्षीय वा बहुआयामिक विशिष्ट योगदान आदिसँग सम्बन्धित । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका साथै मुलुकवासी र बहिर्वासी गोरखाली-नेपाली समुदायका स्तरमा समेत दिइने यी नइ शृङ्खलाका पुरस्कार सम्बन्धित दाताका सङ्क्षिप्त नामबाट नामाङ्कितसमेत हुने गरेका छन् । नरनारी दुवै तथा युवा र बालप्रतिभाका साथै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक प्रतिभालाई पनि समेट्ने यी पुरस्कार रकमका दृष्टिले चाहिँ २०७६ सालसम्म नइ  देरुख अन्तर्राष्ट्रिय पुरस्कार र नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार क्रमशः रु. तीन र दुई लाख रकमका छन् भने रु. एक लाख रकममा तेह्रवटा रु. साठी हजार रकमका दुईवटा पुरस्कार रु. पचास हजार रकमका तीनवटा पुरस्कार र अरू पुरस्कार पच्चिस, दस, सात र पाँच हजार रकमका छन् । नइ शृङ्खलाका यी विभिन्न पुरस्कारमध्ये केही २०६६ सालभन्दा अगिदेखिका नै र धेरैजसो २०६६ सालदेखि यता सुरु भएका देखिन्छन् भने २०७७ सालसम्ममा २८० जना साधकसाधिका उपर्युक्त विभिन्न पुरस्कारले पुरस्कृत भइसकेको देखिन्छ । यसरी नइ शृङ्खलाका उपर्युक्त विभिन्न तीस पुरस्कारका विषयक्षेत्र, प्राप्तकर्ता र रकमलगायतको सापेक्ष स्थिति प्रतिवर्ष पर्याप्त विस्तारित हुँदो क्रममा रहेको देखिन आउँछ । साथै नइ प्रकाशनबाट २०५६ सालदेखि २०६४ सालका बीच नइ शृङ्खलाका नइ सुर पुरस्कार, नइ माधव

घिमिरे पुरस्कार, नइ नातिकाजी पुरस्कार, नइ तारादेवी पुरस्कार, नइ कलानिधि पुरस्कार, नइ शिखासुर पुरस्कार, नइ इरा पुरस्कार र नइ सुर बाल पुरस्कारबाट गीतसङ्गीत क्षेत्रका एकतिस जना साधकसाधिका पुरस्कृत भएको र नइ अरनिको सम्मानबाट दुई जना कलाकारको सम्मान भएको अनि २०५५–२०६६ बीच छ जना विशिष्ट व्यक्तिहरूको अभिनन्दनसमेत भएको देखिन्छ ।

नइ प्रकाशनकै एक सगर्भ संस्थाका रूपमा त्रिमूर्ति निकेतन आधुनिक नेपाली साहित्यका अग्रणी प्रतिष्ठापकत्रय कविशिरोमणि लेखनाथ पौड्याल, महानाटककार बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता नेपाली साहित्यका त्रिरत्न पनि भनिने श्रद्धेय त्रिमूर्तिका संयुक्त सम्झना र सम्मानमा २०५९ साल असार १३ गते सङ्गठित र संस्थापित भएको हो र काठमाडौँको सञ्चारग्रामका विशिष्ट भूमिमा २०६१ साल भदौ १ गते यस संस्थाको भवनको औपचारिक उद्घाटन र त्रिमूर्तिका छछ फिटका पूर्ण कदका ढलौटे सालिकको सार्वजनिकीकरणसमेत सम्पन्न भएको हो अनि त्यहाँ त्रिमूर्ति पुस्तकालयको स्थापनासमेत गरिएको हो । नइ प्रकाशनकै संयोजनमा मुख्यत: साहित्यकार घटराज भट्टराई (स्वर्गीय), नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईका विशेष सक्रियतामा सम्बन्धित सबका सहयोगबाट यी कार्य सम्पन्न भएका हुन् (त्रिमूर्ति अभिलेख २०७६, पृ.३४) र यस निकेतनलाई नइ प्रकाशनकै स्वतन्त्र संस्थागत विस्तार भन्न पनि मिल्ने देखिन्छ । यस निकेतनअन्तर्गतका यिनै त्रिमूर्तिका नामबाट नामाकरण भएका तीन साहित्यिक आधुनिक नेपाली संस्थामध्ये दुई संस्था पूर्वअस्तित्वमा नै थिए (बालकृष्ण सम फाउन्डेसन, वि.सं.२०५२ र लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, वि.सं.२०५३) भने साहित्यकार लेखनाथ पौड्याल काव्यसभा (२०६२) पछि थपियो । त्रिमूर्ति निकेतनको अध्यक्षता वरिष्ठ साहित्यकार इन्दिरा प्रसाईबाट गरिएको छ र त्रिरत्नसम्बन्धी उपर्युक्त तीन संस्थाका वर्तमान

संयोजक क्रमश: वरिष्ठ साहित्यकार प्रा.राजेन्द्र सुवेदी (स्वर्गीय), वरिष्ठ कलाकार नाटचभूषण मदनदास श्रेष्ठ र वरिष्ठ साहित्यकार प्रा.ठाकुरप्रसाद पराजुली रही तिनमा अरू विभिन्न विशिष्ट व्यक्तिहरूको सहभागितासँगै वरिष्ठ साहित्यकार नरेन्द्रराज प्रसाईबाट सदस्यसचिवको कार्यभार वहन गरिँदै आएको देखिन्छ । नेपाली साहित्यका त्रिरत्न मानिने यी तीन जना अग्रज महान् स्रष्टाका नाममा पुरस्कारहरू स्थापित गरी सो प्रदान गर्ने व्यवस्था मिलाउनु यस निकेतनको प्रथम दायित्व रह्यो । यस सन्दर्भमा २०५७ सालदेखिकै बालकृष्ण सम पुरस्कार र २०५८ सालदेखिकै लक्ष्मीप्रसाद देवकोटा पुरस्कार हुन् र २०६१ सालदेखि लेखनाथ पौडचाल पुरस्कारको थालनी भई तिनको सुरु रकम पाँचपाँच हजारको थियो भने ती सबैको पुरस्कार हाल रकम एकएक लाख रुपियाँ पुगेको छ । त्रिमूर्ति अभिलेख (२०४७ माघ २४, पृ.९–११) अनुसार क्रमश: तेह्र, सोह्र र अठार जना विशिष्ट स्रष्टा (साहित्यकार र कलाकार) हरू हालसम्म यी तीन विशिष्ट पुरस्कारबाट पुरस्कृत तथा सम्मानित भइसकेको देखिन्छ ।

त्रिमूर्ति निकेतनले यी तीन मूल पुरस्कारको व्यवस्थासँगै सुरुतिरै खास गरी देवकोटा सम्मान र देवकोटा विद्वद्वृत्ति दिएको देखिन्छ भने २०६७ सालदेखि छुट्टै एकएक लाख रुपियाँका लेखनाथ पौडचाल काव्य पुरस्कार, बालकृष्ण सम पुरस्कार र महाकवि देवकोटा पुरस्कार, त्रिरत्न पुरस्कारको स्थापना गरी ताम्रपत्र र नगद राशिसहित सो पुरस्कार नेपाली भाषा र साहित्यका स्रष्टा र साधकलाई दिने व्यवस्थासमेत गरेको देखिन्छ । अनि २०७४ सालसम्ममा ७० जनाजति स्रष्टासाधक यसरी सम्मानित हुन पुगेका छन् । त्यस्तै यस निकेतनबाट २०७२ सालदेखि एक जना नारी साहित्यकारलाई रु. एक लाखको नेपाली साहित्य नारीरत्न पुरस्कार स्थापना गरी सो २०७६ सालसम्म चार जना नेपाली नारी साहित्यकारलाई दिइएको

पाइन्छ । त्यस्तै यस निकेतनबाट प्रशस्तिपत्र र नगदसहित त्रिमूर्ति पदक पनि दिने गरिएको देखिन्छ– नेपाली भाषा र साहित्यका सेवकहरूलाई । त्यस्तै २०७१ सालका विश्व नारी नेपाली साहित्य सम्मेलनका क्रममा पनि चार जना नेपाली नारी प्रतिभाहरूलाई त्रिमूर्ति पुरस्कार र अरूलाई त्रिमूर्ति पदक र त्रिमूर्ति सेवा पदक प्रदान गरिएको देखिन्छ । २०६५–२०६६ सालमा महाकवि देवकोटा जन्मशताब्दी महोत्सव र त्यसका अन्तिमतिर २०६६ सालमै अन्तर्राष्ट्रिय नेपाली भाषा सम्मेलनको भव्य आयोजना गरेर संस्थागत प्राज्ञिक राष्ट्रिय र अन्तर्राष्ट्रिय पहिचानको विशेष अभिवृद्धि हुन आयो ।

त्रिमूर्ति निकेतन संस्थाबाट २०५९ सालमा बालकृष्ण सम जन्मशताब्दी महोत्सवको आयोजना भयो र त्यस अवसरमा पन्ध्र जना विशिष्ट नाटचकर्मी कलाकारहरूलाई बालकृष्ण सम शताब्दी सम्मान अर्पण गरिएको थियो । डा.मोदनाथ प्रश्रितका अध्यक्षतामा समारोह समिति गठन भई २०६५–२०६६ सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्म शताब्दी महोत्सव विभिन्न कार्यक्रमसहित सम्पन्न भई महत्त्वपूर्ण ग्रन्थहरूको प्रकाशन र बाह्र जना विशिष्ट व्यक्तिलाई महाकवि देवकोटा शताब्दी महासम्मान, २००० सालपूर्व जन्मेका सय जना साहित्यसाधकलाई देवकोटा शताब्दी सम्मान पुरस्कार र अरू स्रष्टा, शोधकर्ता, कलाकार, साहित्यिक पत्रकार अनि नेपालबाहिरका नेपाली भाषाका साहित्यकार र साहित्यप्रवर्द्धकलाई समेत उक्त शताब्दी सम्मान प्रदान गरिएको थियो र उक्त अवसरमा विभिन्न पुरस्कार, स्वर्णपदक, कदरपत्र आदिसमेत प्रदान गरिएको थियो । यसै देवकोटा जन्म शताब्दी समारोह कार्यक्रमका अन्तिम चरणमा प्राज्ञ सत्यमोहन जोशीको संयोजकत्वमा आयोजित भई काठमाडौँमा २०६६ चैत ५–९ गतेका बीच विश्वका तेह्र राष्ट्रका त्यहींका मूलका नेपाली स्रष्टा र

भाषासाधकका प्रत्यक्ष सहभागितामा जुन पाँचदिने अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन सम्पन्न भयो त्यो विशिष्ट ऐतिहासिक महत्त्वको रह्यो । यस देवकोटा शताब्दी महोत्सवका अवसरमा र पछिसमेत चौधवटा विशिष्ट ग्रन्थसमेत प्रकाशित भएका छन् । यस निकेतनका आयोजनमा प्रा.डा.गार्गी शर्माका अध्यक्षतामा विश्व नारी नेपाली साहित्यसम्मेलन केन्द्रीय समारोह समितिको गठन भई काठमाडौँमा २०७१ जेठ १५–१७ मा सम्पन्न भएको र पाँच महादेशका बीस राष्ट्रका र नेपालका ७१ जिल्लाका नेपाली नारी स्रष्टाहरू सहभागी भएको सम्मेलन पनि ऐतिहासिक महत्त्वको रह्यो । यसमा वरिष्ठ नेपाली नारी साहित्यस्रष्टा डा.वानीरा गिरीलाई नेपाली साहित्यका विश्व नारी रत्नको सम्मान र रु.पाँच लाख नगदको भेटसँगै विभिन्न नेपाली नारी साहित्यकारलाई विश्व नारी नेपाली साहित्यसम्मान, त्रिमूर्ति पुरस्कार र विश्व नारी नेपाली साहित्यपदकको प्रदानसमेत गरिएको थियो । त्यस्तै त्रिमूर्ति निकेतनबाट प्रा.डा.उषा ठाकुरका संयोजकत्वमा वरिष्ठ संस्कृतिविद्, नेपाली लोकसाहित्यका अध्येता र नेपाली भाषाका विशिष्ट साहित्यकार तथा नेपालभाषा (नेवारी भाषा) का महान् साहित्यस्रष्टा सत्यमोहन जोशीलाई शताब्दी पुरुष सम्मान रु.पाँच लाख नगदभेटसहित अर्पण गर्ने शताब्दी महोत्सव २०७१ साल मङ्सिर १५ गते सम्पन्न भई पछि उहाँलाई नेपाल सरकारबाट वाङ्मय शताब्दी पुरुषको उपाधिसमेत अर्पण गरियो । यी विभिन्न स्मरणीय क्रियाकलापहरूबाट पनि यस निकेतनको प्रतिष्ठा वृद्धि भएको छ ।

नइको परिकल्पना र सक्रिय प्रबन्धनसमेतको विशेष सहयोग लिई बृहत् स्तरमा नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७० सालदेखि २०७२ सालसम्म भानुभक्त द्विशतवार्षिकी समारोहको मूल परिचालन गरेको थियो । नेपाल राष्ट्रका १४ अञ्चल र विश्वका २५ राष्ट्रमा समेत सम्बन्धित

समारोह समितिको गठन गरेर मनाइएको यस भानु द्विशतवार्षिकीका कार्यक्रम नेपाली साहित्यका सन्दर्भमा अहिलेसम्मको सबैभन्दा ठूलो संस्थागत सञ्जाल परिचालित भएको कार्यक्रम देखिन्छ । जे होस्, आदिकवि भानुभक्त आचार्यका जन्मका द्विशतवार्षिकी समारोहमा प्रत्यक्ष रूपमा नेपाल सरकार सक्रिय हुनु र अरू संस्थालाई पनि संस्थागत सहयोग गर्नु भने विशेष महत्त्वपूर्ण सन्दर्भ हुँदै हो ।

२०५२ सालमा नइ प्रकाशनको र २०५९ सालमा त्रिमूर्ति निकेतनको संस्थापन भई तिनमा नइद्वय संस्थापक र मूल प्रेरक ऊर्जा रही विभिन्न प्रतिष्ठित नेपाली विद्वान् र स्रष्टा तथा वाङ्मयसेवीहरूको विशिष्ट सहभागितासमेत जुटी क्रमश: नेपाली भाषासाहित्य, कला, वाङ्मय, धर्मसंस्कृति आदिका क्षेत्रको प्राज्ञिक प्रवर्द्धन र यिनका स्रष्टा, साधकसाधिका र विद्वत्वर्गको सम्मान र प्रतिष्ठाका प्रवर्द्धनका जेजस्ता पूर्वोक्त उत्प्रेरक सत्कार्यको सिलसिला विस्तारित हुँदै छ त्यो हाम्रा समयुगीन वाङ्मयिक स्मृतिपटलमा ताजै छ भने यी युगल जनसंस्थाले अब क्रमश: अढाई दशक (एक चौथाइ शताब्दी) र दुई दशक पुगनपुगको विशेष क्रियाशील र गौरवपूर्ण समय सेरोफेरोबीच यात्रा गर्दै नेपाली भाषासाहित्य, वाङ्मयभण्डार, कला, संस्कृति आदि विभिन्न प्राज्ञिक क्षेत्रको र तिनका स्रष्टा तथा साधकसाधिकाहरूको सम्मानको अझ थप प्रवर्द्धन र समुन्नयनमा नियमित रूपमा उल्लेख्य योगदान दिनाका साथै बेलाबखत कतिपय मानक चिरस्मरणीय ऐतिहासिक महत्त्वका सुकर्महरू पनि सम्पन्न गरी आफ्नो युगीन सार्थकता सिद्ध गरिसकेका छन् । यी जोडी संस्थाले नेपाली भाषा, साहित्य, कला, वाङ्मय र संस्कृति आदि प्रज्ञाक्षेत्रका संवर्धन र तिनका साधकसाधिकाका सार्थक सम्मान र अर्चनाका क्रममा प्रादेशिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय आयामसमेतलाई दृष्टिगत गर्दै नेपालभित्रको र नेपालबाहिरको समुच्चा नेपाली जगत्लाई जसरी समेट्ने प्रचेष्टा गर्दै आएको

पाइन्छ त्यो विशेष उल्लेख्य छँदै छ । यी दुई जनस्तरीय जोर प्रज्ञासंस्थाले बडो मिहिनेतपूर्वक विशेषत: जनस्तरबाट र केही मात्रामा सरकारी स्तरबाट पनि साधनस्रोत जुटाई निरन्तर खटी अनेक रचनात्मक नयाँ कार्यक्रमका माध्यमबाट अधिकाधिक सहभागी र सहयोगीहरूको विश्वास तथा सद्भावसमेत आर्जन गरी क्रमश: आफ्नो संस्थागत भौतिक पूर्वाधारको उल्लेख्य सुदृढीकरणसँगै प्राज्ञिक पर्याधार र परम्पराको थप समुन्नयन र प्रतिष्ठापन तथा विस्तारका कार्यका दृष्टिले पनि उल्लेख्य ऐतिहासिक योगदान गरेका छन् । नेपाली प्रज्ञाजगत्का प्रवर्द्धनका समयुगीन मानचित्रमा यिनको प्रतिष्ठित उपस्थिति तथा अवस्थिति समयसमयमा प्रमाणित भइसकेको छ ।

नेपालका पुरस्कारसंस्थाहरूमध्ये जेठो जनस्तरको प्रज्ञासंस्था मदनपुरस्कार गुठी (वि.सं.२०१३) को साढे छ दशकको ऐतिहासिक प्रतिष्ठासँगै सुयश र महिमा पनि छँदै छ र मदन पुरस्कार पुस्तकालय नेपाल र नेपालीको महत्त्वपूर्ण वाङ्मयिक मन्दिर र पुस्तक सम्पदा भण्डार सिद्ध भइसकेको छ र क. दी. (विशिष्ट वरिष्ठ नेपाली स्रष्टा र नेपाली भाषासाहित्य तथा वाङ्मयका महान् प्रेमी तथा प्रवर्द्धक एवम् संरक्षक कमलमणि दीक्षित) को नेपाली जातिप्रतिको उत्कृष्ट भेटस्वरूप राष्ट्रोपहार हुँदै हो भने त्यसभन्दा क्रमश: चार वा साढे चार दशक जतिपछि स्थापित नइ प्रकाशन (२०५२) र त्रिमूर्ति निकेतन (२०५९) का जोर जनस्तरीय उत्कृष्ट प्रज्ञासंस्थाको संयुक्त भावमूर्ति चाहिँ त्यही उन्नत मदन पुरस्कार परम्पराका ध्येयका प्रेरणाप्रदीपबाट क्रमश: उत्प्रेरित भई प्रज्वलित समयक्रमिक अर्को नवदीप जोडी जस्तो पनि प्रतीत हुन्छ । तर यी जोर संस्था आफ्नै ढङ्गले सङ्गठित र पर्याप्त पृथक ढाँचामै आफ्नै अनुभवले र ऊर्जाले हुर्केको समयुगीन महत्त्वको परवर्ती अर्को जनस्तरीय नेपाली प्राज्ञिक समवेत संरचनाका रूपमा खडा हुन आएका हुँदै हुन् । यिनको दिगो अस्तित्व र निरन्तरित सेवाप्रवाहको सुव्यवस्था अब साझा नेपाली सरोकारको विषयसमेत हुनुपर्छ भन्ने मलाई लाग्छ ।

यहाँ मेरो एक विशेष कामना पनि छ– त्रिमूर्ति पुस्तकालय र नइ पुस्तकालय पनि फस्टाउँदै जाओस् ।

पहिले हामी आदरणीय कमलमणि दीक्षितलाई भन्ने गर्थ्यौं– नेपाली साहित्यका नयाँ मोतीराम; भाद्रकृष्ण गोकर्णे औँसीमै जन्मेका, उच्च स्रष्टासँगै नेपाल भाषा र साहित्यका महान् प्रेमी र प्रवर्द्धक । नरेन्द्रचाहिँ नेपाली भाषा र साहित्यका समयुगीन संवर्द्धक अर्का आफ्नै ढपढङ्गका नयाँ मोतीराम; सामाजिक विप्लवी तर नेपाली भाषासाहित्यका परम सेवक । नइ जोडीका जोर संस्थाबाट विगत अढाई दशकबीच सयौँ साहित्यिक सभाअनुष्ठान सम्पन्न भइसकेका छन् र दुई सयभन्दा बढी विशिष्ट नेपाली ग्रन्थ प्रकाशित छन् अनि नेपाली सभ्यता र संस्कृतिका संवाहक र सेवी एवम् नेपाली वाङ्मयिक मनीषी र कृतिहरू हजार जनाभन्दा बढी २०७६ सालसम्मकै समयसन्दर्भमा पनि विविध ढङ्गले सम्मानित भइसकेको देखिन्छ जुन जनस्तरीय प्रतिमानमा निकै ठूलो वाङ्मयिक सेवा र योगदान हुँदै हो ।

सम्मानित नइ प्रकाशनका तर्फबाट यहाँ मलाई रु. एक लाखको २०७६ सालको समालोचना (समालोचना, सम्पादन र अन्वेषण) क्षेत्रको नइ ईश्वर बराल पुरस्कार प्रदान गरिएकामा यस गौरवी संस्थाप्रति (र नइद्वयसँगै नइ प्रकाशन प्ररिवारप्रति) एवम् श्रीमती रानू बराल, डा.शशि शर्मा, डा.ज्योति शर्माप्रति हार्दिक आभार व्यक्त गर्दै आधुनिक नेपाली साहित्यिक समालोचनाका एक प्रतिष्ठापक र महान् यशस्वी अग्रणी पथनिर्माता तथा मेरा श्रद्धेय अग्रज स्वर्गीय प्रा.डा. ईश्वर बराल (जन्म वि.सं.१९८०, बस्तीपुर, सिराहा र देहावसान वि.सं.१९५४, काठमाडौँ) का पुण्य स्मृतिमा म ससम्मान हार्दिक नमन गर्दछु र यी शाब्दिक श्रद्धासुमनसमेत अर्पण गर्दछु । डा.ईश्वर बरालको सुनाम र पुण्य स्मृतिसँगै जोडिएको यस विशिष्ट पुरस्कारबाट सम्मानित हुन पाउँदा म आफूलाई अत्यन्तै गौरवान्वित अनुभव गर्दछु ।

अन्त्यमा पुन: आज हामीहरूलाई यसरी सम्मानित र पुरस्कृत गर्ने नेपाली साहित्यजगत्को सुप्रतिष्ठित संस्था नइ प्रकाशनलाई यस उल्लासमय ऐतिहासिक रजत महोत्सवका क्षणमा हामी सबैका तर्फबाट हार्दिक बधाई र हामीलाई प्रदान गरिएको यस उच्च स्नेहसम्मान, पुरस्कार र स्नेहोपहारनिम्ति हाम्रातर्फबाट साझा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै नेपाली भाषा र साहित्यका नीलकण्ठ साधनामा निरन्तर लागी साहित्यामृतका सिर्जनामा र समालोचना विधालाई साहित्यिक कृतिपरक शोधपरक र वस्तुनिष्ठ, निर्विष एवम् र आत्मानुशासित तथा गुणग्राही, पारखपूर्ण र गहिराइपूर्ण शालीन प्राज्ञिक अध्ययनका रूपमा सुविकसित गर्न पनि आजीवन नै म लागिरहनेछु ।

सृजनात्मक मनोविज्ञानका वेत्ताहरूका भनाइमा पनि प्रोत्साहन र प्रशंसाले मानिसलाई रचनात्मक ऊर्जा तथा उत्प्रेरणा प्रदान गर्दछन् अनि हप्काइ र गालीले मानिसलाई नकारात्मक रूपमा कुण्ठित र हतोत्साहित तुल्याउँछन् भने यी विपरीत खाले प्रवृत्तिले त्यस्तै किसिमले पार्ने अनुकूल र प्रतिकूल असर बालमनोविज्ञानका सन्दर्भमै पनि प्रमाणित नै छ भनिन्छ । कुनै साहित्यस्रष्टा र साहित्यद्रष्टाका तथा पारखी समालोचकका मानसिक सृजनात्मक जीवनमा पनि कुनै प्रशंसावचन र सम्मान तथा स्नेहपूर्ण व्यवहारले चिरकालसम्म रचनात्मक ऊर्जा दिइराख्दछ भने कुनै दुर्वचन, गाली वा निन्दाका नकारात्मक व्यवहारले चाहिँ चिरकालसम्म बिझी डम्बरे काँडाले झैँ घोचिराख्छ भनी स्थापितै छ । आज यहाँहरूले मलाई यस उनासीबर्से गोधूलि वयमा स्नेहपूर्ण रूपमा सम्झी यतिको उच्च महासमालोचक सम्मान र पूर्वोक्त नइ ईश्वर बराल पुरस्कार (२०७६) का अतिरिक्त रु पाँच लाख रकमको उच्च रकम राशिको नइ प्रकाशन रजत महोत्सव पुरस्कार (२०७७) को नगद रकम पुरस्कार प्रदान गरी जुन रचनात्मक जीवनऊर्जा थपिदिनुभएको छ त्यसमार्फत मलाई समुच्चा जीवनभर साहित्यसाधनाका पथमा निरन्तर

खटिरहन ठूलो रचनात्मक ऊर्जासमेत प्रदान गर्नुभएको छ र म त्यसप्रति अत्यन्त आभारी छु ।

•

नइ प्रकाशन नेपाली भाषा र साहित्यका साथै साहित्येतर वाङ्मयका प्रवर्द्धनमा अविच्छिन्न साधनारत एक अग्रणी संस्था हो । यसको योगदान समकालिक नेपाली वाङ्मयको श्रीवृद्धिमा विशेष व्यापक र बहुआयामिक पनि छ । नइ प्रकाशनलाई नेपाली जीवन र जगत्को आँखाको नानीजस्तो प्रिय तुल्याई ठेट नेपाली ढङ्गले नेपालको गौरव वृद्धिका अनुष्ठानको अभिन्न अङ्गका स्वरूपमा हुर्काउन आफ्ना गाँससमेत काटी दृढ रूपमा साधनारत 'नइ'द्वयको म सह्नी गर्दछु ।

यो सुन्ने पढ्ने सबैलाई सादर धन्यवाद  !

२०७८ साल असोज २३ गते

(नइ प्रकाशनको रजत महोत्सवका अवसरमा महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीद्वारा लिखित संस्मरण र समीक्षा 'नइ रजत महोत्सव र मेरो नेपाली साहित्यसमालोचना साधना' (२०७८) नामक कृतिबाट सारसङ्क्षेप ।)

## नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित अमेरिकाका प्रा.मोहन सिटौलाको सम्बोधन

यस विशिष्ट सभाका सभापति श्रीमती इन्दिरा प्रसाईज्यू, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीज्यू, भाषासाहित्य, संस्कृति लगायत विभिन्न क्षेत्रका पुरस्कृत एवम् सम्मानित स्रष्टा र द्रष्टा व्यक्तित्वहरू, विभिन्न सामाजिक, साहित्यिक, सांस्कृतिक, विविध वाङ्मयिक बौद्धिक उच्च हैसियतमा रहनुभएका महत्त्वपूर्ण ऐतिहासिक चिन्तनशील गतिविधिहरूमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएका विद्वद्वर्ग, यति बृहत् र पुरस्कारका उदारमना दाताहरू, यो भव्य समारोहमा उपस्थित प्रतिष्ठित महिला एवम् सज्जनवृन्द !

विश्वमा विद्यमान रहेका लाखौँ साहित्यिक र सांस्कृतिक सङ्घसंस्थाहरूका बीचमा एक छुट्टै जाज्वल्यमान रूप, पहिचान, सीप अनि विचित्र परिकल्पना एवम् अठोट भएका दुई संस्था– नइ प्रकाशन तथा त्रिमूर्ति निकेतनका जोर संस्थापक तथा वरिष्ठ साहित्यकारद्वय नरेन्द्रराज प्रसाई तथा इन्दिरा प्रसाईज्यू !

यो भव्य समारोहमा यहाँ उपस्थित सबैमा हार्दिक अभिवादन गर्दै सम्मानित विद्वान्, विदुषीहरूमा आत्मीय बधाई ज्ञापन गर्दै उहाँहरूसमेतका साझा हाम्रा अन्तस्लीलामा प्रवाहित शब्दसुमन अभिव्यक्त गर्ने अवसर पाएकोमा म अत्यन्त गौरवान्वित भएको कुरा जाहेर गर्दै सुप्रिय 'नइ'परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

कुनै पनि व्यक्ति, परिवार वा समाजमा नवनव चेतनाको प्रवाह र त्यसको ज्योतिको सदा अत्यन्त उर्बर एवम् महत्त्वपूर्ण भूमिका रहने गरेको कुरा नयाँ होइन । तथापि आन्तिरिक एवम् बाह्य रूपमा सदा गतिशील मानवसभ्यताको अनवरत पुन:पुन: पुनर्जागरणको प्रदीप्त चेतनाजन्य किरणहरूका सत्य र तथ्यले बताइरहेको कुरालाई प्रकारान्तरमा म यहाँ दोहोऱ्याउन चाहन्छु ।

**तमसोमा ज्योतिर्गमय ।**

जस्तो नवनव प्रकाशमय प्रदेशमा पुग्न सदा यात्राशील हुनु पर्छ भन्ने शाश्वत तथ्यका महान् वाणीहरूका पुलकित जन्मदाता ती वैदिक स्रष्टा र द्रष्टाहरूका पारम्परिक मानसपुत्र हामी अनि मुन्धुम र अन्यान्य प्राचीन चिन्तनपुञ्जका पनि वैचारिक सन्तति हामी सदा चेतनाको नवनव आलोकतिर यात्रा गरिरहेका छौँ । यही कुरालाई युगीन शक्ति प्रदान गर्ने महाकवि कालिदासले शङ्खघोष गरे–

**सञ्चारिणी दीप शिखेव रात्रौ ।**

अर्थात् उज्यालो बत्ती लिएर रातमा हिँडेजस्तो भन्ने यो काव्यिक पाउले अथवा वाक्यांशले अनवरत आन्तरिक सङ्घर्षशील मानवको सदा सचेत चैतन्यलाई सम्बोधन गर्छ, जहाँ परापूर्व कालदेखि पूर्वी र पश्चिमी सभ्यताको इतिहासमा सिर्जनशील शक्ति र वसुधैव कुटुम्बकम् अनि विश्व शान्ति र सिर्जनाको अखण्ड दीपशिखा लिएर चिन्तनशील साहित्यिक तपसीहरूले एक्लाएक्लै बनाएका अथवा साहित्यिक, सांस्कृतिक सङ्घसंस्थाहरू सुसङ्गठित र सुसञ्चालित भएको पदचापमा हाम्रो यात्रा भइरहेको कथा नै हामी सबैको रचनात्मक कहानी हो ।

के हामी रातमा छौँ त ? के हामी उज्यालोमा छौँ त ?

**या निशा सर्व भूतानाम् तस्याम् जागर्ति संयमी**
**यसाम् जागर्ति भूतानि सा निशा पश्यतो मुने ।**

सर्वसाधारण अन्धकारमा उज्यालो देख्ने अथवा जाग्रत हुने र सर्वसाधारण उज्यालोलाई भ्रम सम्झेर ज्ञान, कर्म र भक्तिले आफ्नो निष्काम कर्म गर्न प्रेरित गर्ने महान् गीताले भनेझैँ समाजमा उच्च आदर्शोन्मुख रचनात्मक, न्यायिक र कल्याणकारी कार्यका लागि सत्य कर्म गर्ने प्राचीन कालदेखिका पूर्वपश्चिमका विविध सम्मानित नामका सन्त, महन्त, तपसी, कवि, कलाकार, चिन्तक, धनीमानी व्यक्ति, साहित्यिक, सांस्कृतिक र अन्य सङ्घसंस्था, गुठी आदि र राज्यहरू प्राचीन कालदेखि नै आजसम्मका गतिशील सामाजिक र सांस्कृतिक अटुट दीप बिम्बहरू हुन् । यही लामो ऐतिहासिक सिलसिला पार गर्दै आएर अहिलेको अवस्थामा नेपालभरि कार्यरत र विश्व नेपाली डायस्पोरामा व्यापक स्तरमा सुपरिचत यो संस्था 'नइ' ती सबैका बीचमा आफ्नो छुट्टै र धेरै अर्थमा नितान्त मौलिक पहिचान लिएर सक्रिय रूपमा चम्किरहेको प्रस्ट देखिन्छ ।

यो कुरा नइद्वारा त्रिमूर्ति निकेतनको निर्माण एवम् नइले आयोजना गरेका र बहुविध राष्ट्रिय र अन्तर्राष्ट्रिय ऐतिहासिक किसिमले सम्पन्न भएका विशेष उल्लेखनीय भेला, सम्मेलन, अन्य धेरै सङ्ख्याका सम्मान तथा पुरस्कारका साथै गोष्ठी सञ्चालन, पुस्तक प्रकाशन, सम्पर्क, सहभागितालगायत आवागमन आदिका क्रियाकलाप समेतमा गरी अहिलेसम्म मोटामोटी पाँच करोड धन राशि खर्च भइसकेको देखिन्छ । यस क्रममा विभिन्न बृहत्लगायत विभिन्न पुरस्कारस्वरूप हजार जनाभन्दा बढी विशिष्ट र उल्लेखनीय भाषासाहित्य, संस्कृति र प्रविधि क्षेत्रका स्रष्टा र द्रष्टाहरूले ससम्मान प्राप्त गरेका पुरस्कारका तथ्यहरू परिवारपरिवारले मुक्त कण्ठले स्वतः भनिरहेका पनि छन् । व्यापक देशविदेशका संस्थाहरू र जनमानसका बीचमा पनि सशक्त र सक्रिय सञ्चारका माध्यमले पनि यी तथ्यहरू गुन्जिरहेका छन् ।

मौलिक र छुट्टै भन्नाले ताजा बुनियादी स्तरमा रहेका धेरै धेरै सहयोगी, समाजसेवी र कल्याणकारी शिव भावका उदारमना

दाताहरू र तिनका परिवारहरूको सेवाभावको भावनात्मक र अगाध मानसिक शान्ति र तुष्टिको एक कल्याणपुञ्ज हो– नइ अनि कल्याणकुञ्ज हो– त्रिमूर्ति निकेतन । नइद्वारा निर्मित यी दुवै संस्थाले 'सहितस्य भावः साहित्यम्' र 'सत्यम्, शिवम्, सुन्दरम्'को शिव भावले साथ, सहयोग र मलजल गरिरहेका छन्– भाषा साहित्य, संस्कृति र अन्य चिन्तनशील योगदानका फाँटमा ।

नइको प्रभावकारी कारणले पनि सारा देशभरि साहित्यिक, सांस्कृतिक र अन्य प्राविधिक माहोल बढेर आउनुका साथै मानवीय मूल्यवत्ताले जहाँ पनि काम गरोस् अनि देशमा शान्ति र सिर्जनामा वेद र बुद्धका आदर्शका लामालामा शृङ्खला अनुप्राणित भएर हाम्रो सर्वतोमुखी सभ्यता गतिशील भएर मुखरित भइरहोस् भन्ने स्वतः घोषित आदर्श नइ र त्रिमूर्ति यी दुवै संस्थामा स्पन्दित छ र त्यसैको प्रतिध्वनि डायस्पोराका व्यापकतामा पनि गुञ्जायमान भइरहेको छ ।

नइले आदिकवि भानुभक्त आचार्यलगायत धेरैधेरै दिवङ्गत र जीवित नेपाली विभूतिहरूको सम्मान गर्दै आएको छ । यसै क्रममा कविशिरोमणि लेखनाथ पौडचाल, नाटचसम्राट् बालकृष्ण सम र महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता नेपाली महान् साहित्यिक महारथीहरूका सम्मानमा आफ्नै सपना र जपना भव्य रूपमा साकार पार्दै नइद्वारा गरिएका संस्थागत विविध कार्यहरूअन्तर्गत केही छनक पनि नभएको बाटाको किनारे चौरमा तिनका संयुक्त भव्य त्रिमूर्ति संसारका विविध ठाउँबाट आएका पर्यटकहरूको प्रत्यक्ष आँखा पर्ने गरी सालिकको निर्माण गर्नु सानो परिकल्पना, साहस र सिर्जना होइन त्यो । शून्यमा साकार !

म यही प्रसङ्गमा अङ्ग्रेजी महाकवि एवम् महान् नाटककार सेक्सपियरका केही हरफहरू ससम्मान उद्धित गर्न चाहन्छु–

> ...human imagination
> travels from earth to heaven

heaven to earth...
makes human habitation
and gives local names
to airy nothing.

यस महान् उक्तिको पद्यात्मक नेपाली छन्दमय लयमा अनौपचारिक अनुवादको रूपमा म सविनय प्रस्तुत गर्न चाहन्छु–

**यात्रा गर्दछ मान्छेको कल्पना धरती, नभ**
**आकाश, धरती घुम्छ अनि निर्माण गर्दछ**
**मानवीय बसोबास शून्यमा स्थूल ठाउँको**
**नाम दिन्छ नयाँ नित्य पहिचान स्वयं अहो !**

महाकवि देवकोटाको 'स्वस्थ कल्पनाले बन्छ कवि' भन्ने उक्ति पनि यहाँ सान्दर्भिक छ । यही प्रसङ्गमा आजका सुप्रिय आयोजक जोडालाई विशाल कल्पनाकार, रचनाकार कवि अथवा 'कविर्मनीषी परिभू स्वयम्भू'को पवित्र र महान् भावार्थले पनि उच्च मूल्याङ्कन गर्न सकिँदैन र ?

हो, यो नइ संस्थाको आलोकमय प्रभाव नेपालका धेरै, धेरै, धेरै परिवारका नरनारी, बालबृद्ध, वनिता र युवाहरूमा पुगेको छ । यता अर्कातिर सहृदयी हाम्रा मित्र विदेशी विद्वान्हरूबाट व्यापक विदेशी जगत्मा पनि प्रखर रूपमा यसको यशकीर्ति र नेपाली भाषा, साहित्य र संस्कृतिको महिमाको निकै राम्रो परिचय पुगेको छ । त्यसका साथै नेपाली विश्व डायस्पोरामा पनि यो संस्था ससम्मान प्रभावकारी भइरहेको छ भन्न पाउँदा म पनि आफूलाई गौरवान्वित भएको पाउँछु ।

नेपाली भाषासाहित्य, शोध, प्रकाशन, भेला, गोष्ठी आदि विशिष्ट कार्यहरूको यो विशाल नेपाली समुद्रका बीचमा म एक असीको उमेर टेकेको विनयशील सानो तर सक्रिय डुङ्गावालाले यत्रो कीर्तिमान भएका महिमामय परिवारको नाउँमा स्थापित 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार'बाट सम्मानित हुन पाएकोमा नइ

परिवार र तत्सम्बन्धी सबैमा हृदयको गहिराइ र स्पन्दनको अन्तस्लीलाले पूर्ण आप्लावित हुँदै हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

साथै नइको यस्तो महान् र सुकल्पनाशील उच्च उद्देश्यजन्य आग्रह, प्रोत्साहन, सचेत अठोट र कुशल व्यवस्थापनले गर्दा ती महान् दाता र तिनका पुर्खालाई कीर्तिमान बनाएर तार्नुको साथै आगामी सन्ततिहरूलाई पनि एउटा सगर्व उत्तम र पवित्र उदाहरणीय स्तरमा उतारेको कुरा म आध्यात्मिक र नैसर्गिक विश्वासका साथ भन्न सक्दछु ।

यस घडीमा म हाम्रो संयुक्त निकै धेरै जहान परिवारका हजुरबा, पिता र माताहरूसितको मायामयी र शिक्षामयी सरस बाल्यकाल झलझली सम्झिन्छु । मेरा हजुरबा द्रोणाचार्य सिटौलाले मलाई अति सानै उमेरदेखि साथमा नै सुताएर, सँगै हिँडाएर 'अष्टैसिद्धि अगलबगल बसी सदा सेवाटहल गर्दछन्' जस्ता र अन्य श्लोकहरू मुखाग्र सुनाएर, घोकाएर काव्य लय र रस भरेको रहेछ भन्ने म आज बुझ्दै छु । घरायसी पाठशालामा बूढाबूढीहरूको बहुतै ठूलो भूमिका हुन्छ । माताहरूका सङ्गीतमय रामकहानी र सँगिनीका किस्साहरू र आफन्त अनि मान्यजनहरूका बालुन र भजन कीर्तनहरूले मेरो मनलाई सदा सरस बनाएका हुन् । काठमाडौँ, दार्जिलिङ, देहरादून, कोलकता आदि ठाउँमा शिक्षक खोज्न जाँदा पिताजीले ल्याएका नेपाली साहित्यका पुस्तकहरू हामीलाई पढाउनु हुन्थ्यो । त्यही बाल्यकालदेखि नै नेपाली धेरै कविहरूका नाम मैले सुनेको र केही जानेको थिएँ । पछि स्कुलमा अङ्ग्रेजीलगायत नेपाली आदि विषय अध्ययन गर्दा नेपालीका पाठहरूमा तिनै कविहरूका गद्य लेख र पद्य रचनाहरू पढ्दा दोहोऱ्याएको वा पूर्वपरिचित भएजस्तो लाग्थ्यो ।

औपचारिक किसिमले विद्यालयमा अध्ययन गर्दा संस्कृत साहित्य, व्याकरण एवम् दर्शनका विशिष्ट विद्वान् स्थानीय सुप्रिय एवम्

आदरणीय धरणीधर न्यौपानेज्यू जो अहिले एक सय तीन वर्षको उमेरमा पनि इटहरीमा बसी लेख्दै हुनुहुन्छ, उहाँसितको गाउँले गुरुकुलीय र उहाँ नै श्री शारदा प्राथमिक विद्यालय (पछि उच्चमाध्यमिक)का प्रथम प्रधानाध्यापक भएपछि पनि पछिसम्म रगडिएर पढ्नुपर्ने संस्कृत शिक्षाको मभित्र गहन प्रभाव परेकै हो । जुन क्रम निकै पछिसम्म चलिरह्‍यो । पछि सोही स्कुलमा अङ्ग्रेजी लगायत आधुनिक शिक्षामा लागेपछि 'प्रयास' भन्ने हाते पत्रिका निकाल्ने अभियान सुरु गर्ने सरल प्रकृतिका शिक्षक सिएम् कन्दङ्वा र त्यसैमा २०११-१२ सालतिर प्रकाशित भएको मेरो 'हामी साना बाला हौँ' भन्ने पहिलो सानो कविताले असीम आनन्द दिएको थियो; त्यस प्रारम्भिक कालमा ! स्कुलमा सातआठ कक्षा पढ्दादेखि छन्द सिक्न र छान्दसिक कविता लेख्न सुरु गरेको कौतूहल र उत्साहित अवस्था थियो जो अहिलेसम्म ममा पनि अनवरत छँदै छ ।

त्यसपछि मेरा जीवनमा स्थानीय वीरेन्द्र इन्टर कलेजका प्रथम प्रिन्सिपल विद्वान् साहित्यकार प्रा.राजनारायण प्रधान, त्रिचन्द्र कलेजका डा.ताराप्रसाद जोशी, बदरीनाथ भट्टराईजस्ता महिमामय गुरुहरूसितका उर्बर अध्ययनकालमा कविता, निबन्ध र समालोचना आदि विविध लेखनका सवालहरूमा उहाँहरूबाट निरन्तर विशेष रूपमा म प्रोत्साहित र प्रेरित भएको हुन्थेँ ।

फलस्वरूप २०२१ सालतिर 'गोरखापत्र'मा छापिएको कविता र २०२३ सालमा नेपालव्यापी निबन्ध प्रतियोगितामा प्रथम भई स्वर्ण पदकका साथै एक हजार रुपियाँ नगद पुरस्कार प्रधानमन्त्रीबाट प्राप्त हुँदाका समसामयिक हर्षोल्लासहरू सम्झँदा अझै पनि रमाइला लाग्छन् । त्यसै बेलामा कविशिरोमणि लेखनाथ पौड्याललाई विश्वका केही साहित्यकारहरूसित तुलना गरेर अन्तर्भाषिक साहित्यिक तुलनात्मक मेरो समालोचना 'भानु' विशेषाङ्कमा प्रकाशित भएको घटना नौलो नै थियो ।

त्रिभुवन विश्वविद्यालयमा अध्ययन समयका बहु विद्वान् गुरुहरू अनि सँगै रहने गरेका अध्ययनशील, सक्रिय र उत्सुक सहपाठी साथीहरूसितको जाज्वल्यमान अध्ययन, छलफल र केही प्रायोगिक नयाँ लेखन, प्रकाशनका प्रयासका रसमय यौवन कालका प्राज्ञिक गतिविधिहरू पनि मेरो मानसपटलमा अनवरत स्रोतका रूपमा अहिलेसम्म प्रवाहित भइरहन्छन् ।

मलाई मानसिकतामा अमीट छाप राख्ने विभिन्न समयमा न्यानो सत्सङ्गत गरिएका अति सम्मानित नेपालका महिमामय विभूतिहरू कविशिरोमणि लेखनाथ पौडयाल, प्रशस्त सत्सङ्गत गरिनुभएका युगकवि सिद्धिचरण श्रेष्ठ, राष्ट्रकवि माधवप्रसाद घिमिरे जस्ता महान् स्रष्टा र अन्य महाविद्वान् योगी नरहरिनाथ, स्वामी डा. प्रपन्नाचार्य, योगी डा.रामानन्द गिरिजस्ता अति आदरणीय सन्त महर्षिहरूसितका साथै अन्य धेरैधेरै देशीविदेशी विश्वविद्यालयहरूका स्रष्टा, द्रष्टा अनि विद्वान् डाक्टर र प्राध्यापकहरूसितको बारम्बारका सत्सङ्गतबाट सशक्त ज्ञान र प्रेरणा प्राप्त भएको सन्दर्भ पनि म सगर्व सम्झिन्छु ।

त्रिभुवन विश्वविद्यालयमा प्राध्यापन एवम् शैक्षिक तथा प्रशासनिक सेवामा व्यस्त जीवन बिताउने क्रममा मेरा नेपाली र अङ्ग्रेजीमा निकै धेरै अन्तर्क्रिया, सभासम्मेलन र सेमिनार पत्रहरूका साथसाथै लेख, समालोचनाहरू, सम्पादित जर्नलहरू, गद्य र पद्य कविता, गीत, निबन्धहरू विभिन्न प्रमुख पत्रपत्रिकामा प्रशस्त प्रकाशित हुँदै हालसम्म मेरा बाह्र वटाजति विविध पुस्तकहरू र आफ्नै निजी क्षेत्रको 'भारद्वाज नेपाली र अङ्ग्रेजी'लगायत धेरै सम्पादनहरू भएका छन् । केही पुस्तकहरू पुरस्कृत पनि छन् र निकै धेरैचाहिँ पुन: आवृत्ति दिएर प्रकाशन गर्न पनि बाँकी नै छन् ।

त्यसबाहेक २०२५ सालमा साहित्य सङ्गम आठराईको महासचिव भएको धेरै पछि सिद्धिचरण प्रतिष्ठानको लामोलामो

समयसम्मको महासचिव, नेपाली अङ्ग्रेजी भाषा शिक्षण सङ्गठन (नेल्टा) अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, एनआरएन, स्रष्टा साँऊ, रमेश विकल, जनकप्रसाद हुमागाईं आदि विभिन्न साहित्यिक सङ्घसंस्थामा आबद्ध भई म निरन्तर सक्रिय भएको छु । संयुक्त राज्य अमेरिकामा केन्द्रीय कार्यालय रहेको अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजको केन्द्रीय अध्यक्षको हैसियतमा मैले गरेका केही कार्य पनि नेपाली साहित्यका फाँटमा चिरस्मरणीय नै रहलान् भन्ने मलाई विश्वास छ ।

सन् २००३ मा म अमेरिका गएँ र लगत्तै त्यहाँको अन्तर्राष्ट्रिय साहित्य समाज (अनेसास)को डिसी मेट्रो च्याप्टरको संस्थापक अध्यक्षका रूपमा मैले काम गर्ने मौका पाएँ । त्यसपछिका चार वर्ष सोही संस्थाको केन्द्रीय अध्यक्ष पनि हुने मलाई अवसर आयो । सो संस्थाको उद्देश्य विश्वभरि नै नयाँनयाँ च्याप्टर र नेपाली स्कुल खोल्ने, साहित्यिक गोष्ठी, भेला आदि गर्ने गराउने; नेपाली पत्रपत्रिका र पुस्तकहरू र आफ्नो छुट्टै जर्नल प्रकाशित गर्ने आदि कार्यका अभियानमा बढोत्तरी आयो । सिमानापारिको नेपाल र डायस्पोराका नेपालीहरू (Nepal beyond the borders and the Nepalese in the Diaspora) भन्ने भावना र नेपाली अस्मिताको पहिचानको मान्यता प्राप्त गर्नका लागि गरिएका सफल अभियान सञ्चालन गर्न यथायथा समयमा बेलायत, बेल्जियम, जर्मनी, स्विट्जर्ल्यान्ड, फ्रान्स, जापानका प्रमुख सहरहरू अनि अस्ट्रेलियाका पर्थ, मेल्बोर्न सिड्नी, ब्रिस्वेन आदि प्रमुख सहरहरू र अमेरिकाका धेरैधेरै राज्यमा भएका भव्य धेरै संस्थागत साहित्य समारोहहरूमा मैले पनि सम्बोधन गरेको थिएँ जुन समारोहहरूले नेपाली महिमा विश्वमा प्रज्वलित गराउन ठूलो भूमिका खेलेका तथ्यहरू नै छन् ।

यसरी यी अभियानका माध्यमले नेपाली भाषासाहित्यले विश्वमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरबाट फैलावट पाएको र गुणस्तरीयताले आलोकित भइरहेको छ । त्यसै क्रममा मैले पनि धेरै सम्मान र

पुरस्कारहरू प्राप्त गरेको छु भन्ने कुरा सगर्व र सविनय निवेदन गर्दछु । विशेष यी सबै प्राप्तिहरूमा सामूहिक रूपमा नेपालीहरूको मान र प्रतिष्ठा नै विश्वमा फैलिएका हुन् । यी सफल अभियानहरूले नेपालीहरूलाई जुनसुकै बहुभाषी, बहुसांस्कृतिक र बहुजातीय प्रजातान्त्रिक समाज (Cosmopolitan Society) मा एकअर्कासित समकक्षमा रही शान्ति र सिर्जनाका बाटामा सहज किसिमले हिँड्नलाई सहभागी र सहयोगी बन्न उपयुक्त वातावरण प्रदान गरेको छ ।

त्यस क्रममा अन्तर्राष्ट्रिय साहित्य समाजको म केन्द्रीय अध्यक्ष भएर हाम्रो समितिले निकै कार्यहरू गरेपछि अमेरिकाका राष्ट्रपति बाराक ओवामाले डिसीको ह्वाइट हाउसबाट भानु जयन्तीमा अनेसासलाई विशेष मान्यता र कदर प्राप्त भएको तथ्य पनि मैले आज भन्नै पर्ने हुन्छ ।

अन्तर्राष्ट्रिय साहित्य समाजको म केन्द्रीय अध्यक्ष भएकै बेलामा नेपालमा नेपाली शिक्षा परिषद् प्रदत्त राष्ट्रकवि माधव घिमिरेका करकमलबाट नगद पुरस्कार र विशेष सम्मान पदक अनेसासले प्राप्त गरेको, सिक्किम राज्यको विशेष अतिथिको रूपमा भानु जयन्तीमा भाग लिएको, आसाम साहित्य सभा र साहित्य परिषद्ले सम्मान गरेका सुअवसरहरू मलाई प्राप्त भएको थियो ।

त्यसका अतिरिक्त म प्रथम पटक अमेरिका पुगेको केही हप्तादेखि नै छोटा लामा समयक्रममा अमेरिकाका पोएट्री मन्थ, पोएट्री डटकम, अस्टिन् सोसाइटी अफ पोयट्स् आदि साहित्यिक सङ्घसंस्था र क्लबमा सक्रिय हुँदै केही विश्वविद्यालयहरूमा हुने गरेका प्रवचन, अन्तर्क्रिया र सभा, गोष्ठीहरूमा पनि मैले बेलाबखत भाग लिइ नै रहें । त्यसै सिलसिलामा पोएट्री मन्थ भन्ने संस्थाले मलाई कवि राजदूत (पोएट्री एम्बासेडर) भनी सम्मान गरेको थियो । साथै सोही कुरालाई अस्टिन् सोसाइटी अफ पोयट्स्ले मलाई सम्मान गऱ्यो र आफ्नो बुलेटिनमा उल्लेख पनि गरेको छ । केही समयपहिले अनेसासले पनि काठमाडौँमा

सो उपाधिले मलाई सम्मान गरेको थियो । व्यापक नेपाली साहित्य समुदायमा यो पदवी एउटा गौरवको विषय हो भन्ने कुरामा म प्रस्ट र विश्वस्त छु ।

धेरै नेपाली दिवङ्गत र जीवित विभूतिहरूको प्रत्यक्ष अप्रत्यक्षको अटुट हार्दिक प्रेरणामा म पनि एक विनयशील नेपाली भाषासाहित्यको प्रतिबद्ध र आज्ञाकारी योद्धा अनि एक विनयशील सर्जक तथा सक्रिय अभियन्ताको रूपमा अफ्रिका र दक्षिण अमेरिकाबाहेक अरू सबै महादेशका कैयौँ देशहरूका राजधानी र प्रमुख सहरहरूमा गएर त्यहाँका स्थानीय र नेपाली समूहमा मैले नेपाली बोल बोलेको छु, काव्यधारा वहाएको छु, नेपाली नाचगानमा भाग लिएको छु, तत्तत् देशका झन्डाहरूसित नेपाली झन्डालाई समकक्ष रूपमा मिलाएको छु । साथै ती देशमा नेपाली पहिचानको स्पन्दनको मृदुलता, तिनका धड्कनका घनीभूत आवाजहरूका भावहरू मैले सम्प्रेषित गरेको छु ।

माथि भनिएको व्यापक अभियानको भावना र मित्रमय कार्यका पृष्ठपोषक र अक्षुण्य स्रोत वीर पृथ्वी, भानु, मोती, लेखनाथ, सम, देवकोटा, सिद्धिचरण, सूधपा, माधव घिमिरे, पारिजात, भूपि अन्य धेरै महारथि हुँदै उत्तराधिकारीका रूपमा हामीसम्म फैलिएको यो राष्ट्रियताको गौरवपूर्ण उज्यालो र नेपाली भाषासाहित्यको सिर्जनशीलता र संस्कृतिको बहुमुखी झाँकीको महिमा र साङ्गठनिक अभियान अझ अगाडि बढेर गएको छ । यसमा विविध शैली, विषय र विधाका प्रयोग अनि अन्य देशान्तरका साहित्यिक ढाँचा र विधा पनि समावेश हुँदै यी सबै माध्यमले नेपाली अस्मिता र पहिचानका साथ 'वसुधैव कुटुम्बकम्'को आदर्श पनि फैलाउन विश्व समुदायका समक्षमा पुग्न भनी हामी नेपालीहरू धेरै पहिलेदेखि नै विश्वमा निस्किएका हौँ । यस कदममा एएनएस्, अनेसास, एनआरएन, स्रष्टा साँझलगायत धेरै संस्थाका माध्यमबाट लम्काइएका पाइलाहरूलाई नइजस्तो विशिष्ट

संस्थाले २०५२ सालदेखि नै प्रत्यक्ष अप्रत्क्ष किसिमले निरन्तर दिएका टेवा र प्रोत्साहनले हाम्रा अन्तस्लीलामा न्यानो संवेदनशीलता वहाएको छ । यसलाई आगामी पिँढीहरूले अनवरत रूपमा निरन्तरता दिँदै लैजाऊन्, लैजान सकून् भन्ने शुभकामना पनि म व्यक्त गर्दछु ।

अन्तमा, एक नेपाली भाषासाहित्यको विद्यार्थी जो उपर्युक्त उद्देश्यका लागि एक सक्रिय र सफल कायकर्ता बन्न सकिरहेको कुरा निवेदन गर्न पाउँदा मलाई गर्व लाग्छ । आज सोही कारणले हो क्यार ! यहाँ यसरी नइ प्रकाशनजस्तो विश्वप्रसिद्ध साहित्यिक संस्थाबाट सम्मानित र पुरस्कृत हुन पाएको छु । लामो ऐतिहासिक क्रमको आजको यही सन्दर्भमा मलगायत सारा हामी सम्मानित र पुरस्कृत आत्माहरू आल्हादित र ओतप्रोत भएका छौँ । यो नइ निकेतनको घरमन्दिरमा बूढा, भुरा, युवा र सबै नारीपुरुष कलाकार, साहित्यकारहरू र अन्य विषयका चिन्तकहरू त्यत्तिकै रमाउँछन् । लोक कल्याणकारी नीलकण्ठको शिवभावले मणिमण्डित नइ प्रकाशनको अझ प्रखर र प्रभावकारी उचाइ, गहिराइ र व्यापकता बढेर जाओस् भन्ने मङ्गलमय शुभकामना पनि हामी व्यक्त गर्दछौँ ।

नइ प्रकाशनप्रति आभारी हुँदै हार्दिकहार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । धन्यवाद !

२०७९ साल साउन ७ गते

## नइ ईश्वर बराल पुरस्कारबाट सम्मानित प्रा.डा.दयाराम श्रेष्ठको सम्बोधन

यस गरिमामय समारोहका सभापतिज्यू, महासमालोचक प्रा.डा.वासुदेव त्रिपाठीज्यू, उपस्थित स्रष्टा तथा सम्मान्य व्यक्तित्वहरू, महिला तथा सज्जनवृन्द ! आज पुरस्कृत सबैका तर्फबाट नइ प्रकाशनप्रति आभार व्यक्त गर्दछु !

पुरस्कृत हुनु भनेको सम्मानित हुनु हो र यसरी सम्मानित हुनु भनेको चाहिँ आआफूले आआफ्ना विषय क्षेत्रबाट आज पर्यन्त गरिएका कामलाई समाज र देशले मान्यता दिनु हो । कामका लागि मान्यता पाउनु इतिहासको न्याय वा समयको मूल्याङ्कन भएकाले हामी पुरस्कृत हुने व्यक्तिहरूका लागि आज गौरवको दिन पनि हो ।

मैले 'नइ ईश्वर बराल' पुरस्कार पाएको छु– मैले विशेष गरेर नेपाली कथा विधाका लागि आजसम्म गरेको कामको मूल्याङ्कन भएको मैले अनुभव गरेको छु । मेरो जीवनका दुई मुख्य पाटाहरू छन्; पहिलो हो प्राध्यापन र अर्को हो समालोचना लेखन । यी दुवै पाटाहरू आजभन्दा करिब छ दशकपूर्व अर्थात् सं.२०१० सालको उत्तरार्धदेखि प्रारम्भ भएका हुन् । म पठाउँथैँ र लेख्थैँ पनि; पहिलो काम अध्यापन वा प्राध्यापन र अर्को काम लेखन भएकाले मलाई के भन्न सङ्कोच लाग्दैन भने प्राध्यापक भएकैले म लेखक भएँ; मेरो प्राध्यापकले नै मलाई लेखक बनायो । प्राध्यापक नभएको भए सम्भवत: म लेखक बन्दिन थिएँ कि ! प्राध्यापक नै बन्ने मेरो

भित्री उत्कट चाहनालाई लेखक हुनुको प्रतिबद्धताले टेवा पुऱ्याएको कारणले प्राध्यापन कार्यबाट आज पर्यन्त मैले सन्तुष्टिको अनुभव गर्न पाइरहेको छु ।

मेरो लेखन कार्यको मुख्य क्षेत्र नेपाली कथा विधाका विभिन्न पक्षहरू नै हुन् । मैले 'नेपाली कथा र कथाकार' (सं.२०७०) लेखेर आधुनिक नेपाली कथाकारको पार्श्वचित्र (Profile) तयार पारेँ । त्यसरी नै 'आधुनिक नेपाली लघु कथा र कथाकार' (सं.२०७८) लेखेर नेपाली लघु कथाको सम्पूर्ण ऐतिहासिक दृश्यावली प्रस्तुत गरेँ । 'अभिनव कथाशास्त्र' (सं.२०७०) आधुनिक नेपाली कथाको नयाँ सिद्धान्तमा आधारित पुस्तक हो । 'कथा दर्शन' प्रकाशोन्मुख छ जुन कथा विधाको दार्शनिक आधारका बारेमा विश्लेषण गरिएको नितान्त नयाँ विषयको पुस्तक हो । 'प्रज्ञा आधुनिक नेपाली कथाकोश' (सं.२०७५) समग्र नेपाली कथा विधाको शब्दकोश हो । मैले 'भीमनिधि तिवारीका प्रतिनिधि कथाहरू' (सं.२०७०)का साथै 'पुष्कर शमशेरका कथाहरू' (सं.२०४४), 'तलतल' (सं.२०४४), 'पच्चीस वर्षका नेपाली कथा' (सं.२०३९), 'भारतीय नेपाली कथा' (सं.२०३९), 'नेपाली कथाका समकालीन सन्दर्भहरू' (सं.२०४४), 'कथायन' (सं.२०४१) र 'रूपटका दस कथाहरू' (सं.२०४५) सम्पादन गरेँ । यसरी समग्रमा हेर्दा नेपाली कथा विधाको परिचय, पहिचान र स्थापनाका लागि मेरा तर्फबाट गर्नुपर्नेजति सबै पक्षहरूका कामहरू सम्पन्न गरेँ, गर्नु मेरो दायित्व पनि थियो । सं.२०३९ मा मैले त्रिभुवन विश्वविद्यालयबाट 'आधुनिक नेपाली कथा र यथार्थवाद' भन्ने विषयमा अनुसन्धान गरी विद्यावारिधि उपाधि प्राप्त गरेँ । यसरी नेपाली कथा विधा नै मेरो जीवनको सपना जपना भएको कारणले ऐतिहासिक न्यायप्रति मेरो विश्वास जाग्न गएको हो ।

मेरो निजी जीवनको रुचिको अर्को क्षेत्र हो– सांस्कृतिक राष्ट्रवाद (Cultural Nationalism) । यस मान्यताको मूलभूत

सिद्धान्त हो हाम्रो आफ्नो मौलिक संस्कृतिका माध्यमबाट देशप्रति समर्पण वा भक्तिभाव । यसअनुसार मैले हाम्रो देशको गौरवमय राष्ट्रिय झन्डाबारे अनुसन्धान गरेर एउटा पुस्तक लेखें जसलाई २०५३ सालको 'मदन पुरस्कार' पनि प्राप्त भएको थियो । त्यस्तै 'नेपालका झन्डा र प्रतीक चिह्नहरू' विषयको मेरो अर्को पुस्तक प्रकाशोन्मुख छ । यसै सांस्कृतिक राष्ट्रवादलाई अझ स्पष्ट पार्नका लागि दुईवटा शोध कार्यहरू मैले सम्पन्न गरिसकेको छु; ती हुन्– पहिलो हामी नेपालीहरूको जातीय पहिचानका रूपमा चिनिएको खुकुरीको ऐतिहासिक नालीबेली र मूल वैशिष्टचहरू र अर्को हो– सगरमाथाको गाथा अर्थात् माउन्ट एभरेस्ट भनिने सगरमाथाको पौराणिक अस्तित्व र इतिहास ! आयुले साथ दिए भविष्यमा यस क्षेत्रलाई अरू विस्तार गर्दै लैजाने तीव्र इच्छा छ ।

प्राध्यापक भएपछि अनुसन्धान गर्न र गराउनुलाई प्राथमिकतामा नराखी धरै छैन । यस क्षेत्रलाई मैले सैद्धान्तिक रूपले अगाडि बढाउने काममा अद्यापि संलग्न छु नै, नेपाली साहित्येतिहासका क्षेत्रमा प्रयोग पनि गरिसकेको छु । शैक्षणिक जीवनको प्रसङ्ग निकाल्दा मैले यो सत्य कुरो भन्न कुनै सङ्कोच मान्नुपर्दैन कि आजसम्मका दिनहरूमा मेरो निर्देशनमा जम्मा २५ जना शोधकर्ताहरूले विद्यावारिधि उपाधि प्राप्त गरिसकेका छन् जुन मेरो प्राज्ञिक जीवनको ठूलो उपलब्धि हो भन्ने म ठान्दछु ।

वर्तमान नेपाली साहित्यको विशेषत: आख्यान विधाले राम्रो स्वरूप देखाइरहेको छ । यस विधाले लिएको गतिको तुलनामा अन्य विधाहरू केही सुस्ताएको देखिन्छ । साहित्येतिहासको मूलभूत दर्शनले के मान्यता राख्दछ भने कालक्रममा सानै विधाहरू समान्तर रूपले बराबरी गतिमा अघि बहिरहेका हुँदैनन्; चाल अघिपछि हुन्छ ।

•

नेपाली साहित्यको वर्तमान जीवनमा भइरहेको परिस्थितिमा नइ प्रकाशन यति सुगमतापूर्वक आफ्नो कर्तव्य पथमा अथक रूपले

अगाडि बढिरहनु यस संस्थाको क्रियाशील ऊर्जाको परिचय हो । राजनीति निरपेक्ष भएर सत्यमा अर्थात् प्रतिभा र व्यक्तित्वको सम्मान गर्नु वा समग्र नेपाली वाङ्मय सभ्यता र संस्कृतिको सेवा गर्नु यस संस्थाको प्रतिबद्धता भएको कुरा स्पष्ट छ । प्रकाशन यस संस्थाको एउटा कार्यक्षेत्र हुँदै हो, विभिन्न पुरस्कारहरूद्वारा देशदेशान्तरका स्रष्टा, प्राज्ञ र बौद्धिक वर्गलाई समुचित सम्मान गर्नु जस्तो अति प्रशंसनीय कामलाई निरन्तरता दिनु यसको अर्को ऐतिहासिक महत् कार्यक्षेत्र हो । यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय जगत्सम्म आफ्नो पूर्वाग्रहरहित पहुँच पुऱ्याउन सकेको सफल नइ प्रकाशनभन्दा प्राज्ञिक दृष्टिले धनी वा सम्पन्न अर्को संस्था कुनै छ ? त्यसैले यो संस्था पुरस्कार र प्राज्ञिक सेवा कार्यको सर्वोच्च हिमचुली सगरमाथा होइन ? नेपाली वाङ्मयको समग्र समुन्नतिका लागि समर्पित प्राज्ञिक सांस्कृतिक संस्था अर्को कुनै छ र ?

२०७९ साल साउन ७ गते

## नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित भारतका श्री नव सापकोटाको सम्बोधन

आदरणीय सभापति महोदय, नइ प्रकाशनका कुलपति इन्दिरा प्रसाईज्यू, उपस्थित श्रद्धास्पद साहित्यकारवृन्द, प्राध्यापकवृन्द, वैज्ञानिक वर्ग, कलाकारवर्ग, समाजसेवीवृन्द, संवाददाताहरू, उपस्थित महिलावर्ग तथा सज्जनवृन्द !

**भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति ।**
**जीत वैभव भाषामै बाँच्तछन् पछिसम्म यी ॥**
**• बालकृष्ण सम**

भाषा हाम्रो सभ्यता हो भने साहित्य हाम्रो अमर निधि हो । जाति, भाषा, राष्ट्र र मानवताप्रति मुटुमा माया र श्रद्धा पाल्नेहरू साहित्य, संस्कृतिका पुजारी हुन्छन् अनि यो अनायासै हुने गर्दछ स्वत:स्फूर्त रूपमा । थाहै हुँदैन । कसैले बचपनैमा गीत गाउन थाल्छन्, कोही टाक्टाक् टुक्टुक् बाजा बजाउने क्रियामा लहसिन्छन् भने कसैले गीत, कविता रच्न थाल्छन् अनायासै । यही हो सृजनप्रति मानवबाट प्रस्फुटित सृजनाको प्राकृतिक प्रक्रिया । यसरी प्रस्फुटित हुन्छन् प्रतिभाहरू समाजबाट अनायासै । समयको गतिमयतामा पुष्टिन्छन्, मौलाउँछन् विभूतिहरू समाजबाट । अनि प्रतिस्थापित हुन्छन् समाज, जाति र राष्ट्रका प्रतिनिधिका रूपमा । दूरदर्शी समाज, जाति र राष्ट्रले आफ्ना कीर्तिमान प्रतिभाहरूको सम्मान

तथा उनका कृतिको संरक्षण र संवर्धन गर्ने उत्तरदायित्व ग्रहण गर्दछन्, जो अति सराहनीय कार्य मानिन्छ ।

यस प्रसङ्गमा म यहाँ नइ प्रकाशनको सोद्देश्यपूर्ण दीर्घकालीन कार्यप्रणालीबारे केही भन्न चाहन्छु । स्रष्टा श्री नरेन्द्रराज प्रसाई र उहाँकी सहधर्मिणी सुलेखिका श्रीमती इन्दिरा प्रसाईको उद्योगमा अट्ठाइस वर्षअघि २०५२ सालमा स्थापित नइ प्रकाशनद्वारा साहित्यका विविध विधाका आवश्यक ग्रन्थहरू प्रकाशित गराउने कार्य महत्त्वपूर्ण छ । यसका साथै नेपाली साहित्य, संस्कृति, कलादि क्षेत्रका प्रतिष्ठित देशविदेशका नेपाली प्रतिभाहरूलाई बर्सेनि पुरस्कार र सम्मान दिई आफ्नो लक्ष्य स्वच्छ, शुद्ध, निष्पक्ष र पारदर्शी तरिकाले सम्पादनको निरन्तरता कायम राखी अन्तर्राष्ट्रिय जगत्मा सुख्याति लाभ गरी आउनु हामी नेपाली जाति, भाषासाहित्य, संस्कृतिको श्रीवृद्धिमा कर्मरत रहनेहरूका निम्ति अत्यन्त गर्वको विषय बन्न पुगेको छ ।

नइ प्रकाशनले नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाको शताब्दी जन्मोत्सव वर्षमा महाकविका प्राप्य अप्राप्य जीवनगाथा र मौलिक कृतिहरू प्रकाशित गर्ने महान् काम गरेको छ भने महाकविमाथि स्वयम्द्वारा लिखित र अरू लेखकहरूबाट महाकविका विभिन्न पाटामाथि लेखिएका मूल्यवान् कृतिहरू प्रकाशित गरी नेपाली साहित्यमा महाकविको महान् अवदानको अध्ययन र शोधकार्य गर्ने साहित्यका भावी पिँढीलाई ठूलो अवसर प्रशस्त गरेको छ ।

नइ प्रकाशन नेपाली साहित्य, संस्कृति जगत्को एउटा विशाल वटवृक्ष बन्न पुगेको छ जसले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत आफ्नो टड्कारो परिचय स्थापित गरिसकेको छ । कुनै पनि राजनैतिक सिद्धान्त र विचारबाट पूर्ण मुक्त रहेर आफ्नो लक्षित सेवामा कर्मरत रहेको हुनाले नइ प्रकाशन विभिन्न विचारधारा र राजनैतिक

सिद्धान्तमा आस्था राख्ने सुधीजनहरूबीच एकसमान रूपमा जनप्रिय छ ।

नेपाली साहित्य, संस्कृतिको विशाल क्षेत्रमा नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईको दाम्पत्य जीवनको अमूल्य निधि हो नइ प्रकाशन, जो नेपाली जगत्मा निरन्तर जाज्वल्यमान् छ ।

नइ प्रकाशनका प्रतिष्ठापक दम्पतीद्वय श्री नरेन्द्रराज प्रसाई र श्रीमती इन्दिरा प्रसाई तथा नइ प्रकाशनको श्रीवृद्धिमा स्वच्छ हृदयले सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभवहरूमा म हार्दिक नमन गर्दछु ।

अब म मेरो जीवनका केही उपलब्धिबारे सङ्क्षेपमा भन्ने प्रयास गर्नेछु । मेरो जन्म भारतको असम राज्यको गुवाहाटी नगरमा पिता लीलाधर सापकोटा (स्वाधीनता सङ्ग्रामी) माता यशोदादेवीबाट सन् १९४८ मा भएको हो ।

मेरो प्रारम्भिक शिक्षा गाउँमा पाठशाला नहुनाले बाबुबाट अक्षर सिकें अनि ठुल्दाइबाट मात्रा र नाम लेख्न सिकें । त्यसै गरी छिमेकका लामा काकाका दार्जिलिङबाट आएका छोरीज्वाइँबाट ए, बी, सी, डी र रोमन लेख्न सिकें । सन् १९५९ मा बल्ल मेरो औपचारिक शिक्षा पीबी जोशीबाट आफ्नै घरको पटाहामा सुरु भयो । पछि बडागाउँ नेपाली विद्यालयका नामले पाठशाला घर तयार भयो । त्यहाँबाट सन् १९६१ देखि सहरको हिन्दी हाईस्कुलमा छैटौँ श्रेणीमा प्रवेश गरें । अनि मेरो पढाइ सुचारु रूपले चल्न थाल्यो । सन् १९६६ मा एसएलसी परीक्षामा उत्तीर्ण भएँ र सन् १९६७ मा सहरको दोस्रो पुरानो प्राग्ज्योतिष कलेजबाट प्री युनिवर्सिटी र सन् १९७० मा त्यसै कलेजबाट मातृभाषा नेपाली (स्वाध्ययन) लिएर बिए उत्तीर्ण भएपछि गौहाटी युनिवर्सिटी ल कलेजमा एलएलबीको अध्ययन सुरु गरें, तर घरेलु अप्ठचाराले गर्दा फाइनल

परीक्षा नदिई अपूर्ण छोड्नुपरेको थियो । सन् १९९८ मा प्राकृतिक चिकित्साको अध्ययन गर्न पुगेँ ।

बीस वर्षसम्म गौहाटी विश्वविद्यालयमा नेपाली एमए पढाइको साङ्गठनिक माग गरेर प्राप्त गरेको गौहाटी विश्वविद्यालयको आइडोलको नेपाली एमएमा बडो आनन्दपूर्वक अध्ययन गरी सन् २०१२ मा एमए फर्स्ट क्लासमा उत्तीर्ण भएँ ।

सन् १९७२ मा गुवाहाटीको गोर्खा हाईस्कुलको स्थापना गरी अध्यापन गर्दै गर्दा त्यसै वर्ष अक्टुबर महिनामा तत्कालीन शिलाङस्थित असम सचिवालयमा म सहायक पदमा नियुक्त भएँ । सन् १९७७ मा उच्च सहायकको पदमा पदोन्नति भएँ भने सन् १९९३ मा विभागीय अध्यक्षको पदमा पदोन्नति भएँ, सन् २००१ अवर सचिव भएँ भने सन् २००४ मा उपसचिवको पदमा पदासीन हुन पुगेँ र सन् २००७ मा अवसर ग्रहण गरेँ । सन् २००८–२००९ मा असम प्रशासनिक कलेजमा प्रशिक्षकका रूपमा अस्थायी सेवामा योगदान गर्न पुगेँ । सन् २०१०–२०१३ मा असम सर्वशिक्षा अभियान मिसनअन्तर्गत स्कुलका नेपाली पाठ्यपुस्तक लेखन, सम्पादन, पुन:परीक्षण तथा प्रायोजन गरेँ । सन् २०१३–२०१४ मा गौहाटी विश्वविद्यालयअन्तर्गत आइडोलको नेपाली एमएमा पनि पाठदान गरेको थिएँ ।

अब म सामाजिक क्षेत्रमा रहेको मेरो किञ्चित् अवदानका विषयमा सङ्क्षेपमा उल्लेख गर्न चाहन्छु ।

सन् १९६९–१९७० को मेरो विद्यार्थीकालमा गाउँ अञ्चललाई वनविभागको उच्छेदबाट बचाउन आफ्नो विद्यार्थी जीवनलाई होमेर आन्दोलनमुखी बनी भारतीय कम्युनिस्ट दलको सहयोग लिई स्थानीय नेपाली र गारो समाजलाई उच्छेद हुनबाट बचाउन म सफल भएको थिएँ ।

नेपाली भाषाको संवैधानिक आन्दोलनलाई जनमुखी बनाउन दार्जिलिङमा सन् १९७२ मा नेपाली भाषा समिति गठन भयो । गुवाहाटी र शिलाङमा त्यसै समितिका शाखा गठन गरी समितिको नाममा परिवर्तन ल्याएर 'अखिल भारतीय नेपाली भाषा समिति' नामाकरण गरी सर्वभारतीय स्तरमा असमको ओदालगुडीमा समितिको पहिलो अधिवेशन सन् १९७४ मा अनुष्ठित भएको थियो । सर्वभारतीय स्तरमा भाषा मागको जनआन्दोलनलाई हाम्रो मातृभाषा नेपालीले सन् १९९२ को २० अगस्टका दिन संविधानमा अन्तर्भुक्त गराउने बेलासम्म निष्ठापूर्वक विभिन्न स्तरमा रही तनमनले काम गरेको कुरा उल्लेख गर्दा गौरव अनुभव हुन्छ ।

यसैबीच सन् १९७४ मा गुवाहाटीमा साहित्यिक मिनी पत्रिका 'सलेदो'को प्रकाशन सञ्चालन गर्ने उद्देश्यले स्थानीय युवाहरूबाट नेपाली साहित्य परिषद्को जन्म भएको थियो । केही कालपछि सन् १९७९ मा ती साहित्यप्रेमी भाइहरूले मलाई निम्त्याएर उक्त नेपाली साहित्य परिषद्को अध्यक्षको पद सुम्पेका थिए । मैले पनि सबै सदस्यहरूको सल्लाह लिएर परिषद्लाई राज्यस्तरको साहित्यिक संस्थाका रूपमा अघि बढाउन परिषद्को अन्त्यमा 'असम' शब्द जोड्ने आग्रह गरेँ । त्यसै मुताबिक राज्यको रजिस्ट्रार सोसाइटी, असमबाट नेपाली साहित्य परिषद्लाई पञ्जिकृत गराएको थिएँ । यत्तिकैमा मेरो पदीय अवधि समाप्त भयो । तर मैले उक्त संस्था छोडेपछि विभिन्न आन्तरिक कारणले यसमा अस्थिरता आयो । एक मात्र साहित्यिक संस्था जसलाई राज्यस्तरको सक्रिय रूप दिने उद्देश्य ओइलाउन लागेको देख्न नसकेर सन् १९८९ मा हाम्रा स्वनामधन्य वरिष्ठ साहित्यकार श्री लीलबहादुर क्षत्रीलाई अध्यक्षको पदमा पदासीन गराई म स्वयम् सचिवको पदमा रहेर तनमनले काम गर्न थालेँ । सारा असमका गाउँगाउँ, जिल्लाजिल्ला परिषद्का कार्यकर्ताहरू साथ लिई भ्रमण गरेर शाखा समिति र

जिल्ला शाखाहरू गठन गरी सन् २००८ सम्म विभिन्न पदमा रही कार्य सम्पादन गरेँ भने सन् २००९ देखि राज्यस्तरको अध्यक्षको पदमा पदासीन भएको थिएँ ।

सन् १९७७ मा गाउँ अञ्चलको विकासमा 'बृहत्तर बडागाउँ उन्नयन समिति'को सभामा मेरै अगुवाइमा जातिगत गाउँका नामहरू आफ्ना विशिष्ट व्यक्तित्वका नाममा नामाकरण गर्ने प्रस्ताव अघि सारेर सबैको सहमतिमा प्रस्ताव ग्रहण गरेँ अनि नेपाली बस्तीलाई 'देवकोटानगर, मिकिरघोली'लाई 'हेमचन्द्र बरुवा नगर' र 'कालापानी गारो बस्ती'लाई 'रेभ्रान रामखेनगर' बनायौँ । त्यसरी औपचारिक रूपमा बनेको थियो 'देवकोटानगर' । अनि त्यसलाई अझ बडी विस्तृति दिने उद्देश्यले निकै खटेर सन् १९९२ मा देवकोटानगरमा शाखा पोस्ट अफिसको मञ्जुरी गराएर देवकोटानगर पोस्ट अफिसको स्थापना गराउने काममा म सफल भएको थिएँ ।

सन् १९८० मा नेपाली साहित्यका वरिष्ठ कवि तथा असमका भूमिपुत्र हरिभक्त कटुवालको यहीँ असममै असामयिक निधन भयो । उनको स्मृतिमा मेरो आफ्नै अगुवाइमा 'कवि हरिभक्त कटुवाल स्मृति समिति' गठन गरी त्यसको सचिवको दायित्वभार नै ग्रहण गरेँ । समितिको सभामा कवि कटुवालको पहिलो जन्मजयन्ती उनकै आफ्नो नगर डिगबोईमा राज्यस्तरमा पालन गर्ने तथा त्यस अवसरमा एउटा बृहत् आकारको स्मृतिग्रन्थ प्रकाशित गर्ने प्रस्ताव ग्रहण भयो । फलस्वरूप उद्देश्यित कार्य दुवै बडो उत्साहपूर्वक रूपमा सफल भए ।

गाउँका युवावर्गको प्रतिभाको यथोचित विकास गराउने उद्देश्यले सन् १९८० मा 'सयपत्री' सङ्कृत्यकला सङ्गम'को गठन गराई संस्कृति, सङ्गीत, क्रीडा, साहित्य र कला क्षेत्रमा प्रेरित गर्ने क्रम जारी राख्न पनि म सफल भएँ ।

मैले आफैँ पढेको विद्यालय बडागाउँ नेपाली विद्यालयलाई माध्यमिक र उच्चमाध्यमिक विद्यालयमा उन्नत गराउन स्थानीय शिक्षाप्रेमी जनताका सहयोगले म सफल भएको थिएँ ।

सन् १९९२ मा समाजको अगुवाइ गरी गाउँलाई विद्युतीकरण गराउने काममा पनि म सफल हुन सकेँ । सन् १९९४ मा नेपाली साहित्य परिषद्, असमको आठ जनाको साहित्यिक टोलीको नेतृत्व गरी वाशुशशि स्मृति परिषद्को निम्तोमा काठमाडौँ गएर सफलतापूर्वक असम काठमाडौँबीच साङ्गठानिक रूपमा साहित्यिक आदानप्रदानको परम्परा बसाउन नेपालका लेखकवर्गलाई असम आउने निमन्त्रणा गरी सन् १९९५ मा गुवाहाटीमा बाह्र जना नेपाली साहित्यकारहरूको नेपाली साहित्य परिषद्, असमका तर्फबाट भव्य स्वागत गर्न सकियो ।

सन् १९९८ मा साहित्य अकादमीको नेपाली भाषा परामर्श परिषद्को सदस्यका रूपमा पाँच वर्षका निम्ति मनोनित भई त्यस अवधिमा पूर्वोत्तर क्षेत्रका धेरै साहित्यिक कार्यहरू अकादमीबाट सम्पन्न गराउन म सफल भएको हुँ ।

असमीया, बडो, नेपाली र गारो सम्प्रदायका गाउँ, टोलहरू आपसमा मिलेर बनेको हाम्रो बडागाउँ ठूलो गाउँको मध्यस्थल गाखिर चोक (नेपालीहरूको दूध बेच्ने चोक) मा सन् २००७ मा बृहत्तर बडागाउँ ज्येष्ठ नागरिक समिति आफ्नै सभापतित्वमा गठन गरी समाजका वयोज्येष्ठहरूलाई आपसमा बसेर भाव आदानप्रदान गर्ने र समाज विकासमा आत्मयोग गर्ने गराउने उद्देश्यले समितिको स्थायी कार्यालय निर्माण भयो र यसो गर्नाले ज्येष्ठ नागरिकहरूमा नयाँ जागरण आएको पनि देखियो ।

यहाँ उल्लेख्य के छ भने केही वर्षअघि नेपालको गैँडाकोट र चितवनबाट गुवाहाटी भ्रमणमा गएको साहित्यिक टोली पनि यस समितिबाट सम्मानित भएको थियो ।

सन् २०१० मा महाकवि देवकोटाको शताब्दी जन्मजयन्तीको उपलक्ष्यमा देवकोटानगर सयपत्री सङ्कृत्यकला सङ्गमको आँगनमा महाकविको आवक्ष मूर्ति स्थापित गरी जयन्ती पालन गर्ने गुरुदायित्वको नेतृत्व दिने मलाई सौभाग्य प्राप्त भएको थियो भने अर्को वर्ष सन् २०११ मा देवकोटा जयन्तीका उपलक्ष्यमा सयपत्री सङ्कृत्यकला सङ्गमको कार्यालयमा देवकोटा ग्रन्थालय तथा अनुसन्धान केन्द्र स्थापित गर्ने सिद्धान्त ग्रहण भएको थियो ।

यहाँ उल्लेख्य के छ भने महाकविका कृति अध्ययन गर्ने केन्द्र भारतमा कहीँ कतै नहुनाले उनीमाथि अध्ययन गर्न चाहनेहरू नेपालको राजधानी काठमाडौँ नै पुग्नुपर्ने हुन्छ । यसर्थ यस अभावको पूर्ति गर्ने उद्देश्यले गुवाहाटी, असमको देवकोटानगरको महाकवि देवकोटा ग्रन्थालयलाई केन्द्रबिन्दु गरी काठमाडौँका साहित्यकार बन्धु मुरारी सिग्देल र साथी दामोदर शर्माले त्यहाँका प्रकाशन संस्थाहरूबाट महाकविका कृतिहरू बटुलेर पठाउने गरिरहनुभएको व्यहोरा महान् कार्यका रूपमा उल्लेखनीय छ ।

मेरो साहित्यिक अवदानका विषयमा भन्नुपर्दा मेरो पहिलो कविता रचना गरेको वर्ष सन् १९६० हो भने पहिलो कविता ‘श्रद्धाञ्जली’ भानुस्मारक ग्रन्थमा सन् १९६९ मा प्रकाशित भएको थियो । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा मेरा रचना क्रमश: प्रकाशित हुन थाल्छन् अनि मैले आफ्ना मौलिक कृतिका प्रकाशनतिर कदम चाल्न थालेँ । सन् १९८० मा मेरो पहिलो काव्यकृति ‘युकलिप्टस : आउने पिँढीलाई आशीर्वाद’ काव्यकृति प्रकाशित भएको हो । यस कृतिले भारतेली नेपाली जगत्मा मेरो राम्रो परिचय गरायो । साहित्यका विद्वान्हरूले यस कृतिका आधारमा मलाई ‘अस्मिताका कवि’को उपमा पनि दिए । मेरो दोस्रो काव्यकृति १६ वर्षको अन्तरालमा सन् १९९६ मा प्रकाशित भयो ‘काव्यान्तर’ शीर्षकले । यसका कविताले पनि नेपाली पाठकलाई आकर्षित गर्दछन् । फलस्वरूप यसको दोस्रो

संस्करण नेपालको वाणी प्रकाशनबाट सन् २००३ मा प्रकाशित भयो । तेस्रो काव्यकृति 'मदिरा होइन मेरो पसिना' सन् २००८ मा प्रकाशित भयो भने चौथो काव्यकृति 'मणिकूट' सन् २०२० मा प्रकाशमा आयो ।

साथै म यहाँ के जानकारी दिन चाहन्छु भने मेरा कविताहरू असमीया, बङ्गला, अङ्ग्रेजी र हिन्दी भाषामा अनूदित छुट्टाछुट्टै चारवटा ग्रन्थ प्रकाशित भएका छन्– यथा असमीयामा 'नवसापकोटार कविता' अनुवादक– विष्णु शर्मा नेउपाने, अङ्ग्रेजीमा Rainbow अनुवादक प्रा.ड.शिवनाथ शर्मा, बङ्गालीमा 'नवसापकोटार श्रेष्ठ कविता' अनुवादक– भक्तसिंह ठकुरी, हिन्दीमा 'नव सापकोटा की चुनी हुई कविताएँ' अनुवादक– लक्ष्मण अधिकारी ।

कविताका अतिरिक्त महाकवि लक्ष्मीप्रसाद देवकोटाको अमर कृति मुनामदनलाई नाटक रूप दिएर सन् २००३ मा प्रकाशित गराएथें भने यसलाई स्थानीय विद्यालयमा विद्यार्थीहरूबाट सफल मञ्चन पनि गरेको थिएँ ।

सन् २०२३ मा मेरो साहित्येतर कृति 'प्राकृतिक चिकित्सा : व्यवहारमा' प्रकाशित भएको थियो । हाल मेरो एउटा निबन्ध सङ्कलन प्रेसमा छापिँदै छ भने आफ्नो आत्मकथा लेख्ने क्रम जारी छ ।

मौलिक कृतिका अतिरिक्त मेरा निम्नोक्त चारोटा अनुदित कृति हुन्– १. विष्णुप्रिय मणिपुरी भाषाको कविता सङ्कलन 'लहर'को नेपाली अनुवाद सन् १९९९, २. 'वेदान्तका वाणी' सन् २०००, ३. 'शब्दको आकाश' (उडिया भाषाका) 'वरिष्ठ कवि सीताकान्त महापात्रका कविता' (प्रकाशक साहित्य अकादमी) अनि ४. 'मृत्युञ्जय' (असमीया भाषाको ज्ञानपीठ पुरस्कार प्राप्त

उपन्यास)– लेखक डा.वीरेन्द्रकुमार भट्टाचार्य (प्रकाशक साहित्य अकादमी) ।

मेरा सम्पादित पत्रपत्रिका, स्मृतिग्रन्थ र पुस्तकहरू यस प्रकार छन्–

**पत्रपत्रिकाहरू–**

१. अखिल भारतीय नेपाली भाषा समिति (अभानेभास) असम शाखाको मुखपत्र– 'पूर्वाञ्चल भाषा संवाद' (सन् १९८५–९१),
२. नेपाली साहित्य परिषद्, असमको मुखपत्र 'परिषद् पत्र', अङ्क ३ (सन् १९९४),
३. 'समकालीन नेपाली साहित्य' (सन् १९९५),
४. 'Newsletter' (Assam Human Rights Commission) (सन् २००१),
५. परिवार (मासिक पत्रिका) (सन् २०१५) ।

**स्मृतिग्रन्थहरू–**

१. 'हरिभक्त कटुवाल स्मृतिग्रन्थ' (संयुक्त रूप) (सन् १९८१),
२. अखिल भारतीय नेपाली भाषा समितिको निकासी (असम) अधिवेशनको स्मृतिग्रन्थ (संयुक्त) (सन् १९८६),
३. 'भानु स्मारिका' (सन् १९९४) ।

**सम्पादित पुस्तकहरू–**

१. 'मेरो युद्ध भोलिका लागि' (कविता : सन् १९९५),
२. 'नव सापकोटा सम्पादित आसामेर नेपाली कविता' (बङ्ला भाषामा असमका नेपाली कविताहरू (सन् २००४),
३. 'हरिभक्त कटुवाल रचना सञ्चयन' (प्रकाशक साहित्य अकादमी) (सन् २०१०),
४. 'Laxmi Prasad Devkota : The Mahakavi' (Co-edited) (सन् २०१९)

**पाठ्यपुस्तकहरूको प्रणयन र पुन:परीक्षण–**

मैले असम सरकारको पाठ्यपुस्तक प्रणयन तथा प्रकाशन विभागअन्तर्गत नेपाली माध्यमका २६ थान पाठ्यपुस्तकहरूको प्रणयन र पुन:परीक्षण गर्ने सौभाग्य पाएको छु (सन् २०१०–२०१३ को अवधिमा) ।

**सम्मान पुरस्कारहरू–**

नेपाली भाषालाई भारतीय भाषाको सूचीमा गाभ्नका निम्ति भारतीय नेपालीहरूले छत्तिस वर्षसम्मको सुदीर्घ जनआन्दोलन गरेपछि सन् १९९२ को २० अगस्टका दिन भारतीय संविधानको आठौँ अनुसूचीमा मातृभाषा नेपालीले अन्तर्भुक्ति पाएपछि सम्पूर्ण भारतीय नेपालीहरूमा एउटा खुसीको लहर चलेको थियो र यो तथ्य ठूलो जित प्राप्तिका उत्सवहरू अनुष्ठित हुन थाल्यो; जसमा आन्दोलनका अगुवाहरू भाषा सङ्ग्रामीका रूपमा सम्मानित गरिए । यहाँ उल्लेख्य के छ भने यस ऐतिहासिक आन्दोलनका प्रमुख अगुवा व्यक्तिहरू हुन्– अभानेसासका सभापति प्रेमकुमार आले, सिक्किमका तत्कालीन मुख्यमन्त्री नरबहादुर भण्डारी र भारतीय लोकसभाकी तत्कालीन सदस्य, सदनभित्रकी एक्ली योद्धा श्रीमती दिलकुमारी भण्डारी । उक्त ऐतिहासिक जनआन्दोलनलाई आआफ्ना राज्यमा आभानेसासका नेतृ स्थानीय लडाकूहरूलाई जनाभिनन्दन गरिएको थियो । त्यस लहरमा म र मेरी श्रीमती मुन्नी सापकोटालाई मालीगाउँ, गुवाहाटीमा, अभानेसासबाट (सन् १९९२) र शोणितपुर जिल्लाको बडगाङमा, (सन् १९९३) मा सिक्किम साहित्य परिषद्बाट गान्तोकमा र (सन् १९९५) मा अभानेसासको असम शाखाको फिलोबारी अधिवेशनमा सम्मानित गरिएको थियो ।

सन् १९९४ मा साहित्यिक रूपमा वाशुशशि स्मृति परिषद् र नेपाल पत्रकार सङ्घका तर्फबाट म सम्मानित भएको थिएँ । त्यसै

गरी सन् २००२ मा दिल्ली नेपाली साहित्य संस्कृति मञ्चद्वारा, २००३ मा मा बी.पी. कोइराला भारत नेपाल संस्थानद्वारा बनारसको अधिवेशनमा अनि त्यसै वर्ष असमको सिलचरमा विष्णुप्रिय मणिपुरी अन्तर्राष्ट्रिय अधिवेशनमा, सन् २००४ मा ७७ औँ निखिल भारत बङ्ग साहित्य सम्मेलनद्वारा जमसेदपुरमा, सन् २०११ मा गुवाहाटीमा असमीया जातिको अखिल असम छात्र सङ्घद्वारा अनि सन् २०१३ मा पाण्डुमालीगाउँ बिहु सम्मेलनबाट नागरिक सम्मान प्राप्त भएको थियो । भाषासाहित्यको सेवकका रूपमा सन् १९९७ मा विराटनगर र धरान (नेपाल)मा, सन् २००९ मा मितेरी नेपालबाट सम्मानित, सन् २०११ मा फेरि विराटनगरको साहित्य समारोहमा सम्मानित तथा त्यसै वर्ष मध्यमार्ग सिलगढीबाट सम्मानित भएको थिएँ भने सन् २०१५ मा म्यानमारको गोर्खाली समाजबाट त्यहाँको साहित्य सांस्कृतिक सम्मेलनमा, सन् २०१६ मा नेपालको लमजुङ र पोखरा सहरमा, सन् २०१८ मा काटमाडौँमा नेपाल सरकारद्वारा पालन गरिएको आदिकवि भानुभक्तको २०५ औँ जन्मोत्सवमा तथा सन् २०११ मा गुवाहाटीमा मेरा कविताको बङ्गला भाषामा पुस्तकको विमोचन समारोहमा गुवाहाटीस्थित बङलादेशका कमिसनरबाट भाषा सम्मानले सम्मानित भएको थिएँ ।

**साहित्यिक पुरस्कारहरू–**

भारतीय साहित्य अकादमीको नेपाली परामर्श समितिको (सन् १९९८–२००२) पाँच वर्षका निम्ति सदस्य नियुक्त, नेपाली साहित्य परिषद्, असमको डिगबोई अधिवेशनमा सन् २००१ मा कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार, सन् २००४ मा सुभद्रा कुमारी चौहान शतवार्षिकी सम्मान, सन् २००८ मा अभिजमान सपरिवार सम्मान, सन् २०२२ मा नेपाली साहित्य अध्ययन समिति, कालिम्पोङद्वारा रजत जयन्ती वर्षको पारसमणि पुरस्कार, त्यसै वर्ष पूर्वोत्तर भारत हिन्दी साहित्य अकादमीद्वारा केवली

जमुना सेढाईं स्मृति सम्मान तथा सन् २०२३ मा साहित्य अकादमी भारत सरकारको 'मिट दि अथर सम्मान' ग्रहण गरेको थिएँ ।

**अध्यक्षता गरेका राष्ट्रिय स्तरका कार्यक्रमहरू–**

सन् १९९९ मा गुवाहाटीमा अनुष्ठित साहित्य अकादमीको पूर्व भारत कविगोष्ठी, सन् २००० मा सिक्किमको नाम्चीमा अनुष्ठित साहित्य अकादमीको साहित्योत्सवको एउटा सत्रको अध्यक्षता, सन् २००१ मा साहित्य अकादमीको कलकत्तामा अनुष्ठित कविगोष्ठीको अध्यक्षता, सन् २००८ मा गुवाहाटी (मालीगाउँ)मा साहित्य अकादमी द्वारा अनुष्ठित कविगोष्ठीको अध्यक्षता तथा सन् २००९ मा गुवाहाटीमा बी.पी. कोइराला भारत नेपाल संस्थानको कविता महोत्सवको अध्यक्षता गर्ने मलाई सुअवसर प्राप्त भएको थियो ।

मेरो वक्तव्यको अन्त्यमा यस वर्ष 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार'का निम्ति भारत उपमहादेशको सुदूर पूर्वोत्तर अञ्चलबाट मलाई छनोट गरेकोमा नइ प्रकाशनका सुधी व्यवस्थापकजनप्रति म आन्तरिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यिनै शब्दसित सम्पूर्ण उपस्थित विज्ञजनप्रति हार्दिक श्रद्धा ज्ञापन गर्दै म यो गैरसरकारी साहित्यिक संस्था नइ प्रकाशन (Nai Academy) को अजर अमरता कामना गर्दै शान्ति प्रार्थनाले बिट मार्दछु ।

**ॐ असतोमा सद्गमयः**
**तमसोमा ज्योतिर्गमयः**
**मृत्योर्मा अमृतंगमयः**
**लोका समस्ता सुखेनु भवन्तु**
**ॐ शान्तिः शान्तिः शान्तिः**

दिनाङ्क : ३० चैत २०८०; १२ अप्रिल २०२४ : काठमाडौँ, नेपाल

## नइ ईश्वरवल्लभ पुरस्कारबाट सम्मानित श्री श्रीओम श्रेष्ठको सम्बोधन

कार्यक्रमका सभापतिज्यू, प्रमुख अतिथिज्यू, पुरस्कार प्राप्त गर्नुहुने विशिष्ट साधकज्यूहरू, उपस्थित स्रष्टाहरूमा हार्दिक अभिवादन !

आज यो भव्य समारोहमा एक लाख रुपियाँ राशिसहितको 'नइ ईश्वरवल्लभ पुरस्कार'बाट म पुरस्कृत भएकोमा मैले आफूलाई धन्य भएको ठानेको छु । ईश्वरवल्लभजस्तो नेपाली साहित्यका महान् स्रष्टाको नामको पुरस्कारका लागि योग्य ठान्नुहुने मूल्याङ्कनकर्ता र नइ प्रकाशन परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै मसँगै पुरस्कृत हुनुहुने अनुभव, अध्ययन र योगदानले मभन्दा अग्रज साधकहरूमा हार्दिक बधाई ज्ञापन गर्दछु । यस्तो भव्य र सभ्य समारोहमा मलाई मन्तव्य व्यक्त गर्ने अवसर प्रदान गरेर अर्को सम्मान गर्नुभएकोमा साहित्यसाधक तथा साहित्यकार नरेन्द्रराज प्रसाईज्यू र इन्दिरा प्रसाईज्यूमा हार्दिक आभार व्यक्त गर्दछु ।

कुनै पनि क्षेत्रमा हुने पुरस्कार र सम्मानको आफ्नै गौरव र प्रतिष्ठा हुन्छ । नेपालमा सबैभन्दा धेरै पुरस्कार र सम्मान नेपाली भाषा र साहित्यमा नै रहेको छ । धेरै साहित्यिक संस्था र पुरस्कार भएकै कारणले हुन सक्छ सम्मानको अपमान हुने काम पनि नेपाली

भाषासाहित्यमा नै सबैभन्दा धेरै हुने गरेको छ । पुरस्कार र सम्मानमा हुनसम्म व्यङ्ग्य भएका कतिपय कार्यक्रमको साक्षी म स्वयम् बनेको छु । यस्तो विकृति धेरै ठाउँमा धेरै किसिमले बढिरहेको छ । यस्तो समयमा निष्पक्ष मूल्याङ्कनबाट पुरस्कार दिइँदा पुरस्कार आफैँमा सम्मानित हुन्छ । मलाई लाग्छ, नइ प्रकाशनले विगत पच्चिस वर्षअघिदेखि योग्यको कदर गरेर पुरस्कारको प्रतिष्ठा बढाउने काम गरिरहेको छ ।

भाषासाहित्यमा अधिकांश स्रष्टाहरू लेख्छन् र सन्तुष्ट हुन्छन् । अहिले त अरूलाई लेखाएर सन्तुष्ट हुनेका सङ्ख्या पनि बढिरहेका छन् । तर नरेन्द्र इन्दिरा आफू त लेख्नुहुन्छ, लेख्नुहुन्छ । उहाँहरू अरूलाई पनि लेख्न प्रोत्साहित गरिरहनुहुन्छ । साथै नइले राम्रा लेख्ने र राम्रा काम गर्नेहरूको निरन्तर मूल्याङ्कन गरेर विधागत योगदान पुऱ्याउनेहरूलाई सम्मान पनि गरिरहनुहुन्छ । त्यसैले नइ धेरैका लागि मोतीराम बन्नुभएको छ । धेरैका लागि प्रकाशक बन्नुभएको छ । धेरैका लागि पुरस्कार र सम्मानका माध्यम बन्नुभएको छ ।

नेपाली साहित्यको सिर्जना, साधना र सङ्गठनमा इतिहास बनाइसक्नुभएका नरेन्द्र इन्दिरा जोडीकै कारण अहिलेसम्म १७७ वटा कृति नइ प्रकाशनबाट प्रकाशित भइसकेका छन । भाषा, साहित्यमा समर्पित देशविदेशका ३४३ जना साधकहरू नइ प्रकाशनबाट पुरस्कृत भइसकेका छन् । नइ कीर्ति रत्न अलङ्कारबाट २०१ जना र नइ रजतपदकबाट ४१० जना विभूषित भइसकेका छन् । नइकै कारण नेपाल सरकारबाट माधव घिमिरे राष्ट्रकवि हुनुभएको छ भने सत्यमोहन जोशी वाङ्मय शताब्दी पुरुष हुनुभएको छ । डा.वानीरा गिरीले नेपाली साहित्यका विश्वनारी रत्न र

प्रा.डा.वासुदेव त्रिपाठीले महासमालोचकजस्ता उपाधि पाउनुभयो । त्यस्तै अरू स्रष्टाहरूले पनि यस किसिमका मानहरू पाउँदै आउनुभएको छ ।

नइकै कारण महाकवि लक्ष्मीप्रसाद देवकोटा, कविशिरोमणि लेखनाथ पौडयाल र नाट्यसम्राट् बालकृष्ण समको ढलौटको अग्लो सालिक त्रिभुवन विमानस्थल अगाडितिर चक्रपथमा स्थापना भएको छ । त्यस्तै त्रिनारीरत्न गोमा, प्रेमराजेश्वरी र पारिजातको सालिक स्थापना हुने भएको छ । महाकवि देवकोटाको शतवार्षिकी समारोह, प्रथम अन्तर्राष्ट्रिय नेपाली साहित्य सम्मेलन, विश्वनारी नेपाली साहित्य सम्मेलन आदि नइकै पहलमा भएका छन् । उहाँहरूकै परिकल्पना र संयोजनमा नेपाल सरकारले आदिकवि भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह नेपालका सम्पूर्ण जिल्लामा र विश्वका २७ राष्ट्रमा कार्यक्रम गरेर मनाइएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले बनाएको नौ जनाको मूल समारोह समितिमा मैले पनि सदस्य हुने मौका पाएको थिएँ । त्यही कारण मैले नइसँग वर्षभरि नै सहकार्य गर्ने अवसर पाएको थिएँ । उहाँहरूको काम गर्ने तौरतरिकाबाट म निकै प्रभावित भएको थिएँ र छु ।

नइ प्रकाशनको रजत महोत्सवका अवसरमा नेपाल राष्ट्र बैङ्कले एक सय रुपियाँको सिक्का टकमरी गरेको छ र नेपाल राष्ट्र बैङ्कबाट नेपाली साहित्यिक संस्थाका नाउँमा निकेल धातुमा सिक्का टकमरी भएको यो नै पहिलो अवसर हो । साथै नइको रजत महोत्सवमा नेपाल सरकार हुलाक सेवा विभागबाट दस रुपियाँको हुलाक टिकट प्रकाशित भएको छ । कामको मूल्याङ्कनस्वरूप सरकारी स्तरबाट नइको यसरी कदर हुनु भनेको नेपाली वाङ्मयकै कदर हो ।

विविध अद्‌भुत, ऐतिहासिक कार्य र कार्यक्रमहरू घट्टेकुलोको सानो निवासबाट झन्नै तीन दशकदेखि निरन्तर भइरहेको छ । तर कमलादीको ठूलो ठाउँबाट भने के कस्ता कामहरू भइरहेका छन् भन्ने तपाईं हामीहरू सबै साक्षी छौँ । सरकारी सुविधाले सञ्चालित संस्थाका निम्ति गैरसरकारी संस्थाबाट भएका कामहरू इतिहासमा लिपिबद्ध हुनु योभन्दा ठूलो व्यङ्ग्य अरू के हुन सक्ला र ?

भाषासाहित्यका लागि जसले जुन ठाउँबाट जसरी काम गरेको भए पनि भरिने भण्डार नेपाली भाषासाहित्यकै हो । त्यसैले कसले कहाँबाट कस्तो कार्य गर्‍यो भन्दा पनि त्यसले भाषासाहित्यमा कस्तो प्रभाव पार्छ भन्ने महत्त्वपूर्ण हुन्छ ।

धेरैले आफैँसँग भएको क्षमता पनि थाहा पाउन सकेका हुँदैनन् । यस मामलामा अरूको भूमिका नै विशेष बनेको हुन्छ । त्यसैले भनिन्छ मित्रता असल गुण भएकैसँग गर्नुपर्दछ । यस दृष्टिले पनि नरेन्द्र इन्दिरा अरूको क्षमता थाहा पाउने र उचित मूल्याङ्कन गर्न सक्ने स्रष्टा हुनुहुन्छ ।

म भाषासाहित्यमा कसरी आकर्षित भएँ म आफैँलाई थाहा छैन । म काठमाडौँको नेवार तर मेरो बोली र व्यवहार देखेपछि नचिन्नेहरूले प्राय: सोध्ने गर्छन्– 'तपाईंको पहाड घर कहाँ हो ?'

मैले भन्ने गरेको छु– 'मेरो पहाडघर, तराईघर र काठमाडौँको घर पनि झम्सिखेल नै हो ।'

२०३६ सालमा मेरो कविता 'प्राञ्जल' साहित्यिक त्रैमासिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको थियो । पहिलो कवितासङ्ग्रह २०४५ मा 'ललिता' प्रकाशित गरेको थिएँ । म पहिलेदेखि नै नयाँ

काम गर्न रुचाउँथेँ । २०४६ सालमा सात जनाको सातसातवटा कविता राखेर सातै जनाको भूमिका लेखाउने रहर गरेँ । 'सरगम' नाम राखेको कवितासङ्ग्रहमा नारायण आचार्य, मनरूप नेप्च्युन, विकास अमात्य, वैकुण्ठ विष्ट 'दुःखी, वासुदेवमणि अधिकारी, बालमुकुन्द खनाल र मेरो कविता राखेको थिएँ । त्यसको संयोजन र सम्पादन मैले गरेको थिएँ ।

म साहित्यमा नयाँ र कसैले नचिन्ने थिएँ । तर पनि भूमिका लेखाउन अग्रज स्रष्टाहरूकहाँ गएकागयै गरेर मैले सिद्धिचरण श्रेष्ठ, मोहन कोइराला, रमेश विकल, डा.वानीरा गिरी, मञ्जुल, चेतन कार्की र किशोर पहाडीको भूमिका लेखाएरै छोडेँ । यसका लागि सबैभन्दा धेरै म केदारमान व्यथितकहाँ पुगेको थिएँ तर भूमिका लेखाउन सफल हुन सकिनँ । पारिजातले नयाँ हुनुहुँदो रहेछ लेख्नु त पर्ने हो तर बिरामी छु, शुभकामना छ है भन्नुभयो । भूमिकाकै लागि सिद्धिचरणनिवास ओमबहालमा भने म महिनौँसम्म गएर उहाँका आएका पुस्तक अंश वाचन गरेर सुनाउँथेँ । उहाँ निदाउनुभएपछि म अफिस फर्किन्थेँ । त्यति बेला म न्युरोडको नेपाल बैङ्कमा काम गर्थें ।

त्यस्तै २०५२ सालमा चार जनाको चारचारवटा निबन्ध सङ्कलन गरेर 'संवेदनाका स्वरहरू'को संयोजन र सम्पादन गरेँ । त्यो सङ्ग्रह भीष्म उप्रेती, ज्ञानेन्द्र विवश, युवराज नयाँघरे र मेरो थियो । त्यो हामी सबैको पहिलो निबन्धसङ्ग्रह थियो । भूमिका लेख्नका लागि एक जना वरिष्ठ साहित्यकारलाई दिएको थिएँ । एक वर्षपछि पाण्डुलिपि फिर्ता गरिदिनुभयो । त्यसपछि साहित्यकार डा.शैलेन्दुप्रकाश नेपाललाई अनुरोध गरेँ । उहाँले सहजै लामो भूमिका लेखिदिनुभयो । त्यो सङ्ग्रह यटखाको लेटर प्रेसबाट झन्डै एक वर्ष

लगाएर निकाल्न सकेको थिएँ । त्यसपछि हस्तलिखित पुस्तक निकाल्ने रहर लाग्यो । वि.सं.२०५८ मा लघु कथासङ्ग्रह 'आँखीझ्याल' प्रकाशित गरेँ ।

नेपाली भाषासाहित्यमा लागेपछि मैले सबैको सद्भाव र माया पाएको छु । २०५४ सालमा मेरो पहिलो निबन्धसङ्ग्रह 'अर्थहीन अर्थहरू' प्रकाशित भयो । प्रकाशन कवि तथा गीतकार वसन्त चौधरीले गरिदिनुभएको थियो भने विमोचन वरिष्ठ कवि तुलसी दिवसले आफ्नै घरमा गरिदिनुभएको थियो । सोही सङ्ग्रहले त्यसै वर्षको उत्तमशान्ति पुरस्कार पनि प्राप्त गऱ्यो । मेरो जीवनको पहिलो साहित्यको पुरस्कार पहिलो निबन्धसङ्ग्रहले पाएको थियो । जुन मेरो सधैँको प्रेरणाको स्रोत बनेको छ ।

मैले पाँच कक्षा पढ्दादेखि कोल्डस्टोर चलाएको थिएँ । एसएलसी पास गर्नासाथ पाटन क्याम्पसमा भर्ना भएँ तर लेखापरीक्षकको सहयोगी भएर केही समय काठमाडौँमा काम गरेपछि पाल्पामा काम गर्न गएँ । २०४० सालदेखि नेपाल बैङ्कमा स्थायी सेवा गर्न थालेँ । २०४८ सालदेखि 'मधुपर्क'मा काम गर्न थालेको हुँ । आर्थिक उन्नति गर्ने कि रुचिअनुसारको काम गर्ने भन्ने द्वन्द्वले मैले ३४ औँ दिनमा मात्र नियुक्तिपत्र बुझेको थिएँ । मैले 'मधुपर्क'मा उपसम्पादकदेखि सम्पादकसम्म करिब २४ वर्ष काम गरेँ । 'गोरखापत्र' दैनिकको प्रबन्धसम्पादक र प्रधान सम्पादकमा रहेर करिब चार वर्ष काम गरेँ । हालसम्म मेरा तेह्र कृति प्रकाशित छन् । अठारवटा पुस्तकको सम्पादन गरेको छु भने उन्नाइसवटा पत्रिकाको सम्पादन गरेको छु ।

साहित्य र पत्रकारिताका साथै अलिअलि रङ्गमञ्च, टेलिफिल्म, फिल्म, रेडियो कार्यक्रम, वृत्तचित्र र म्युजिक भिडियो बनाउने

कामको पनि अनुभव सँगालेको छु । साहित्य र सिर्जनायात्रामा म सधैँ रमाउँदै आएको छु । कहिले कसैसँग गुनासो गर्नुपरेको छैन । मलाई लाग्छ, मैले नेपाली साहित्यमा जे गर्न सकेको छु त्योभन्दा धेरै मेरो मूल्याङ्कन भएजस्तो लाग्छ ।

नेपाली साहित्यमा अक्षरका महान् योद्धा ईश्वरवल्लभ । जसले जीवनभरि कालजयी सिर्जनामार्फत नेपाली साहित्यको भण्डारलाई धनी बनाउनुभयो । उहाँको नामको पुरस्कार ग्रहण गरेको विशेष दिनमा म भाषासाहित्यको कुनै पनि कार्यमा इमानदार बनिरहने प्रतिबद्धता दोहऱ्याउन चाहन्छु ।

अन्त्यमा, सत्य कहिल्यै असत्य हुँदैन । असत्य कहिल्यै सत्य हुँदैन । नेपाली भाषासाहित्यमा प्रेरणाका लागि, प्रकाशनका लागि, सरकारबाटै विभिन्न उपाधि प्रदान गर्नका लागि नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाईले गर्नुभएको स्तुत्य कार्य खुल्ला आकाशजस्तै छ । उहाँहरूले गरिरहनुभएको कामको तुलना कहीँ कतैबाट हुन सकेको छैन र हुँदैन पनि । अहिले हाम्रो साहित्यिक समाज कस्तो बनेको छ भने, जो काम गर्न सक्दैन ऊ हल्ला गरेर रमाउँछ । अरूको विरोध गर्न पाउँदा खुसी हुन्छ । तर काम गर्नेहरू भने निरन्तर काम गरिरहन्छन् । कसैको वास्ता नगरेर कामलाई नै सत्य ठान्छन् । कामलाई नै धर्म ठान्छन र कामलाई नै भगवान् ठान्छन् । यस्तै ठान्नेहरू हुनुहुन्छ नरेन्द्रराज प्रसाई र इन्दिरा प्रसाई । नत्र कसरी बन्न सक्थ्यो यति धेरै नेपाली साहित्यका ऐतिहासिक अभिलेखहरू ? हैन र ?

धन्यवाद !

२०८० साल चैत ३० गते

# नइ प्रकाशनबाट यस वर्षका
# पुरस्कृतको परिचय



## श्री नव सापकोटा

(लप्टन देवीप्रसाद प्रसाई, रुद्रकुमारी प्रसाई, नीलिम प्रसाई र खनूपूरुदे 'रामबाबू'का नाउँमा स्थापित दुई लाख रुपियाँ राशिको 'नइ देरुनीख अन्तर्राष्ट्रिय पुरस्कार'द्वारा पुरस्कृत)

